# गौरादह नगरपालिका

## गौरादह, झापा

राजश्व सुधार कार्ययोजना २०७८/७९
(Revenue Improvement Action Plan, 2078/2079)

**परिच्छेद – १ (एक)**
**परिचय**

### १.१ पृष्ठभूमिः

समृद्धि निर्माणको प्रमुख आधार आर्थिक सवलिकरणनै हो । आर्थिक सवलिकरणको प्रमुख र दिगो आधार आन्तरिक आय आर्जनको दिगो र भरपर्दो विकास र व्यवस्थापनले मात्र सम्भव छ । नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई स्थानीय सरकारको रुपमा स्थापित गरेको करिव ५ बर्ष व्यतित हुन लागेको छ । स्थानीय सरकारले स्थानीयबासीलाई स्थानीय तहमा आवश्यक सेवा सुविधा प्रवाह गर्नु प्रमुख कर्तब्य र जिम्मेवारी भएको छ । सबै प्रकारका सेवा प्रवाहकालागि आवश्यक अर्थब्यवस्थाको दरिलो आधार निर्माण गर्नु अहिलेको प्रमुख जिम्मेवारी भित्रको अनिवार्य सर्तहो । दिगो आयआर्जनको मार्ग प्रसस्त गर्न बर्तमान नगरपालिकाको स्थापनापछि अवलम्बन गरिएका कर तथा गैर कर राजशव सम्बन्धी नीति र तीनको कार्यान्वयन समेतको अध्ययन गरी त्यसको सहि व्यवस्थापनको पक्ष तयार गर्न थालिएको ४ बर्ष पुरा गरी पाँचौं बर्षको अन्त्यतीर आईसकेको अवस्था छ । नगरपालिकाले कर तथा गैर कर राजश्वका दायरालाई फराकिलो पार्न राजश्व सुधार कार्य योजनाका साथ सम्भावित राजश्वको प्रक्षेपणका साथमा प्रचलित कानून बमोजिम बजेट, नीति तथा कार्यक्रम प्रस्तावित गर्नुपर्ने कानूनी प्रावधानलाई समेत पुरा गर्न अग्रसर हुन अनिवार्य छ ।

वर्तमान संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहको कार्यजिम्मेवारी निर्धारण गरेको छ । स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको परिपूर्तीका लागि कानूनी रुपमाने संघ तथा प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यबस्था गरिएकोछ । संघ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्ता अनुदानले मात्र स्थानीय तहको विकास निर्माण र सेवा प्रवाहकालागि आवश्यक खर्च पुरा गर्न संभव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको तहगत सरकारबीच बाँडफाँड गरिएको हुँदा संघीय वित्त व्यबस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने गरी राजस्व अधिकार समेत प्रदान गरिएकोछ । अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र संघीय कानून बमोजिम राजस्व बाँडफाँड बापत रकम प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने समेतको कानूनी व्यबस्था गरिएको छ ।

संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेका विकास निर्माण र सेवा प्रवाह सँग सम्बन्धित जिम्मेवारी पुरा गर्नकालागि गौरादह नगरपालिकाकालागि आवश्यक आन्तरिक आय श्रोतको आधार अध्ययन गर्दा बर्तमान आन्तरिक आय सम्भावनाको आधारमा अत्यन्तै न्यून रहेकाले दैनिक प्रशासनिक खर्च धान्न सक्ने अवस्था नरहेको, उपभोक्ता लागत सहभागिता तथा संस्थागत लागत सहभागिता र साझेदारी न्यून रहेको मात्र नभई सार्थक सहभागिताको सुनिस्चितता हुन नसकेको, आन्तरिक श्रोतको पहिचान र नक्साङ्कन (Resource mapping) को अभाव रहेको, नगरपालिकाको सम्पूर्ण सम्पत्तिको अभिलेख राख्न नसकिएको, नगरपालिकाले जारी गरेको आर्थिक ऐन मा गरिएका व्यवस्था बमोजिम समेत राजश्वका दायराहरू परिचालन हुन नसकेको, उद्योग, व्यापार तथा व्यवशायीक प्रतिष्ठान र सर्वसाधारण नगरपालिकाबासिहरू समग्रमा करको दायराभित्र आई नसकेको साथै कर तथा राजश्वको क्षेत्राधिकार सहितका कर तथा राजश्वका क्षेत्र र तीनको पहिचान तथा परिचालनको पर्याप्तता हुन नसेकेको कारण यस नगरपालिकाले बर्तमान ऐन कानून बमोजिम लगाउन तथा उठाउन पाउने कर तथा गैरकर राजश्व सङ्कलन र व्यवस्थापन समेतमा समस्या भोगिरहेको अवस्था छ । उपरोक्त तथ्यहरूका आधारमा विद्यमान सम्भावनलाई आधार बनाएर बर्तमान समस्याहरूको सहज समाधान गर्दै

आन्तरिक आयको हिसावले एक सक्षम नगरपालिकाको रुपमा क्रमिक रुपले स्थापित गर्न कर तथा गैरकर राजश्वका सम्भाव्य सवै दायराको खोजी र विस्तार गर्न तथा सवै सरोकारवालालाई आन्तरिक आय आर्जनमा सहभागि गराएर नगरपालिका प्रतिको जनविश्वासमा बढोत्तरी ल्याउन साथै कर तथा गैरकर राजश्वका दर तथा स्ल्याव सवै सरोकारवालाको क्षमता र विभिदताका आधारमा व्यवहारिक र पारदर्शी बनाएर संबिधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र गौरादह नगरपालिकाको आर्थिक ऐन २०७८ ले स्वीकारेका क्षेत्राधिकार भित्र रहि कर तथा गैर कर राजश्वका दायरा र दरको पहिचान गर्न अनिवार्य भएको छ ।

### १.१.१ कर तथा गैरकर राजश्वको परिभाषा

राज्य सञ्चालन, सार्वजनिक सेवा प्रवाह, सुरक्षा व्यवस्थापन, विकास निर्माण लगायत सार्वजनिक खर्चको व्यवस्थापन गर्न आवश्यक पर्ने आर्थिक श्रोतको बन्दोवस्तीकालागि आफ्ना नागरिक तथा कामदार कर्मचारी, उद्योगि, ब्यापारी तथा व्यवसायीक प्रतिष्ठान, सम्पति धनी, सेवा प्रदायक संघ सस्था बाट अनिवार्य रुपमा सरकारलाई तीर्नु वा बुझाउनु पर्ने गरी निर्धारण गरिएको तिरो, शुल्क वा महसुल बापतको रकमलाई कर भनिन्छ अथवा उत्पादनमुलक वा आयमुलक कृयाकलाप गरेबापत सरकारलाई अनिवार्य रुपमा बुझाउनु पर्ने वा तिर्नु पर्ने सरकारले लगाएको शुल्क रकमलाई कर भनिन्छ । कर वा राजश्व बिना कुनै पनि राज्य सञ्चालन हुन सक्दैनन् । सवै मुलुकका सरकारले देहायका कार्यहरू सञ्चालन तथा व्यवस्थापन गर्न कर तथा गैरकर राजश्व लिने गर्दछन् भने नेपाल पनि यसै परिवेश भित्र समेटिएको छ ।

- सरकारी खर्च व्यवस्थापनकालागि
- राष्ट्रिय तथा स्थानीय शान्ती सुरक्षाकालागि
- सार्वजनिक बस्तु र सेवा व्यवस्थापनकालागि जस्तै शिक्षा, स्वास्थ्य, सरसफाई, सडक बत्ति लगायत
- विकास निर्माणकालागि जस्तै सडक, ढल, नाला, पुल, पुलेसा लगायत
- आर्थिक तथा मानवीय स्रोत विकासकालागि
- समतामुलक समाज निर्माणकालागि धन सम्पतिको वितरण गर्न
- मानिसका हानिकारक आनिबानी वा कृयाकलाप बाट सुधार गर्न वा रोक्नकालागि (रक्सि, चुरोट, जुवातास)

बिश्वका बिभिन्न मुलुकले आ-आफ्नै तौरतरिकाले कर तथा गैरकर राजश्वका आधारहरू तथा दरहरू निर्धारण गर्ने गरेको पाईन्छ । बिश्व भुमण्डलिकरणको बर्तमान परिवेशमा कुनै पनि सरकारले करका दरहरू निर्धारण गर्दा प्रगतिशिल कर प्रणालि अवलम्बन गर्न अनिवार्य छ । प्रगतिशिल कर निर्धारण प्रणालिका मुख्य मान्यता देहाय बमोजिम रहेका पाइन्छन् ।

- कर दाताको क्षमताका आधारमा गरिवलाई भन्दा धनीलाई बढि दर निर्धारण गर्ने
- जसले बढी आम्दानी गर्छ उसैले बढी कर तिर्नु पर्ने मान्यताका आधारमा निर्धारण गर्ने
- ब्यक्तिगत वा संस्थागत आम्दानी वा कारोवारका आधारमा प्रतिसतको हिसावले निर्धारण गर्ने

### १.१.२ कर तथा गैरकर राजश्व सङ्कलन र परिचालनमा नेपालको ऐतिहासिक पृष्ठमूमि

वर्तमान अवस्थामा नेपाल आर्थिक र विकास पूर्वाधारका हिसावले विश्व मान चित्रमा एक विकाससिल राष्ट्रको सूचीमा प्रवेश गर्ने तयारीमा जुटेको भएता पनि कम सहरिकरण र भुपरिवेष्टित मुलुकको रुपमा परिचित छ । नेपाल क्षेत्रफलको हिसावले ९३ औं तथा जनसङ्ख्याको हिसावले ४१ औ नम्बरमा रहेको तथा कुल क्षेत्रफल १४७१८१ स्क्वायर किलो मिटर रहेर यसको २.८ % मात्र भाग पानीले ओगटेको भएता पनि जलसक्ति र प्राकृतिक मनोरम र सम्पदाको हिसावले धेरै महत्वपूर्ण राष्ट्रको रुपमा विश्व मान चित्रमा परिचितछ । वर्तमान अवस्थामा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रुपमा स्थापित भई सकेको यो देसको एकीकरणको पूर्वको ईतिहास करीव २५०० बर्ष पुरानो छ । नेपालको एकिकरण पछिका विभिन्न कालखण्डमा फरक फरक राजनैतिक आस्था र अबस्था सँग नेपालको ईतिहास सिर्जना भएको भएता पनि वित्तीय व्यवस्थापन र परिचालनको अवस्थाको अध्ययन गर्दा पद्दम समशेरको पालामा तयार भएको पहिलो संवैधानिक दस्तावेज नेपाल सरकार बैधानीक कानून, २००४ मा पञ्चायती सभा अन्तर्गत ग्राम, नगर र जिल्ला पञ्चायतको

संवैधानिक व्यवस्था रहेको पाईन्छ । नेपाल सरकार बैधानिक कानून २००४ कार्यान्वयनमा नआएको भएतापनि संबैधानिक रुपमै ग्राम, नगर र जिल्ला पञ्चायतको व्यवस्था हुनु तथा तीनले गर्ने काम कारवाहिको क्षेत्र समेतको परिकल्पना गर्नु विकेन्दीकरणको मर्म र भावनालाई तात्कालिन राणा शासकले समेत स्वीकार्न खोजेको अनुभूत गर्न सकिन्छ ।

नेपाल विकासको ऐतिहासिक क्रमसंगै सरकारले जिल्ला पञ्चायतलाई दिएको अनुदानको आधा हिस्सा ग्राम र नगर पञ्चायतलाई दामासाहीले बाँड्नु पर्ने र खर्च गर्नु पर्ने तथा नगर पञ्चायत ऐन २००६ जारी हुँदा नगरपालिकाहरू लाई घर जग्गामा बार्षिक कर लिने, घरजग्गा बहाल कर, व्यवसाय कर, सवारी दस्तुर, पानी कर, सार्वजनिक सम्पती (बाटो, पुल, अस्पताल आदि कर) साथै नक्सा पासका बारेमा समेत उल्लेख गर्नुले स्थानीय स्तरमा आय आर्जनका खुट्किलाहरूको व्यवस्थापन गर्न थालेको पाईन्छ । नेपाल सरकार अन्तरिम शासन विधान, २००७ ले राज्यले ग्राम पञ्चायतहरू खडा गरी तिनलाई स्वयत्त शासित संस्थाको रुपमा काम गर्न आवश्यक अधिकार दिनु पर्ने कुराको सिफारीस गर्नु, २००९ सालमा गठीत बुच आयोगले अधिकार प्रत्यायोजन र विकेन्द्रीकरणको आवश्यकता औल्याउनु, २०१३ सालमा गठित टंक प्रसाद आचार्य संयोजकत्वको प्रशासन पुनरगठन योजना आयोगले प्रशासनिक विकेन्द्रीकरणका लागि जिल्ला, गाउँ र ब्लकको सिफारीस गर्नु, वि.सं. २०१९ सालमा नगर पञ्चायतलाई घरधुरी कर र बहाल कर लगाउने अधिकार दिईनु, २०२२/०२३ सालमा स्थानीय कर पुनरावलोकन गरिनु, आ.व. २०३३/०३४ मा व्यापार कर ०.५ प्रतिशत लिन पाउने व्यवस्था गरिनु साथै उक्त ब्यापार करलाई २०४५ सालमा चुंगीकरको रुपमा स्थापित गरी १ % पुर्‍याईएर स्थानीय तहलाई आर्थिक सवलिकरण तर्फ उन्मुख गराउनु नेपालको ईतिहासमा स्थानीय राजश्व परिचालनका प्रमुख मार्गहरूको रुपमा चित्रित गर्न सकिन्छ ।

वि.स. २०३२ सालमा गठीत प्रशासन सुधार आयोग समेतको सिफारीसका आधारमा विकेन्द्रीकरण ऐन, २०३९ जारी जारी गरि स्थानीय निकायहरूलाई जिल्ला स्तरीय विकास कार्यको संचालन गर्ने उत्तरदायित्व तत्कालिन स्थानीय पञ्चायतको हुने र विकाससँग सम्बन्धित कृषि, शिक्षा, स्वास्थ्य वन आदि मन्त्रालयका जिल्ला स्तरीय कार्यालयहरू जिल्ला पञ्चायत सचिवालयका शाखाको रुपमा स्थापित हुने व्यवस्था गरेको थियो । उक्त काम सम्पादन गर्न स्थानीय निकायहरूलाई कर, दस्तुर, शुल्क लगाउने अधिकार यस ऐनले प्रदान गरेको थियो भने गाउँ तथा नगर स्तरमा पञ्चायत विकास तथा जग्गा कर सर्वसंचित कोषमा ५ प्रतिशत, जिल्ला पञ्चायतमा १५ प्रतिशत र बाँकी सम्बन्धित गाउँ तथा नगरलाई दिने व्यवस्था गरेको पाईन्छ ।

वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना पश्चात स्थानीय निकायलाई थप सुदृढ बनाउन साविकका गाउँ, नगर तथा जिल्ला पञ्चायत ऐनलाई खारेज गरी गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समिति ऐन २०४८ जारी गरीयो । यी ऐनहरूमा स्थानीय निकायहरूलाई विभिन्न करहरू लगाउने क्षेत्राधिकारको व्यवस्था गरिएको थियो । तात्कालिन प्रधानमन्त्री गिरीजाप्रसाद कोईरालाको अध्यक्षतामा गठित उच्च स्तरीय प्रशासन सुधार आयोग, २०४८ ले केन्द्रीय सरकारले स्थानीय निकायलाई अधिकार, कार्य जिम्मेवारी र श्रोत साधन निक्षेपण गर्न सिफारीस गरेको, आ.ब. २०५३/०५४ देखि मालपोत उठाउने अधिकार गाउँ विकास समिति र नगरपालिकाहरूलाई दिईएको, वि.सं. २०५३ सालमा शेरबहादर देउवाको अध्यक्षतामा गठित उच्चस्तरीय विकेन्द्रीकरण समन्वय समितिको प्रतिवेदन अनुसार स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावलीको २०५६ व्यवस्था गरिनुले नेपालको संबैधानीक विकास क्रम संगै प्रजातन्त्रको पुनरस्थापना सम्म आईपुग्दा स्थानीय सरकार संचालन र व्यवस्थापनका लागि आवश्यक आन्तरिक राजश्वको व्यवस्थापनकालागि समयानुकूल करका दर अनी दायराहरूलाई फराकिलो पार्दै स्थानीय तहलाई आत्मनिर्भर बनाउने तर्फ प्रयासहरू भई रहेको देखिन्छ ।

साविकका स्थानीय निकायहरूलाई स्वायत्तताको हिसावले क्षमतावान बनाउन अधिकार निक्षेपणको सिद्धान्तका आधारमा राजश्वका श्रोत तथा राजश्व बाँडफाँडका बिषयलाई थप गरी एकीकृत रुपमा स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ को व्यवस्था गरियो । तर उक्त ऐन तथा नियमावली मार्फत साविक स्थानीय निकायलाई अधिकार सम्पन्न गरिनु पर्ने आवश्यकतालाई केहि हद सम्म संकुचन गर्दै केन्द्रबाट राजश्व बाँडफाँड घरजग्गा रजिष्ट्रेशन, विद्युत रोयल्टी आदि तल्लो तह गाउँ विकास समिति तथा नगरपालिकामा बाँडफाँड गर्नु पर्ने व्यवस्था नगरे पनि जिल्लाले सम्बन्धित नगरपालिकाका क्षेत्र बाट उठाएको ऊन, खोटो, जडिबुटी, कवाडी माल, ढुंगा, स्लेट, बालुवा तथा प्रचलित

कानूनले निषेध नगरिएका मृत जिवजन्तुको हाड सिंग, खुर आदि बाट संकलित रकमको ३५ देखी ५० प्रतिशत सम्बन्धित गाउँ विकास समिति र नगरपालिकालाई दिनुपर्ने व्यवस्था गरेको पाईन्छ । यतिमात्र हैन स्थानीय निकायलाई ऐनले तोकिदिएका जिम्मेवारीहरू पुरा गर्न हरेक बर्ष नेपाल सरकारबाट शसर्त र निशर्त अनुदान उपलब्ध गराउने समेतको ब्यवस्था गरिएको छ । यस्तो अनुदान बाहेक खानी, बन, विद्युत, पर्यटन, रजिष्ट्रेशन जस्ता क्षेत्रबाट संकलित राजश्वको निश्चित प्रतिशत स्थानीय नियकायलाई दिने समेतको ब्यवस्था देखिन्छ । वर्तमान संबिधान २०७२ को कार्यान्वनयले संघीय संरचनालाई स्थापित गरी संघ, प्रदेश र स्थानीय गरी ३ तहको सरकारको ब्यवस्था गरिसकेको बर्तमान अबस्थामा सो अधिकार समेत स्थानीय तहमा नै हस्तान्तरण गरिनुले वर्तमान स्थानीय तह अधिकार सम्पन्न भई स्थानीय सरकारको रुपमा स्थापित हुने क्रमको सुरुवात भएकोछ भने संबिधान प्रदत्त अधिकारको प्रयोग र व्यवस्थापनको माध्यम बाट स्थानीय ऐन र नियमको समेत तर्जुमा गरी स्थानीय तह आफैले सङ्कलन गर्न पाउने कर तथा राजश्वका क्षेत्रलाई थप फराकिलो, बैज्ञानीक तथा क्रमिक रुपले प्रगतिशिल बनाउदै क्षमतावान स्थानीय सरकारको रुपमा स्थापित र विकासित गर्न प्रयास भईरहेका छन् । यति मात्र हैन राजश्व सङ्कलन र परिचालनका विषयमा वर्तमान अवस्थामा तीन तहका सरकार बिच देखिएका नीतिगत एवं व्यवहारिक कठिनाई तथा समस्याहरूको क्रमिक रुपमा निराकरण गर्दै स्थानीय तहको आन्तरिक श्रोत परिचालनको अवस्थालाई अझ बढी व्यवहारिक, न्यायोचित र पूर्वानूमानयोग्य बनाउन यसका प्रमुख आधारहरूलाई सहभागितामुलक प्रकृया बाट अध्ययन तथा विश्लेषण गरी नतिजाको आधारमा आवश्यक कार्यान्वयन योग्य नीति तर्जुमा र संस्थागत गर्न थप प्रयसका कार्यले समेत थप उत्साह र विश्वास जगाएको अवस्था छ ।

नेपालको संबिधान २०७२ कार्यान्वयन संगै भएको राज्यको पुन संरचनाका आधारमा बदलिएको बर्तमान परिवेशमा स्थानीय तहले पालना गर्नु पर्ने न्युनतम शर्तहरू तथा उनीहरूको कार्य सम्पादन क्षमताको आधारमा उपलब्ध गराउने अनुदान समेतलाई नियमित गर्न संघीय सरकारले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ समेत तयार गरी पहिलो पटक राजश्व बाँडफाँड र वित्तीय समानिकारण अनुदानको स्पष्ट मार्ग चित्र सहितको बजेट निक्षेपणको दिगो वातावरणको थप विकास गरेको छ । यस नगरपालिकाका जनप्रतिनिधि, समय समयमा समाजिक संघ संगठनका प्रतिनिधि, राजश्व परामर्श समिति लगायतका सरोकारवाला सँग ब्यक्तिगत तथा सामुहिक रुपमा गरिएका परामर्श तथा छलफल बाट प्राप्त सुझावका आधारमा यस प्रतिवेदनमा प्रस्ताव गरीए बमोजिमका कर तथा गैरकर राजश्वका दर रेटहरू कायम गर्न एवम् सुझावहरू कार्यान्वयन गर्न सके गौरादह नगरपालिकालाई एउटा व्यवस्थित र समृद्ध नगरपालिकाको रुपमा स्थापित गर्न सकिने कुरामा दुई मत हुन सक्दैन ।

राजस्व सम्बन्धी वर्तमान स्थिति अध्ययन, विश्लेषण गरी राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरूको पहिचान गर्ने, समग्र राजस्व प्रशासनलाई सुदृढ गर्ने तथा सो बमोजिम आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गर्ने प्रयोजनका लागि १ नं. प्रदेश अन्तर्गत झापा जिल्लाको गौरादह नगरपालिकाले यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) प्रतिवेदन तयार गरेको हो । प्रदेश सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा नगरपालिकाले तयार गरेको यस राजस्व सुधार कार्ययोजनाले नगरपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्नुका अतिरिक्त नगरपालिकाको आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउने छ । यस प्रतिवेदनमा निम्न विषयवस्तुलाई समेटिएको छ :

१. राजस्व सुधार कार्ययोजनाको औचित्य, उद्देश्य तथा तयारी विधि
२. नगरपालिकाको संक्षिप्त परिचय सहितको बस्तुस्थिति विवरण
३. स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता
४ आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलनको अवस्था
५. राजस्व सुधार कार्ययोजना
६. आगामी ३ वर्षको आय प्रक्षेपण
७ निष्कर्ष तथा सुझाव

## १.२ राजश्व सुधार कार्ययोजनाको औचित्य

पृष्ठभूमिमा उल्लेख गरिए बमोजिम स्थानीय सरकारको हैसियतमा जिम्मेवारी निर्वाहा गरिरहदा गौरादह नगरपालिकाको वढ्दो खर्च धान्न तथा विकास निर्माण र सेवा प्रवाहका कार्यमा सहजता ल्याउन वर्तमान आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नुपर्ने आवश्यकता अपरिहार्य बन्न पुगेको छ । यसका लागि नगरपालिकाको राजस्व अधिकारका संभावनाहरूको खोजी गर्ने, संभाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यबस्थापकीय सुधारका उपायहरू पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयाशका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजनाको अपरिहार्यता छ । यसै सन्दर्भमा नगरपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनकोलागि राजश्व सुधारका कृयाकलापहरू पहिचान गर्न र पहिचान गरिएका कृयाकलापहरूको कार्यान्वयनबाट नगरपालिकाको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्ने कार्यलाई मार्गदर्शन गर्न यो राजश्व सुधार कार्ययोजना तयार गरिएको छ । यस कार्ययोजनाको उपयोगबाट गौरादह नगरपालिकालाई आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजश्व प्रक्षेपणलाई यथार्थपरक र बैज्ञानिक बनाई वजेट तर्जुमा प्रकृयालाई थप व्यबस्थित गर्न मद्यत मिल्नेछ ।

बर्तमान संबिधानले प्रत्यायोजन गरेको अधिकार क्षेत्रका आधारमा स्थानीय सरकारको हैसियतमा स्थानीय तहले स्थानीयबासिहरूका आवश्यकता पुरा गर्न तथा सेवा र सुविधा प्रवाह गर्न आर्थिक रुपले सक्षम र सुदृढ हुन अनिवार्य छ । स्थानीय तहको आम्दानी मूख्यत बाह्य श्रोतमा निर्भर रहेको पाईन्छ भने आन्तरिक आय आर्जन सामान्य रुपले भएको पाईन्छ जस बाट यो पालिका पनि मुक्त हुन सकेको छैन । नेपालको विकास कमको अवस्थाको विश्लेषण गर्दा आजको अवस्था सम्म आईपुग्दा समेत सवै जसो स्थानीय तह बाह्य स्रोतमानै बढि निर्भर रहिरहेको अवस्था छ । जबसम्म स्थानीय स्रोत र साधनको सहि परिचालन बाट आन्तरिक आय बलियो र दिगो हुँदैन स्थानीय स्तरमा हुनु पर्ने विकास निर्माणका कार्यमा जनसहभागिता अधिक न्यून रहने साथै सञ्चालनमा रहेका योजनाहरू अधुरा, अस्थायी र असम्भव हुन्छन् । तसर्थ गौरादह नगरपालिकाले आधारभुत तहको सरकारको रुपमा कृयाशिल रहि स्थानीय अधिकार क्षेत्रको पूर्ण सदुपयोग गरेर आवश्यकता बमोजिम स्थानीय कानून समेत निर्माण गर्दै जनताको चाहान बमोजिम जनताकै सहयोग र सहभागितामा कर तथा गैरकर राजश्वको बलियो र दिगो आधार निर्माण गर्न अनिवार्य भएको छ ।

संविधान र कानूनबाट वित्तीय स्रोत साधनमाथि उल्लेख्य अधिकार प्राप्त भएको लामो समयसम्म पनि आन्तरिक स्रोत तथा राजस्व परिचालन कमजोर रहने र संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदानमा नै निरन्तर भर पर्नुपर्ने अवस्था भएमा स्थानीय सरकारको स्वायत्तता तथा दीगोपनमा प्रश्न उठ्न सक्ने सम्भावनाको अन्त्य गर्न, स्थानीय सरकारले प्राप्त गरेका अधिकार क्षेत्रमा समयमै आन्तरिक राजस्वको संभाव्यता अध्ययन गरी कानुनसम्मत रुपमा राजस्वको क्षमता विस्तार गर्दै जान, आन्तरिक आय परिचालन गर्न प्राप्त अधिकारलाई ऐनको प्रावधान अनुसार न्यायोचित र व्यवस्थित तरिकाले पूर्णरुपमा परिचालन गर्न, स्थानीय सरकारलाई आवश्यक नीति, ऐन तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्क विवरण तयारी, आन्तरिक आयका स्रोतहरुको सम्भाव्यता अध्ययन, अभिलेखन तथा नियन्त्रण प्रणाली आदिको स्थापना तथा अभ्यासलाई व्यवस्थित र प्रभावकारी बनाउन, स्थानीय सरकारका निर्वाचित पदाधिकारी, कर्मचारी तथा अन्य सरोकारवालालाई राजस्व परिचालन बारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न, राजस्व सुधारको समस्या तथा चूनौतिको पहिचान गरी तीनको सहज समाधानका उपायहरूको खोजी गर्न, राजस्व प्रक्षेपणलाई सकेसम्म यथार्थपरक बनाउन, प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रममा लगानीको आँकलन गर्न सहज बनाउने आधार निर्माण गर्न राजश्व सुधार कार्ययोजना स्थानीय तहकालागि अति आवश्यक आधारको रुपमा रहेको कायर यो कार्ययोजना तयार गरिएको छ ।

## १.३ कार्ययोजनाले राखेका उद्देश्यहरू

गौरादह नगरपालिकाले तयार गरेको यस राजश्व सुधार कार्ययोजनको मूख्य उद्देश्य संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐन समेतका प्रचलित ऐन कानूनले दिएको अधिकार क्षेत्र भित्र रहि कर तथा गैर कर राजश्वका दायरालाई फराकिलो पार्दै आन्तरिक आयको हिसावले कमिक रुपमा आत्मनिर्भर हुँदै जाने तथा सम्भावित राजश्वको अधिकतम

यथार्थतामा आधारित प्रक्षेपण गरी सोही आधारमा बजेट, नीति तथा कार्यक्रम प्रस्तावित गर्नुपर्ने कानूनी प्रावधानलाई कार्यान्वयन गर्ने रहेको छ भने यस योजनाका सहायक उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।

- नगरपालिकाको आय अधिकार तथा सुधार योजना सम्बन्धमा प्रमुख, उपप्रमुख, वडाअध्यक्षहरू, राजस्व परामर्श समितिका सदस्यहरू, शाखा प्रमुखहरू, राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू, प्रमुख राजनीतिक दल तथा उद्योग वाणिज्य संघका प्रतिनिधि र अन्य सरोकारवालाहरूसँग अन्तरसम्बाद गरी सम्भावना, अवसर, समस्या र चुनौतिको खोजि गर्ने
- शीर्षकगत रुपमा करका आधार तथा विगत दुई वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने
- आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने
- नगरपालिकाको आन्तरीक आय आर्जनका थप श्रोतहरूको पहिचान गर्ने
- श्रोतको दोहन, परीचालन र व्यवस्थापनमा देखापरेका समस्याहरूको व्यवस्थापनकालागि मार्ग खोजि गर्ने
- वर्तमान अवस्थामा राजश्व अभिबृद्धिका लागि गर्नसकिने कार्यहरूको पहिचानका साथ राजश्व सुधार योजना तयार पार्ने
- राजश्वका क्षेत्र र दायराको अध्ययन गर्ने
- आन्तरीक श्रोतलाई पूर्वानुमानयोग्य बनाउने
- कर तथा गैर कर राजश्वको दर र दायरालाई फराकिलो र भरपर्दो पार्ने
- वर्तमान संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई दिएका अधिकारहरूको पूर्ण कार्यान्वनयको वातावरण सृजना गर्न संविधान र प्रचलित ऐनको मुल मर्म र भावना बमोजिम राजश्वका श्रोतहरूको व्यवस्थापन तथा कार्यान्वयन गर्ने
- राजश्वको सहि प्रक्षेपणबाट विकास आयोजनाहरूको समयमा कार्यान्वयन गर्न सक्ने वातावरण तयार पार्ने
- ठेक्काद्वारा बन्दोबस्त गर्ने राजश्वका श्रोतहरूको न्यूनतम ठेक्का अङ्क निर्धारण गर्न सहज बनाउने
- बैज्ञानिक र प्रगतिसिल कर प्रणालीलाई व्यवहारिक रुपमा कार्यान्वयनमा ल्याउने
- सम्पती करको दुरगामी सकारात्मक प्रभावलाई स्थापित गर्ने आधार निर्माण गर्नु
- राजस्व प्रशासनको संस्थागत व्यवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने
- नगरपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढिकरण कार्ययोजना तयार गर्ने
- आयका नयाँ सम्भावनाहरूको पहिचान गर्दै नगरपालिकाले अपनाउनुपर्ने आय सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने

## १.४ योजना तर्जुमा विधि र प्रक्रिया

यो अध्ययन गौरादह नगरपालिकाले यसभन्दा अगाडी कर, गैरकर राजश्वका सवालमा अवलम्बन गरेका नीति, योजना तथा कार्यक्रमको प्रभावकारीता अध्ययन गरी तथा चालु आर्थिक बर्ष लगायत भविश्यमा यसको बृद्धिका अवसर समेत प्रयोगमा ल्याउन सक्ने कर तथा गैरकर राजश्वका क्षेत्रहरूको पहिचान गरी यासको दायरालाई फराकिलो बनाउने प्रयासमा केन्द्रित रहेको छ । राजश्व सुधार योजनाका साथ राजश्वको सम्भाब्यता अध्ययन गर्दा प्रथम तथा दित्तिय स्तरका तथ्याङ्कहरूलाई प्राथमिकता दिदै अध्ययनकालागि सम्भाब्य सवै उपाय र विधिहरू प्रयोगमा ल्याईएको छ । अध्ययन अनुसन्धानमा प्रयोग हुने विधिहरू धेरै भए पनि यस अध्ययनमा आवश्यकता, सरलता र समय सिमा समेतका हिसावले देहाय अनुसारका विधिहरूको प्रयोग गरी यस नगरपालिकाको कर तथा गैर कर राजश्वका क्षेत्रहरूको विश्लेषण गरी प्राथमिकताका क्षेत्रहरूको समेत पहिचान गरी प्रतिवेदन तयार गरिएको छ ।

### १.४.१ सरोकारवालाहरू सँगको अन्तरक्रियाः

स्थानीय तहमा विद्यमान बस्तुस्थितिको विश्लेषण र मुल्याङ्कन समेत गरी स्थानीय तहको कर तथा गैरकर राजश्वका क्षेत्राधिकारहरूका आधारमा सम्भावित श्रोतहरूको वास्तविक अवस्था र स्थानीयबासीको क्षमता समेतका आधारमा

कर तथा गैरकर राजश्वका दर हरू निरोपण गर्न सम्बन्धित सरोकारवालाको महत्वपूर्ण भुमिका रहने गर्दछ । विभिन्न स्थानीय तहमा भईरहेका अभ्यास समेतका आधारमा यस अध्ययनको क्रममा गौरादह नगरपालिकाले आगामी दिनमा सङ्कलन गर्न सक्ने कर तथा गैरकर राजश्वका क्षेत्रहरू पहिचान गर्नका लागि जनप्रतिनिधि, राजश्व परामर्श समितका पदाधिकारी, लक्षित समुह र सरोकारवालाहरूसँग छलफल गरी प्रत्यक्ष रुपमा सुझाव सङ्कलन गरिएको छ

### १.४.२ तथ्याङ्क/सूचना सङ्कलन फारम तथा सूची विकास

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषणकालागि आवश्यक पर्ने तथ्याङ्क/सूचना सङ्कलनकालागि आवश्यक फारमहरूको विकास गरिएको

### १.४.३ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन

गौरादह नगरपालिकाले स्थानीय सरकारको हैसियतमा कार्य सञ्चालन गरेको करिव ५ बर्ष व्यतित हुन लागेको भएता पनि प्रारम्भमानै घरपरिवार, भौगोलिक स्वरुप र संस्थागत सर्वेक्षणका माध्यम बाट यस नगरपालिकाको वास्तविक तथ्याङ्क/विवरण तयार पार्ने कार्यलाई पूर्णता दिन भने सकेको पाईएन । यस नगरपालिकाले तयार पारेको प्रोफाइल, आफ्नो स्थापनाकाल देखिनै कर तथा गैर कर राजश्वका क्षेत्र र तीनमा आधारित पारिवारिक तथा संस्थागत अनुमानित विवरणहरू, चालु आ.व. मा अवलम्बन गरेका दायरा र स्ल्याव, नगर कार्यपालिकाका सम्बन्धित शाखाहरू बाट उपलब्ध गराईएका विवरणहरू र अध्ययनको सिलसिलामा स्थानीय उद्योग बाणिज्य संघका प्रतिनिधि र स्थानीयबासी बाट प्राप्त सुझाव र विवरणहरूलाई समेत सहायक तथ्याङ्कको रुपमा यस अध्ययनको क्रममा स्वीकारिएकोछ ।

#### १.४.३.१ छिमेकी गाउँपालिका तथा नगरपालिकाहरूको अध्ययन

यस अध्ययनको सिलसिलामा मोरङ, झापा, र सुनसरी जिल्लाका विभिन्न गाउँपालिका र नगरपालिकाले कर तथा गैर कर राजश्व सुधारका क्षेत्रमा अवलम्बन गरेका नीति तथा कार्यक्रम, राजश्व सुधारका विषयमा गरिएको सफल प्रयास साथै निर्धारण गरेको दर रेट समेतलाई सन्दर्भ सामाग्रिको रुपमा स्वीकारिएको छ ।

#### १.४.३.२ अवलोकन

अध्ययनधको क्रममा सम्पूर्ण रुपले सवै क्षेत्र र तहमा स्थालगत अध्ययन गर्न नसकिएता पनि यस नगरपालिकाको मूख्य बजार क्षेत्र लगायत केहि महत्वपूर्ण स्थान र क्षेत्रहरूको अवलोकन गरी स्थानीयबासीहरू सँग बस्तुगत स्थितिको जानकारी लिने काम गरिएको छ ।

### १.४.४ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यक्रम

राजस्व सुधार कार्ययोजना तर्जुमाकोलागि पूर्व निर्धारित कार्यक्रम अनुसार परामर्शदाताको टोलीले २०७८ साल माघ १८ गते नगरपालिकाको सभाहलमा नगरपालिकाका प्रमुख, उपप्रमुख, वडाअध्यक्ष, राजश्व परामर्श समितिका पदाधिकारी, पालिकाका सम्बन्धित शाखा, उपशाखा तथा ईकाइमा कार्यरत कर्मचारीहरू, उद्योग बाणिज्य संघका प्रतिनिधिसँग नगरपालिकाले वर्तमान अवस्थामा कुन कुन कर तथा गैर करका शिर्षकहरू अन्तर्गत आन्तरिक आय सङ्कलन गरिरहेको छ, स्थानीय तहको राजस्व अधिकारका सैद्धान्तिक तथा कानुनी र प्रशासनिक पक्षहरू के के रहेका छन्, गौरादह नगरपालिकाको विद्यमान अवस्था, राजस्व सुधार कार्ययोजनाको प्रतिवेदन तयारीका लागि आवश्यक पर्ने सूचनाहरूको आवश्यकता र सङ्कलन प्रकृयाका बारेमा छलफल गरिएको

### १.४.५ राजस्व सुधारका उपायहरू खोजी र नगरपालिकाका राजश्वका दर दायराहरूको निर्धारण

कार्यक्रमको दोस्रो चरण अन्तरगत मिति २०७८ साल चैत्र ११ गते सुक्रबारका दिन नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, राजश्व परामर्श समितिका पदाधिकारी, विषगत शाखाका कर्मचारी, गौरादह उद्योग बाणिज्य सँघका अध्यक्ष समेतको सहभागितामा नगरपालिकाको राजस्व सुधारका उपायहरू खोजी गर्दै यसकालागि गर्नुपर्ने क्रियाकलापहरू पहिचान गरिएको थियो भने सहभागीहरूलाई ५ वटा समूहमा विभाजन गरी कार्ययोजना बनाउन र आन्तरिक आय प्रक्षेपणको कार्यलाई सकेसम्म यथार्थपरक बनाउने गरी चालु बर्षमा अवलम्बन गरिएका नीति कार्यक्रम साथै निर्धारण गरिएका दर रेट र सो सम्बन्धी व्यवस्थालाई समेत आधार मानेर

प्रगतिशिल कर प्रणालीको थालनि स्वरुप स्थानीय कर तथा गैर कर राजश्वका सम्भावित दर रेट निर्धारण गर्न समूह कार्य गराइएको थियो भने राजश्व सुधार योजनाको मस्यौदा समेत प्रस्तुत गरिएको थियो । समूहले गरेका कार्य देहाय बमोजिम रहेका थिए ।

- राजस्वका शिर्षकगत दर, दायरा तथा प्रक्षेपण
- कर राजस्व सुधार योजना
- गैरकर राजस्व सुधार योजना (नयाँ क्षेत्र समेत)
- राजस्व प्रशासन (आयको लगत अभिलेख तथा सङ्कलन, संगठन र समन्वय)

समूहगत रुपमा वर्तमान संविधान, संघीय तथा प्रादेश कानून र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गरेका व्यवस्था अन्तर्गत कर, शुल्क, सेवा शुल्क, दस्तुर सम्बन्धी व्यवस्था भए बमोजिमका दायराहरू समेतलाई प्राथमिक आधार मानेर राजश्वका दायराहरू निर्धारणको आधार निर्माण गरिएको छ भने केहि दरहरू स्थनीय अवस्था र क्षमताका आधारमा नगरपालिकाकाले स्थानीय ऐन र नियमको समेत व्यवस्था गरी प्रदेश कानून बमोजिम निर्धारण तथा प्रक्षेपण गर्ने प्रयास गरिएकोछ । मुख्य गरी स्थानीय तहको आन्तरिक आयको दरिलो श्रोतको रुपमा स्वीकारिएको सम्पति करका बारेमा विद्यमान दुविधा अन्त्य गर्ने र व्यवस्थित रुपमा कार्यान्वयन गर्ने प्रयास गरिएको छ । कार्यक्रमको सिलसिलामा राजश्व सुधार योजना तर्जुमा गर्दा अवलम्बन गरिनु पर्ने आधारका रुपमा समूगत रुपमा निस्किएको निष्कर्ष देहाय बमोजिम रहेको थियो ।

- सम्भावित करका दायराहरूको खोजी र विस्तार गरी सम्पूर्ण करदाताहरूलाई करको दायरामा ल्याउने
- कर तथा राजश्वका दर रेट निर्धारण गर्दा प्रगतिशिल कर प्रणालि अवलब्मन गर्ने
- कर सङ्कलनकालागि सबै वडाहरूमा शिविर सञ्चालन गर्ने
- सम्बन्धित आन्तरिक राजश्व कार्यालय सँग समन्वय गरी पान नम्बर नभएका व्यक्ति, सम्पति धनी, व्यापारी, व्यवसायी लाई पान नम्बर प्राप्त गर्ने फर्म नगरपालिकाले नै भरेर सम्बन्धित निकायमा पठाउने
- उद्योग वाणिज्य संघ समन्वय इकाई गठन गरी व्यवसायीहरूसंग समन्वय गर्ने
- सवै वडामा साथै विशेष गरी दुर्गम वडाहरूमा करदाता शिक्षा, सहयोग र अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने
- कर्मचारीको मनोबल वृद्धि गर्न पुरस्कार तथा दण्डको व्यवस्था गर्ने
- नयाँ करका दायराको पहिचान गरी कार्यान्वयन तर्फ जोड दिने
- घर ठेगाना व्यवस्थापन प्रणाली लागु गर्ने

**१.४.६ तथ्याङ्क/सूचना सङ्कलनः**

अध्ययनका क्रममा परामर्शदाताद्वारा नगरपालिकाका विभिन्न शाखाहरू, सरोकारवाला पक्षहरू, स्थलगत भ्रमण तथा अवलोकनबाट आवश्यक सूचनाहरू सङ्कलन गरिएको थियो । अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्याङ्क एवं सूचनाहरू सङ्कलन गरियो :

- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- बिगत दुई वर्षको यथार्थ र चालु वर्षको अनुमानित आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक आय सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय सङ्कलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना

**१.४.७ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी**

समूहगत छलफल, अध्ययनबाट प्राप्त तथ्याङ्क तथा सुचनाहरूलाई विभिन्न तथ्याङ्कीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरि राजस्व सुधार कार्ययोजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको

### १.४.८ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश

मस्यौदा प्रतिवेदन कार्यक्रमका मुख्य सरोकारपक्षहरू नगरपालिका समक्ष आवश्यक सुझाव तथा सल्लाहका लागि पेश गरिएको

### १.४.९ अन्तिम कार्यशाला गोष्ठीको आयोजना

नगरपालिकाको सभाकक्षमा **"राजस्व सुधार कार्ययोजना तर्जुमा"** मस्यौदा प्रतिवेदन प्रस्तुती तथा छलफल कार्यक्रम आयोजना गरी सुझाव सङ्कलनका लागि एक दिने कार्यशाला गोष्ठी संचालन गरिएको थियो । राजश्व परामर्श समितिका संयोजक तथा नगरपालिकाका उपप्रमुखको अध्यक्षतामा राजश्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन प्रस्तुती तथा छलफल कार्यक्रम सम्पन्न गरियो

### १.४.१० अन्तिम प्रतिवेदन तयारीः

अन्तिम कार्यशाला गोष्ठीमा मूख्य सरोकारवाला पक्षहरूद्वारा मस्यौदा प्रतिवेदन उपर भएका उपयुक्त सुझावहरू समावेश गरी राजश्व सुधार कार्ययोजना तथा सम्भाव्यता अध्ययन प्रतिवेदनको दस्तावेजलाई अन्तिम रुप प्रदान गरिएको

### १.५ योजनाका सीमाहरू

नगरपालिकाको राजस्व सुधार कार्ययोजना क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त र यथार्थपरक सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन्:

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूमा आधारित छ । यसका अतिरिक्त नगरपालिकाका सम्बन्धित प्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसंग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।
- नगरपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फारम अनुसार प्राप्त तथ्याङ्कहरू, नगरपालिकाको वेवसाइटमा उपलब्ध विवरणहरू र विभिन्न कार्यालयहरूको अभिलेख सङ्कलन गरिएको छ । कोभिड १९ को सामान्य प्रकोप रहि रहेकै समयमा यो अध्ययन कार्य गर्नुपरेकोले प्रत्यक्ष र व्यापक रुपमा स्थलगत अध्ययन गर्न सम्भव नभएता पनि आंशिक स्थलगत अध्ययनबाट पृष्ठपोषण तथा विवरण सङ्कलन गर्न सफल भएको ।
- नगरपालिकाको जनसंख्या तथा आर्थिक गतिविधि, सेवा प्रवाह, नागरिक संन्तुष्टि, राजश्व मूल्यांकन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि कृयाकलापहरूले भविश्यको राजस्व सङ्कलनमा प्रत्यक्ष असर गर्ने भएका कारण उपलब्ध र सम्भाव्य तथ्याङ्कहरूलाई आय प्रक्षेपणमा आधार लिईएको छ ।
- नगरपालिकाले आफ्नै पहलमा घरपरिवार, संस्थागत तथा भौगालिक सर्वेक्षण गरी तथ्याङ्क सङ्कलन नगरेका कारण विगतका विवरणहरू र वर्तमानमा कार्यालयमा उपलब्ध रहेको विवरणहरूलाई पृष्ठभूमि शिर्षक अन्तरगत प्रस्तुत गरिएका छन् भने राजश्व सुधार योजना तर्जुमाका समयमा प्राप्त संस्थगत विवरण बाहेक सवै विवरणहरूलाई द्वितीय तथ्याङ्कको रुपमा स्वीकार गर्नु पर्ने वाध्यात्मक अवस्था रहेको
- आन्तरिक आय प्रक्षेपणमा समावेश गरिएका केहि विवरणहरू नगरसभा बाट पारित नगरपालिकाको बार्षिक नगरविकास योजना पुस्तिकामा समावेश गरिएको आधारमा विश्लेषण गरी समावेश गरिएको छ ।
- परामर्शदाता र नगरपालिका विच कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोले समय सिमालाई केन्द्रविन्दुमा राखेर राजश्व सुधार कार्ययोजना तथा अध्ययन सम्पन्न गरिएको

## परिच्छेद – २ (दुई)
## नगरपालिकाको संक्षिप्त परिचय

### २.१ नगरपालिकाको संक्षिप्त परिचय

नेपालको संबिधान २०७२ ले स्थानीय तहलाई अधिकार सम्पन्न बनाईसकेपछि स्थानीय तहको पुनसंरचना बाट स्थापित भएको गौरादह नगरपालिका प्रदेश नं. १ को झापा जिल्लामा अवस्थित छ । साविकका गौरादह नगरपालिका र बैगुनधुरा गा.वि.स. लाई एकै ठाउमा मिलाएर पुनसंरचित भएको यो नगरपालिका पूर्वमा कमल र गौरिगञ्ज गाउँपालिका, पस्चिममा मोरङ जिल्ला, उत्तरमा कमल गाउँपालिका र दक्षिणमा गौरिगञ्ज गाउँपलिका सँग सिमाना जोडिएको छ । राष्ट्रिय जनगणना, २०६८ का आधारमा कुल ५३०३३ तथा राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक विवरणका आधारमा कुल ६०५९८ जना मानिसहरूको बसोबास रहेको यस पालिकाले प्रशासनिक, सेवा प्रवाह र विकास अभियानको नेत्रीत्वदायी भूमिका निर्वाह गर्नु पर्ने भएकाले ९ वटा वडामा विभक्त गरिएको छ भने १४९.८६ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिको स्थापनाका साथ नेपालको संविधानले प्रदत्त गरेका स्थानीय तहका अधिकार क्षेत्र र स्थनीय विकासका आधारभुत क्षेत्रहरूको प्रभावकारी कार्यान्वयनको माध्यम बाट मुलुकको समृद्धिको मार्ग प्रसस्त गर्नु आजको प्रमुख अभिभारा भएकोछ ।

तालिका नं. १: वडा विभाजनको वर्तमान अवस्था

| क.सं. | समावेश भएका साविक नगरपालिका/गाविस | साविक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | गौरादह | १, २ | |
| २ | गौरादह | ३ | |
| ३ | गौरादह | ४ | |
| ४ | गौरादह | ५, ६ | |
| ५ | गौरादह | ७, ८ | |
| ६ | गौरादह | ९, १० | |
| ७ | गौरादह | ११, १२ | |
| ८ | गौरादह | १३ | |
| ९ | बैगुनधुरा | १ देखि ९ | |

चित्र नं १: गौरादह नगरपालिकाको भौगोलिक नक्सा



यस अभिभारालाई परिणाममुखि बनाउन गौरादह नगरपालिकाले संपादन गर्ने आर्थिक, भौतिक, सामाजिक तथा सास्कृतिक विकास र विस्तारका कार्यहरूलाई स्थानीयबासिहरूकै सहभागिता र साझेदारीमा व्यवस्थित, प्रभावकारी र समयबद्ध सञ्चालन व्यवस्थापनकालागि आधार तयार पर्नु आजको प्रमुख आवश्यकता हो र यो अनिवार्य पनि छ। स्थानीय तहलाई स्थानीय सरकारको रुपमा प्राप्त अधिकारको माध्यम बाट आर्थिक समृद्धिको बाटो निर्धारण गरी समग्र नगरपालिकाको समृद्धिलाई प्रारम्भिक आधार निर्माण गर्ने उद्देश्यका साथ यो पालिका योजनाबद्ध रुपमा दिगो विकासमा आधारित कार्यक्रमहरूलाई सञ्चालन तथा व्यवस्थापन गर्ने अठोट र प्रतिवद्धता साथ कृयाशिल छ। स्थानीय सरकारको हैसियतमा नगरपालिकाको समृद्धि सँग सम्बन्धित तमाम योजनाहरूको सफल कार्यान्वयन सँग जोडिएको आन्तरिक आयलाई बलियो बनाउनु अहिलेको अहम् जिम्मेवारी र कर्तव्य भित्र पर्दछ। संघीय सरकारको नीति बमोजिम सवै स्थानीय तहहरूले कर्मचारी र जनप्रतिनिधिको सेवा सुविधा वापतको व्यय भार आन्तरिक आय र संघीय तथा प्रदेश सरकार बाट प्राप्त हुने राजश्व बाँडफाँड बापतको रकम बाट व्यवस्थापन गर्नु पर्ने व्यवस्था गरिएको कारण आन्तरिक आयको दायरको खाजि र विस्तार यस नगरपालिकाको समेत बाद्यात्मक जिम्मेवारी भित्र पर्न गएको छ।

### २.१.१ गौरादह नगरपालिकाको जनसङ्ख्या

गौरादह नगरपालिका आफैंले घरपरिवार सर्वेक्षण गरी नगर प्रोफाइल तयार पार्न सकेको अवस्था छैन। विभिन्न जातजाती तथा उमेरका मानिसहरूको बसोबास रहेको यो पालिका वि.सं. २०६८ सालको राष्ट्रिय जनगणनाको तथ्याङ्का आधारमा स्थानीय तह पुन संरचना आयोगले तयार पारेको प्रतिवेदन २०७४ अनुसार पुरुष २४९३६ र महिला २८०९७ गरी कुल ५३०३३ जनसङ्ख्या रहेको थियो भने भर्खरै सम्पन्न राष्ट्रिय जनगणनाको प्रारम्भिक विवरणका आधारमा पुरुष २८७८२ र महिला ९१८१६ गरी कुल ६०५९८ पुगेको अवस्था छ। यसपालिकाको वर्तमान जनसङ्ख्या बृद्धि दर बार्षिक १.३ प्रतिसत रहेको पाईएको छ भने भने जनघनत्व ४०४.३ प्रति वर्ग कि.मि. रहेका पाईएकोछ। विगतको वडागत जनसङ्ख्या चापलाई अध्ययन गर्दा सवै भन्दा बढी वडा नं. ४ मा र सवै भन्दा कम वडा नं. २ मा रहेको अवस्था छ। यस नगरपालिकामा पुरुषको भन्दा महिलाको जनसङ्ख्या पहिले देखिनै बढी रहेको पाईएको छ। वि.सं. २०६८ सालको विवरणका आधारमा यस पालिकामा महिलाको जनसङ्ख्या ३१६१ जनाले बढी देखिएको मा २०७८ को विवरणका आधारमा यो सङ्ख्या ३०३४ जनाले बढी रहेको पाईनुले विगत र वर्तमानमा खासै फरक देखिदैन। वि.सं. २०६८ सालको विवरणलाई अध्ययन गर्दा औषत घरपरिवार सङ्ख्या ४.३९ रहेकोमा वर्तमानको अवस्थामा समेत खासै अन्तर नरहेको अनुमान गरिएको छ। विगतकै विवरणका आधारमा यस नगरपालिकामा रहेका कुल घर परिवार सङ्ख्या मध्ये सवै भन्दा बढी १७३८ वडा नं. १ मा र सवै भन्दा कम ८६५ वडा नं. २ मा रहेको अवस्था छ। माथि उल्लेखित विवरण राष्ट्रिय जनगणना २०६८ मा आधारित रहेका कारण विगत १० बर्षमा उल्लेखित सवै सूचक वा सङ्ख्यामा बढोत्तरी भएको अनुमान गरिएको भएता पनि यसको वास्तविक विवरणकालागि नगरपालिका आफैंले घरपरिवार सर्वेक्षण गर्नु पर्ने वा भर्खरै सम्पन्न राष्ट्रिय जनगणना २०७८ को पूर्ण नतिजा पर्खनु पर्ने अवस्था छ। यस नगरपालिकाको विगत र वर्तमानको जनसङ्ख्याको तुलनात्मक बिबरण तालिका नं. २ मा उल्लेख गरिएकोछ।

तालिका नं. २: नगरपालिकाको जनसङ्ख्या र घर परिवार विवरण

| वडा नं. | घर परिवार सङ्ख्या | जनसङ्ख्या, २०६८ ( वडागत विवरण) | | | जनसङ्ख्या, २०७८ | | |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | १७३८ | ३३७६ | ३८७० | ७२४६ | | | |
| २ | ८६५ | १७४२ | १९१७ | ३६५९ | | | |
| ३ | ९११ | १७७९ | २०८७ | ३८६६ | | | |
| ४ | १६०१ | ३२५२ | ३८४५ | ७०९७ | | | |
| ५ | १६६० | ३४८० | ४०३२ | ७५१२ | | | |
| ६ | १४५५ | ३०३४ | ३३४४ | ६३७८ | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | १४५३ | ३१५२ | ३४०० | ६५५२ | | | |
| ८ | ११३६ | २४७९ | २६०५ | ५०८३ | | | |
| ९ | १२५१ | २६४३ | २९९७ | ५६४० | | | |
| जम्मा | १२०७० | २४९३६ | २८०९७ | ५३०३३ | २८७८२ | ३१८१६ | ६०५९८ |
| % | | ४७.०२ | ५२.९८ | | ४७.४९ | ५२.५० | |
| जनसङ्ख्या बृद्धि दर प्रतिसत (बार्षिक) | | | | | | | १.३ |
| जनघनत्व प्रति वर्ग कि.मि. (२०७८) | | | | | | | ४०४.३ |
| औषत घर परिवार सङ्ख्या (२०६८) | | | | | | | ४.३९ |

श्रोतः केन्द्रिया तथ्याङ्क विभागको प्रतिवेदन, २०६८ तथा २०७८

### २.१.२ गौरादह नगरपालिकाको विषयगत बस्तुस्थिति

गौरादह नगरपालिकाले राजश्व सुधार कार्ययोजना तयार गरिरहँदा यस योजना मार्फत अवलम्बन गरिने नीति, योजना तथा कार्यक्रमहरू निर्धारण गर्दा यस पालिकाको बर्तमान बस्तुस्थितिको सिंहावलोकन गर्न अनिवार्य छ । यस पालिकाले स्थाीयबासीलाई कर राजश्वको दायरा भित्र समेट्न तथा कर तथा गैर कर राजश्वका दर रेट निर्धारण गर्दा उनिहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षको विश्लेषण गर्नु पर्ने भएकाले समग्रमा यस पालिकाको बस्तुस्थितिको अध्ययन गर्दा देहाय बमोजिमको अवस्था देखिएको छ ।

#### २.१.२.१ घरको बनोटको प्रकृतिका आधारमा घर विवरण

सवै मानिसहरूले आफनो सुरक्षित बसोबासकालागि आ-आफनो आर्थिक हैसियतका आधारमा सुरक्षित बासको व्यवास्थापन गरेका हुन्छन । यति मात्र हैन बासस्थानका निम्ति निर्मित घरको बनोट आफ्नो आर्थिक हैसियतलाई मूख्य आधार बनाएर स्थानीय परम्परा, संस्कृति र उपलब्ध श्रोत र साधनको प्रयोग गरी निर्माण गर्ने गरेको पाईन्छ । गौरदह नगरपालिकाले घर परिवार सर्वेक्षणको आधारमा नगर प्रोफाईल तयार पार्न नसकेका कारण यस पालिका भित्र विगतका बस्तुगत अवस्थालाई समेत आधार मानेर अघि बढ्नु पर्ने अवस्था छ । सम्पति कर व्यवस्थपनकालागि यस पालिका भित्र निर्माण भएका घरहरूको अवस्था यकिन हुन आवश्यक छ । वि.सं. २०६८ सालको विवरणलाई आधार मानि तयार गरिएको श्रोतः गौरादह नगरपालिका प्रोफाईल ( Gauradaha Municipality Profile Facts & Statistics), २०७५ बस्तुगत अवस्था अनुसार घरको जगको बनोटको आधारमा ६२.८७ प्रतिसत घरको पिलर काठको रहेको देखिन्छ भने ६.७४ प्रतिसत घर मात्र आर.सी.सी. पिलर रहेको देखिन्छ । यसै गरी घरको गारो तथा घेरावारको हकमा ६२.८७ प्रतिसत घरहरू बाँसको घेराबारा भएका छन् भने इटा वा ढुङ्गामा सिमेण्टको जोडाई भएका घरहरू मात्र १९.५१ प्रतिसत रहेका छन् । घर छाउन प्रयोग गरिने बस्तुको आधारमा घरहरू प्रकृति अध्ययन गर्दा ६८.२० प्रतिसत घरहरू ग्याल्भानाईज्ड जस्ता पाताले छाएको देखिन्छ भने ५.४३ प्रतिसत घरहरू अर.सी.सी. ढलान भएका देखिन्छन् । तत्कालिन समयमा जे जस्तो अवस्था देखिए पनि बदलिदो परिवेश, निर्माण सामाग्रिहरूको उपलब्धता, सुरक्षित आवस प्रतिको जनचाहाना समेतका आधारमा उल्लेखित विवरणमा धेरै फरक रहेको स्थानीयबासी, जनप्रतिनिधि र कर्मचारीहरूको भनाई रहेको छ । यसै भनाईलाई आधार मानि कर तथा गैरकर राजश्वको अनुमानित प्रक्षेपण गर्नु पर्ने वाध्यात्मक अवस्था रहेको छ । गौरादह नगरपालिकामा निर्माण भएका घरहरूको प्रकृतिगत विवरण तालिका नं. ३ देखि ५ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ३ घरको जगको बनोटको आधारमा घरको सङ्ख्यात्मक विवरण**

| क.सं. | जगको बनोटको आधारमा घर | सङ्ख्या | % |
|---|---|---|---|
| १ | काठको खम्बा | ७५८९ | ६२.८७ |
| २ | आर.सी.सी पिलर | ८१४ | ६.७४ |
| ३ | माटोको जोडाई | २९३ | २.४३ |
| ४ | सिमेण्टको जोडाई | १८२९ | १५.१५ |
| ५ | अन्य | १५४५ | १२.८० |
| जम्मा | | | १००.० |

**तालिका नं. ४ घरको गारो/घेराबाराको बनोटको आधारमा घरको सङ्ख्यात्मक विवरण**

| क.सं. | गारो/घेराबाराको बनोटको आधारमा घर | सङ्ख्या | % |
|---|---|---|---|
| १ | बाँसको घेराबारा | ७५७२ | ६२.७३ |
| २ | काठको घेराबारा | १५१२ | १२.५३ |
| ३ | सिमेण्टको जोडाई | २३५५ | १९.५१ |
| ४ | माटोको गारो | ४०१ | ३.३२ |
| ५ | कांचो ईटाले बनेको | २२ | ०.१८ |
| ६ | अन्य | २०८ | १.७२ |
| **जम्मा** | | **१२०७०** | **१००.०** |

**तालिका नं.५ घरको छाना छाउन प्रयोग भएका बस्तुको आधरमा घरको सङ्ख्यात्मक विवरण**

| क.सं. | छानाको बनोटको आधारमा घर | सङ्ख्या | % |
|---|---|---|---|
| १ | ग्याल्भानाईज्ड जस्ता पाता | ८२३२ | ६८.२० |
| २ | खर तथा परालको छाना | २८८१ | २३.८७ |
| ३ | अर.सी.सी. ढलान | ६५६ | ५.४३ |
| ४ | काठको छाना | ३५ | ०.२९ |
| ५ | टाली | ४३ | ०.३६ |
| ६ | अन्य | २२३ | १.८५ |
| **जम्मा** | | **१२०७०** | १००.०० |

श्रोतः गौरादह नगरपालिका प्रोफाईल ( Gauradaha Municipality Profile | Facts & Statistics), २०७५

२.१.२.२ **उद्योग, व्यापार तथा व्यवसायः**

यस पालिकाको कुल भूभाग (कुल क्षेत्रफल) मध्ये करिव ८० प्रतिसत भूभाग कृषि, उद्योग, पर्यटन, आवास, सडक सञ्जालको कार्यमा प्रयोग भएको स्थानीय अगुवाहरूको भनाई रहेको छ भने बाँकी भूभाग खोला, नाला तथा बन जङ्गलले ओगटेको अवस्था छ । संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गौरादह नगरपालिकालाई प्राप्त अधिकारको कार्यान्वयन तथा जिम्मेवारीलाई पुरा गर्ने सिलसिलामा आवश्यक पर्ने बस्तुगत विवरण यथार्थ रुपमा प्राप्त गर्न नसकेता पनि आफ्नो स्थापनाकाल देखिनै विद्यमान विवरण र स्थानीय जनप्रतिनिधि, सामाजिक अगुवा र सम्बन्धित सरोकारवाला संघ संस्था सँग रहेका तत्काल उपलब्ध भएका विवरणहरूलाई श्रोतको रुपमा स्वीकारी नगर विकास योजना तथा आन्तरिक आयको मूख्य श्रोतको रुपमा रहेको कर तथा गैर कर राजश्वका क्षेत्र र मात्रा निर्धारण गर्दै आएको पाईन्छ । यसै सन्दर्भमा कर तथा गैर कर राजश्वको अनुमानित आधार तयार पार्न यस पालिकाले विगत तीन बर्ष देखि करिव उहि विवरणहरूलाई सङ्ख्यात्मक आधार मानिरहेको भएता पनि बस्तुगत सर्वेक्षण गर्न सके यसमा निकै फेरवदल हुन सक्ने अनुमान गरिएको छ । सवै स्तरका पालिकाहरूको आयको मूख्य श्रोत भनेको सम्पती कर, भूमि कर, उद्योग, व्यापार व्यवसाय कर, मनोरञ्जन कर, बहाल बिटौरी कर, हाटबजार कर, प्राकृतिक श्रोत उपयोग कर लगायतका कर धारणका क्षेत्र रहेका छन भने गैर कर तर्फ

**तालिका नं. ६ उद्योग, व्यापार तथा व्यवसायः**

| क.सं | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | घरेलु, साना तथा मझौला उद्योग | १२७ |
| २ | फार्म तथा सेवा व्यवसाय | ७४८ |
| ३ | पसल व्यवसाय | ७४५ |
| ४ | विवरण स्पष्ट नभएका | २९८ |
| जम्म | | १९१८ |

दर्ता शुल्क, सिफरिस तथा प्रमाणित शुल्क, स्थानीय पूर्वाधार सेवा शुल्क, पार्किङ शुल्क, सफाई शुल्क, स्वास्थ्य सेवा शुल्क, घर नक्सा पास दस्तुर लगायतका शुल्क तथा दस्तुर रहेका कारण उल्लेखित विषयगत र क्षेत्रगत यथार्थ विवरण सङ्कलन

चित्र नं. २ नगरपालिकमा दर्ता भएका उद्योग, व्यापार तथा व्यवसायको वर्तमान विवरण




तथा अध्यवधिक गाउँपालिकाको एक प्रमुख जिम्मेवारी भित्र रहेको छ । पछिल्लो विवरण अनुसार यस नगरपालिकामा १२७ वटा घरेलु, साना तथा मझौला उद्योगहरू रहेको पाईएको छ भने ७४८ वटा फार्म तथा सेवा व्यवसाय रहेका छन् । यस पालिकामा दर्ता भएका पसल व्यवसाय ७४५ रहेका छन भने २९८ वटा व्यवसायको विवरण स्पष्ट हुन सकेको छैन । यसरी कुल मिलाएर १९१८ वटा उद्योग, व्यापार तथा व्यवसाय नगरपालिकामा दर्ता भएको देखिन्छ भने करिव २५ प्रतिसत विभिन्न प्रकृतिका उद्योग, व्यापार तथा व्यवसाय अझै पनि दर्ता प्रकृयामा नआएको नगर कार्यपालिका तथा वडा समितिका कर्मचारी र जनप्रतिनिधिको भनई रहेको पाईन्छ । यस पालिकामा दर्ता कामय रहेका साथै दर्ता प्रकृयामा आउन बाँकी रहेका समेत समग्रमा सम्भावित कुल अनुमानित सङ्ख्याका आधारमा सम्बन्धित शिर्षक अन्तरगत प्राप्त हुन सक्ने कर तथा गैर कर राजश्वको प्रक्षेपण गर्न सकिने भएता पनि भविश्यमा यस पालिकाले आफ्नै पहलमा नगर प्रोफाईल तयार पार्ने तथा नगर कार्यपालिकामा एकीकृत विवरण नियमित रुपमा अध्यवधिक गर्न अनिवार्य रहेको छ । उद्योग, व्यापार तथा व्यवासायको कुल तथा वडागत वर्तमान विवरण तालिका नं. ६ र ७ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ७: नगरपालिकामा दर्ता भएका उद्योग, व्यापार तथा व्यवसायको विस्त्रित विवरण**

| गौरादह नगरपालिका | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नगरपालिकामा दर्ता भएका आधारमा उद्योग, व्यापार तथा व्यवसायको विवरण | | | | | | | | | | | | |
| क.सं. | उद्योग, व्यापार तथा व्यवसायको शिर्षक | वडा नं. | | | | | | | | | ठेगाना नखुलेका | जम्मा |
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| **१** | **घरेलु, साना तथा मझौला उद्योग** | २ | १७ | १७ | १५ | ३ | ७ | १२ | ९ | | | ८२ |
| १.१ | ग्रिल तथा एलुमिनियमका सामान बनाएर विकि गर्ने व्यवसाय | ८ | | | | | | | | १ | | ९ |
| १.२ | मदिार उद्योग | १ | | | | | | | | | | १ |
| १.३ | कुटानी पिसानी | ७ | | | | | | | | | | ७ |
| १.४ | ईटा उद्योग | | | | | | | | | १ | | १ |
| १.५ | डेरी | ३ | | | | | | | | ३ | | ६ |
| १.६ | धान खरिद विकि केन्द्र (काँटा) | १ | | | | | | | | ७ | | ८ |
| १.७ | कन्स्ट्रक्सन (निर्माण) तथा कन्सलटेन्सी | ७ | | | | | | | | ३ | | १० |
| १.८ | साईकल बनाउने पसल | २ | | | | | | | | | | २ |
| १.९ | तार जाली बनाउने | १ | | | | | | | | | | १ |
| **जम्म** | | **३२** | **१७** | **१७** | **१५** | **३** | **७** | **१२** | **९** | **१५** | **०** | **१२७** |
| **२** | **फार्म तथा सेवा व्यवसाय** | | | | | | | | | | | |
| २.१ | कृषि तथा पशुपन्छी पालन फार्म | १२६ | ३३ | ४७ | ४६ | | २७ | २२ | ५२ | ७४ | | ४२७ |
| २.२ | होटल, रेष्टुरेण्ट तथा खाजा | ८५ | ३२ | | | १७ | ११ | २५ | १७ | १० | | १९७ |
| २.३ | बैंक तथा सहकारी संस्था | २ | ५ | १ | | | | | ३ | ५ | ३२ | ४८ |
| २.४ | टेलरिङ व्यवासय | १० | ८ | | | | १ | | २ | ३ | | २४ |
| २.५ | व्युटि पार्लर तथा सैलुन | ११ | | | | | | | | १ | | १२ |
| २.६ | वर्कसप | ९ | | | | | | | | | | ९ |
| २.७ | अस्पताल | १ | | | | | | | | | | १ |
| २.८ | क्लिनिक | ६ | | | | | | | | | | ६ |
| २.९ | कवाडी सङ्कलन केन्द्र | ३ | | | | | | | | | | ३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१० | फोटो स्टुडिया | १ | | | | | | | | | | १ |
| २.११ | सामाजिक संस्था | १ | | | | | | | | | | १ |
| २.१२ | विमा कम्पनि | १ | | | | | | | | | | १ |
| २.१३ | मनि ट्रान्सफर | १ | | | | | | | | | | १ |
| २.१४ | भाषा शिक्षण | १ | | | | | | | | | | १ |
| २.१५ | ड्राइभिङ ट्रेनिङ सेण्टर | १ | | | | | | | | | | १ |
| २.१६ | कम्प्यूटर रिपेयरिङ | २ | | | | | | | | | | २ |
| २.१७ | ग्यारेज | | ८ | | | | २ | | १ | | | ११ |
| २.१८ | टेण्ट हाउस | २ | | | | | | | | | | २ |
| **जम्मा** | | **२६३** | **८६** | **४८** | **४६** | **१७** | **४१** | **४७** | **७५** | **९३** | **३२** | **७४८** |
| **३** | **पसल व्यवसाय** | | | | | | | | | | | ० |
| ३.१ | किराना पसल | १०९ | ५० | | | | २४ | ३६ | २० | १२ | | २५१ |
| ३.२ | सुनचाँदी पसल | १२ | १० | ४ | | | १ | ५ | १ | | | ३३ |
| ३.३ | कपडा पसल | ६१ | २७ | | | | १३ | २४ | ५ | ५ | | १३५ |
| ३.४ | कम्प्यूट, मोवाईल तथा इलेक्ट्रोनिक पसल | २१ | १० | | | | ६ | | ३ | | | ४० |
| ३.५ | माछा मासु पसल व्यवसाय | १९ | ४ | | | | ५ | | २ | | | ३० |
| ३.६ | फर्निचर पसल | २१ | ७ | ५ | | | ३ | | ४ | | | ४० |
| ३.७ | फलफूल तथा तरकारी पसल | २६ | ८ | | | | २ | | ३ | | | ३९ |
| ३.८ | कस्मेटिक पसल | १७ | १४ | | | | | ७ | २ | | | ४० |
| ३.१० | हार्डवयर पसल | १३ | २७ | | | | ३ | ८ | ४ | ८ | | ६३ |
| ३.११ | स्टेसनरी तथा खेलकुद सामाग्रि | ९ | ६ | | | | | | २ | | | १७ |
| ३.१२ | जुत्ता चप्पल पसल | १० | २ | | | | १ | | १ | | | १४ |
| ३.१३ | दाउरा, मुढा, डोको, नांग्लो पसल | ४ | | | | | | | | | | ४ |
| ३.१४ | कृषि सामाग्रि तथा विउविजन पसल | १० | | | | | | | | | | १० |
| ३.१५ | भाँडाकुडा पसल | ६ | | | | | | | | | | ६ |
| ३.१६ | चिसो पेय पदार्थ विकि गर्ने पसल | २ | | | | | | | | | | २ |
| ३.१७ | सिमेण्ट बाट तयार हुने सामाग्रि | ८ | | | | | | | | | | ८ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.१८ | ग्याँस पसल | १ | | | | | | | | | | १ |
| ३.१९ | मिल मेसिनरी सामन पसल | २ | | | | | | | | | | २ |
| ३.२० | फार्मेसी | १ | | | | | | | | | | १ |
| ३.२१ | उपहार सामाग्रि पसल | ६ | | | | | | | | | | ६ |
| ३.२२ | सिसा पसल | १ | | | | | | | | | | १ |
| ३.२३ | जिप्सन पसल | १ | | | | | | | | | | १ |
| ३.२४ | भेटनरी पसल | ० | | | | | | | | १ | | १ |
| **जम्मा** | | **३६०** | **१६५** | **९** | **०** | **०** | **५८** | **८०** | **४७** | **२६** | **०** | **७४५** |
| ४ | **विवरण स्पष्ट नभएका** | | | | | | | | | | | |
| ४.१ | व्यवसाय | ० | ० | १०६ | | ७४ | | | | | | १८० |
| ४.२ | अन्य | ० | ० | | ७० | | ६ | ३८ | ४ | | | ११८ |
| **जम्मा** | | **०** | **०** | **१०६** | **७०** | **७४** | **६** | **३८** | **४** | **०** | **०** | **२९८** |
| **कुल जम्मा** | | ६५५ | २६८ | १८० | १३१ | ९४ | ११२ | १७७ | १३५ | १३४ | ३२ | १९१८ |

श्रोतः नगर कार्यपालिका तथा वडा समितिको कार्यालयको अभिलेख, २०७८

### २.१.२.३ शैक्षिक संस्था

गौरादह नगरपालिका शिक्षा शाखा तथा शैक्षिक बुलेटिन, २०७८ असार, बर्ष ४, अङ्क ५ अनुसार यस पालिका भित्रसामुदायिक विद्यालय ३२ रहेको अवस्था छ भने यी सवै विद्यालयमा इसिडि सेण्टर (बाल विकास केन्द्र) समेत सञ्चालनमा रहेका छन् भने संस्थागत विद्यालय २६ वटा, सामुदायिक सिकाई केन्द्र २, क्याम्स ४ र धार्मिक विद्यालय ५ समेत गरी कुल विद्यालय तथा शिक्षालयको सङ्ख्या ६९ रहेको छ । उल्लेखित विवरणका आधारमा शैक्षिक धरोहर बाट नगरपालिका क्षेत्र भित्रका बालबालिकाको शिक्षा क्षेत्रको उन्नयनको कार्य भई रहेको अवस्था छ । यस पालिका भित्र विद्यमान रहेका श्रोत र साधनको मात्रात्मक पहिचान सहितको स्थानीय पाठ्यक्रमको विकास गरी स्थानीय तहको आर्थिक विकास र सामाजिक विकासका क्षेत्रमा तीनले पार्ने सकारात्मक प्रभाव साथै उल्लेखित श्रोत र साधनको सदुपयोग बाट प्राप्त हुन सक्ने कर तथा गैर कर राजश्व र उक्त कर तथा गैर कर राजश्वको महत्वका साथ यसले गुणस्तरीय शैक्षिक उन्नयन लगायतका समग्र विकास र समृद्धि निर्माणमा पार्ने सकारात्मक प्रभावका बारेमा सवै विद्यालय बाट अध्ययन अध्यापन गराउने वातावरण श्रृजना गर्न अनिवार्य देखिएको छ । वर्तमान विद्यालयहरूको विवरण तालिका नं. ८ मा उल्लेख गरिएको छ ।

**चित्र नं. ३ नगरपालिका भित्र सञ्चालनमा रहेका शिक्षालयहरू**




**तालिका नं ८ :सामुदायीक तथा संस्थागत विद्यालयको तहगत सङ्ख्यात्मक विवरण**

| क.सं | तह | सामुदायीक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | माध्यमिक तह | १० | ३ | १३ |
| २ | आधारभुत तह | २२ | २३ | ४५ |
| ३ | सामुदायीक सिकाई केन्द्र | | | २ |
| ४ | क्याम्पस | | | ४ |
| ५ | धर्मिक विद्यालय | | | ५ |
| **जम्मा** | | **३२** | **२६** | **६९** |

**श्रोतः गौरादह नगरपालिका, शैक्षिक बुलेटिन, २०७८ असार, बर्ष ४, अङ्क ५**

### २.१.२.४ बैंक, वित्तीय संस्था साथै सहकारीहरू

समृद्धि निर्माणको एक प्रमुख आधार तरल पूँजीको पर्याप्त उपलब्धता उक्त पूँजीको सदुपयोग पनि हो । कुनै पनि स्थान वा क्षेत्रको विकास निर्माण, उद्योग, कलकारखाना, व्यापार व्यवसाय सञ्चालनकालागि तरल पूँजीको आवश्यकता पुरा गर्न र बचत परिचालनकालागि बैंक तथा वित्तीय संस्था र बचत तथा ऋण सहकारी संस्थाको उपस्थिति अपरिहार्य छ । यस नगरपालिका क्षेत्र भित्र रहेका यस प्रकारका संस्थाहरूको अध्ययन गर्दा ५ वटा बाणिज्य बैंक, २ वटा प्रदेश अन्तरगत रहेका क्षेत्रीय स्तरका विकास बैंक साथै १३ वटा बचत तथा ऋण सहकारी संस्थाहरू कृयाशिल रहेको अवस्था देखिएको छ । यस नगरपालिकाको आर्थिक समृद्धि निर्माणको प्रमुख आधार देखिएकोले वर्तमान गुजारामुखि कृषि प्रणाली लाई क्रमस

व्यवसायिकिकरण गर्न १६ वटा कृषि सहकारी साथै ६ वटा बहुद्देशीय सहकारी, २ वटा उपभोक्ता सहकारी लगायतका स्पष्ट विवरण प्राप्त हुन नसकेका ४ वटा रहेको अवस्था देखिन्छ । तसर्थ यस पालिकाले उल्लेखित बैंक तथा वित्तीय संस्था र सम्बन्धित सहकारीहरूको क्रमस क्षमता विकास गर्दै समग्र नगरपालिकाको आर्थिक गतिविधि र कृषि तथा पशुपालनको व्यवसायिकिकरणमा कृयाशिल गराउन साथै सम्भाव्य पर्यटकीय क्षेत्र र उत्पादनमूलक उद्योग तथा कलकारखानाको विकास गरी रोजगारी श्रृजना गर्दै निरपेक्ष गरिवीको अन्त्य तर्फ कृयाशिल हुन सके आन्तरिक आयमा समेत टेवा पुग्न सक्ने प्रशस्त सम्भावना रहेको छ । माथि उल्लेखित बैंक तथा वित्तीय संस्था लगायत बचत तथा ऋण, बहुद्देशीय, कृषि र उत्पादन तथा प्रशोधनमा कृयाशिल सहकारीहरूको विस्त्रित विवरण तालिका नं. ... मा उल्लेख गरिएको छ ।

**चित्र नं. ४ बैंक, वित्तीय संस्था तथा सहकारीहरू**




**तालिका नं. ९: बैंक, वित्तीय संस्था तथा सहकारीहरूको विवरण**

| क.सं | बैंक, वित्तीय संस्था तथा सहकारीहरूको नाम | ठेगाना | कृयाकलाप | कैफियत |
|---|---|---|---|---|
| **क. बैंक तथा वित्तीय संस्था** | | | | |
| १ | नेपाल बैंक लिमिटेड | | बैंकिङ | |
| २ | एन.आई.सी. एसिया बैंक | | बैंकिङ | |
| ३ | प्राइम कमर्सियल बैंक | | बैंकिङ | |
| ४ | सिद्धार्थ बैंक | | बैंकिङ | |
| ५ | कृषि विकास बैंक | | बैंकिङ | |
| ६ | एक्सल डेभ्लपमेण्ट बैंक | | बैंकिङ | |
| ७ | सप्तकोशी डेभलपमेण्ट बैंक | | बैंकिङ | |
| **ख. सहकारी संस्थाहरू** | | | | |
| **१** | **बहुद्देशीय सशकारी संस्था** | | बहुद्देशीय | |
| १.१ | नेपाल बहुद्देशीय सहकारी संस्था लि. | | बहुद्देशीय | |
| १.२ | आधा आकास महिला समृद्धि बहुद्देशीय सहकारी संस्था लि. | | बहुद्देशीय | |
| १.३ | मिलन समृद्धि बहुद्देशीय सहकारी संस्था लि. | | बहुद्देशीय | |
| १.४ | नव मिरमिरे समृद्धि बहुद्देशीय सहकारी संस्था लि. | | बहुद्देशीय | |
| १.५ | निश्चल समृद्धि बहुद्देशीय सहकारी संस्था लि. | | बहुद्देशीय | |
| १.६ | फिजाफ बहुद्देशीय सहकारी संस्था लि. | | बहुद्देशीय | |
| **२** | **बचत तथा ऋण सहकारी संस्था** | | | |
| २.१ | नमस्ते बचत तथा ऋण सहकारी संस्था लि. | | बचत तथा ऋण | |
| २.२ | जनहित बचत तथा ऋण सहकारी संस्था लि. | | बचत तथा ऋण | |

| | | | | |
|---|---|---|---|---|
| २.३ | चप्रामारी बचत तथा ऋण सहकारी संस्था लि. | | बचत तथा ऋण | |
| २.४ | सहयोगि बचत तथा ऋण सहकारी संस्था लि. | | बचत तथा ऋण | |
| २.५ | जयलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | | बचत तथा ऋण | |
| २.६ | डाँफे बचत तथा ऋण सहकारी संस्था लि. | | बचत तथा ऋण | |
| २.७ | न्यू पव्लिक बचत तथा ऋण सहकारी संस्था लि. | | बचत तथा ऋण | |
| २.८ | सहारा बचत तथा ऋण सहकारी संस्था लि. | | बचत तथा ऋण | |
| २.९ | कंचनजंघा बचत तथा ऋण सहकारी संस्था लि. | | बचत तथा ऋण | |
| २.१० | युनिक बचत तथा ऋण सहकारी संस्था लि. | | बचत तथा ऋण | |
| २.११ | चन्द्रदर्शन बचत तथा ऋण सहकारी संस्था लि. | | बचत तथा ऋण | |
| २.१२ | मेची बचत तथा ऋण सहकारी संस्था लि. | | बचत तथा ऋण | |
| २.१३ | निर्धन उत्थान बचत तथा ऋण सहकारी संस्था लि. | | बचत तथा ऋण | |
| **३** | **कृषि सहकारी** | | | |
| ३.१ | महारानीझोडा साना किसान कृषि सहकारी संस्था लि. | | कृषि विकास | |
| ३.२ | बैगुनधुरा साना किसान महिला कृषि सहकारी संस्था लि. | | कृषि विकास | |
| ३.३ | कृषि कल्याण सहकारी संस्था लि. | | कृषि विकास | |
| ३.४ | गौरादह सामुदायीक कृषि सहकारी संस्था लि. | | कृषि विकास | |
| ३.५ | कोहवरा साना किसान मिहिला कृषि सहकारी संस्था लि. | | कृषि विकास | |
| ३.६ | गैरादह साना किसान महिला कृषि सहकारी संस्था लि. | | कृषि विकास | |
| ३.७ | राधाकृष्ण महिला कृषि सहकारी संस्था लि. | | कृषि विकास | |
| ३.८ | पाठशला कृषि सहकारी संस्था लि. | | कृषि विकास | |
| ३.९ | डारामारी कृषि सहकारी संस्था लि. | | कृषि विकास | |
| ३.१० | रक्तमुटु समायोजन कृषि सहकारी संस्था लि. | | कृषि विकास | |
| ३.११ | जय गणपति कृषि सहकारी संस्था लि. | | कृषि विकास | |
| ३.१२ | जाम्बाडि कृषि सहकारी संस्था लि. | | कृषि विकास | |
| ३.१३ | आरती मिहला कृषि सहकारी संस्था लि. | | कृषि विकास | |
| ३.१४ | समता समावेशी कृषि सहकारी संस्था लि. | | कृषि विकास | |
| ३.१५ | नमुना कृषि सहकारी संस्था लि. | | कृषि विकास | |
| ३.१६ | गौरादह आई.पि.एम कृषि सहकारी संस्था लि. | | कृषि विकास | |
| **४** | **उपभोक्ता सहकारी** | | | |
| ४.१ | विकल्प उपभोक्ता सहकारी संस्था लि. | | उपभोक्ता | |
| ४.२ | चेतना महिला मन्स्य उपभोक्ता सहकारी संस्था लि. | | उपभोक्ता | |
| **५** | **अन्य** | | | |
| ५.१ | शुभलक्ष्मी सहकारी संस्था लि. | | | स्पष्ट विवरण नआएको |
| ५.२ | सोरोजगार भवानी सहकारी संस्था लि. | | | स्पष्ट विवरण नआएको |
| ५.३ | स्वर्णलक्ष्मी सहकारी संस्था लि. | | | स्पष्ट विवरण नआएको |
| ५.४ | सिद्धकाली सहकारी संस्था लि. | | | स्पष्ट विवरण नआएको |

### २.१.२.५ स्वास्थ्य संस्थाहरू

मानव जीवन तथा स्वास्थ्य रक्षा स्थानीय सरकारको हैसियतमा स्थानीय तहको अर्को प्रमुख जिम्मेवारी भित्र पर्दछ । वर्तमान अवस्थामा सर्वसाधारण मानिसहरूले स्वास्थ्य रक्षाको क्षेत्रमा आफ्नो आम्दानीको अधिक अङ्स खर्चिनु परिरहेको अवस्था छ । दिन प्रतिदिन दीर्घ रोगिहरूको संख्या बढी रहेको अवस्था छ । कोभिड १९ र त्यस सँग सम्बन्धित रोगका कारण कयौं मानिसहरूले ज्यान गुमाउनु परेको अवस्था छ । फोहोरमैलाको बढ्दो अनियन्त्रित अवस्था साथै मौषममा परिरहेको प्रतिकुल असरका कारण बढ्दो क्रममा रहेको रोगका विभिध स्वरुप र प्रकोपलाई एका तर्फ स्थानीयबासीको आफ्नो आम्दानीले वर्तमान परिवेशले सहज रुपमा धान्न कठिन भईरहेको अवस्था छ भने अर्को तर्फ स्थानीय तहहरूले समेत आफ्नो आयको गणनायोग्य रकम स्वास्थ्य रक्षाको क्षेत्रमा खर्चिनु परिरहको छ । यस परिवेशमा स्थानीयबासीको स्वास्थ्य रक्षाका क्षेत्रमा यस पालिका भित्र रहेका आधारभुत स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकी मार्फत स्वासथ्य सेवा प्रवाह गरिरहेका छन् भने नगरपालिका क्षेत्र भित्र एक वटा अस्पताल समेत सञ्चालनमा रहेको अवस्था छ । उल्लेखित स्वास्थ्य संस्थाहरू मार्फत आवश्यक स्वास्थ्य सेवा प्रवाहलाई प्रभाकारी बनाउँदै स्थानीयबासिलाई आर्थिक उपार्जनका क्षेत्रमा कृयाशिल गराउन सके समग्र पालिकाबासिको आर्थिक समृद्धिको मार्ग प्रसस्त हुनुको साथै पालिकाको आन्तरिक आयमा समेत बढोत्तरी हुन जाने अवस्था श्रृजना हुन जाने कुरामा दुविधा छैन ।

### २.१.२.६ बजार केन्द्र तथा नगरपालिकाबाट बाहिर निकासी हुने वस्तुहरू

गौरादह नरपालिका क्षेत्र भित्र गौरादहमा, स्कुलचवनमा, दामुनामा, ग्वालडुवामा, बैगुनधुरामा गरी जम्म ६ वटा बजार केन्द्रहरू सञ्चालनमा रहेका छन् । दामुना बजारको हकमा भने एक स्थानमा पशुपन्छी हाट लाग्छ भने एक स्थानमा कृषि उपज खरिद विकि सँग सम्बन्धित हाट बजार लाग्ने गर्दछ । यी बजारहरूमा विशेष गरी स्थानीय कृषकहरू बाट उत्पादन गरिएका कृषि उपज, दैनिक उपभोग्य बस्तु तथा पशुपन्छी र तीन सँग सम्बन्धित उत्पादनहरूको खरिद विकि हुने गर्दछ भने केहि विदेश तथा नेपालकै अन्य स्थानमा उत्पादन भएका दैनिक उपभोग्य बस्तुरूको खरिद विकि समेत हुने गर्दछ । यस पालिकाका बजार केन्द्रहरू बाट मुख्य गरी धान, मकै, फापर, दालहन, तेलहन, आलु, प्याज, लसुन लगायतका स्थानीय कृषि उपज र दामुना पशुहाटमा गाई, गोरु, राँगा, भैंसी, खसी, बाखा लगायतका पशु तथा चौपायको खरिद विकि तथा निकासी समेत हुने गरेको छ । उल्लेखित साप्ताहिक हाट बजारमा बजार सञ्चालन भएका दिन करिव २० देखि ६० लाख सम्मको कारोवार हुने गरेको तथा सवै भन्दा बढी पशु हाट बजारमा हुने गरेको स्थानीयबासीको भनाई रहेकोछ । यस बालीसम्बन्धित बजार केन्द्रहरूको भौतिक पूर्वाधार सुधार गर्न सके यस पालिकाको आन्तरिक आयमा धेरै राम्रो योगदान पुग्न सक्ने सम्भावना रहेको देखिन्छ ।

तालिका नं. १०: साप्ताहिक हाट बजारहरू

| क.सं. | साप्ताहिक हाट बजारहरू | व्यापार व्यवसायको प्रकृति |
|---|---|---|
| १ | गौरादह बजार (टहरा सहित) | कृषि उपज |
| २ | स्कूलचवन बजार (टहरा सहित) | कृषि उपज |
| ३ | दामुना पशु बजार | पशुपन्छी |
| ४ | ग्वालडुवा बजार | कृषि उपज |
| ५ | बैगुनधुरा बजार | कृषि उपज |
| ६ | दामुना बजार | कृषि उपज |

### २.१.२.७ यातायात तथा ढुवानीका साधनकालागि पार्क तथा स्टेसनहरू:

वर्तमान अवस्था सम्म गाउँपालिका क्षेत्र भित्र यातायात तथा ढुवानीका साधनकालागि व्यवस्थित पार्किङ स्थल नभएको साथै गौरादह बजार क्षेत्रमा सामान्य प्रकृतिका बस स्टेण्ड साथै वडा नं. ४ को मिलन चौक र जोरघरे चौकमा सामान्य प्रकृतिका स्टेसन मात्र रहेको अवस्था छ । तसर्थ नगरपालिकाले आन्तरिक आयको दायरा वा क्षेत्र बिस्तार विकासकालागि सेवा सुविधाका पूर्वाधारहरू समेत क्रमिक रुपले विस्तार गर्दै लान आवश्यक छ । बढ्दो सवारी दुर्घटना र बजारको सौन्दर्यतामाथि प्रस्न चिन्ह खडा गर्ने गरी यत्रतत्र अव्यवस्थित रुपमा राखिएका सवारी तथा ढुवानीका साधनकालागि व्यवस्थित पार्किङ स्थल निर्माण गरी उक्त पार्किङ स्थल बाट आन्तरिक आय आर्जन गर्न सकिन्छ भने वर्तमान अवस्थामा मुख्य तथा शहर उन्मुख बजार क्षेत्रका विद्यमान सडक किनाराहरूका निस्चित स्थानमा एकतर्फि सशुल्क

पार्किङको व्यवस्था गर्न सके आन्तरिक आयमा केहि मात्रमा भए पनि योगदान पुग्न जाने साथै शहरको सौन्दर्यतमा बृद्धि, सडक दुर्घटनामा कमी साथै सवारी चालकको अनुशासनमा समेत बृद्धि हुने भएका कारण मानव जीवनमा हुन सक्ने सम्भावित जोखिमको न्यूनिकरण हुन्छ ।

**२.१.२.८ यातायात पूर्वाधारको अवस्था**

यातायात पूर्वाधार विकास निर्माण र समृद्धिको अर्को एक महत्वपूर्ण आधार हो । यातायात पूर्वाधार समग्र नगरपालिकाको यातायात पूर्वाधारको वर्तमान अवस्था अध्ययन गर्दा आफ्नो स्थापनाकालबाटै यातायात र ढुवानीकालागि अत्यावश्यक सडक, कलभर्ट तथा पुल पूर्वाधारहरूको निर्माण विकास गर्दै आईरहेको कारण १३.५ कि.मि.सडक कालोपत्रे भएको, करिव ४५० कि.मि. ग्राभेल गरिएको छ भने करिव २२५ कि.मि. सडक माटोको सतहकै अवस्थामा रहेका छन् । कृषि तथा पशुपालनको व्यवसायिकिकरण, उद्योग कलकारखानाको स्थापना र विकास, व्यापार व्यवसायको बढोत्तरी लगायत यस पालिका भित्र हुने सवै प्रकृतिका आर्थिक कृयाकलाप त्यतिखेर मात्र सहज रुपमा सम्भव छ जति वेला आवागमन र ढुवानीकालागि सहज अवस्था रहि रहोस । यस अवस्थाको एक मात्र आधार सडक यातायात पूर्वाधार रहेका कारण यसै शिर्षक अन्तरगत रहेर आन्तरिक आय समेत बृद्धि गर्न सकिने तथा समग्र नगरपालिकाको आर्थिक गतिविधिमा समेत योगदान पुग्ने अवस्था रहने भए बाट सडकहरूको क्रमिक स्तरोन्नती एक अनिवार्य सर्तको रुपमा रहेको अवस्था छ ।

**२.२ नगरपालिकाको मानव संसाधनको अवस्था** .

गौरादह नगरपालिकाले २०७८ साल असार २६ गते आफ्नो सङ्गठन संरचना तयार पारी आवश्यक जनशक्तिको विवरण समेत तयार गरेको अवस्थामा रहेको छ । नगरपालिकाले पारित गरेको सङ्गठन संरचना बमोजिम प्रमुम प्रशासकीय अधिकृतको मातहत रहने गरी ८ वटा शाखा, १७ वटा उपशाखा, ९ वटा इकाई लगायत केन्द्र तथा कक्ष समेतको व्यवस्था गरेको छ । स्वीकृत सङ्गठन संरचना अनुसूची ३ मा उल्लेख गरिएको छ । यी शाखा, उपशाखा तथा इकाई र केन्द्रहरूमा अधिकृत वा सो सरह, समायक पाँचौ वा सो सरह, सहायक चौथो वा सो सरह तथा श्रेणी विहिन जनशक्तिको व्यवस्था गर्ने तयारी गरिएको छ भने राजश्व सुधार योजना कार्यान्वयनको जिम्मेवारी स्वीकृत सङ्गठन संरचना बमोजिम आर्थिक प्रशासन शाखा मातहत रहने राजश्व व्यवस्थापन उपशाखालाई रहेको छ । यस उपशाखामा मात्र १ जना सहायक पाँचौं तहको कर्मचारी कार्यरत रहनु भएको अवस्था छ भने व्यवसाय रजिष्ट्रेसन साथै राजश्व सङ्कलनको जिम्मेवारी वडा समितिको कार्यालयलाई प्रदान गरिएको अवस्था छ ।

राजश्व शाखामा कार्यरत तथा जिम्मेवारी प्राप्त कर्मचारीको विवरण

| क.सं. | कार्यरत कर्मचारीको नाम | पद | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | जानुका कार्की | सहायक पाँचौ | राजश्व शाखा | |
| २ | वडा सचिव तथा राजश्व सहायक | | वडा समितिको कार्यालय | |

**२.३ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था**

गौरादह नगरपालिकाको आफ्नै नव निर्मित कार्यपालिका कार्यालय भवन रहेको छ । यस पालिका सँग वडा समितिका कार्यालय भवन लगायत चारपांग्रे गाडि ३ वटा, मोटरसाईकल २४ वटा, दमकल १ थान, टिपर १ थान, एम्बुलेन्स १ थान रहेको पाईन्छ भने यकिन जिन्सि विवरण उपलब्ध हुन नसकेतापनि स्थलगत अवलोकन गर्दा सवै शाखा, उपशाखा तथा इकाई र केन्द्रहरूमा समेत पर्याप्त कुर्सि, टेवल, डेस्कटप कम्प्यूटर, प्रिण्टर, प्रमुख प्रशासकीय अधिकृत, नगर प्रमुख तथा उपप्रमुखका कोठामा सोफा समेतको व्यवस्था रहेको छ ।

राजश्व उपशाखाको हकमा भने कुर्सि, टेवल तथा ल्यापटप कम्प्यूटर १ थान र प्रिण्टर १ थान रहेको अवस्था छ भने वडा कार्यालयहरूमा समेत कुर्सि, टेवल, कम्प्यूटर तथा प्रिण्टर सहित नेट इन्टरनेटको समेत सुविधा उपलब्ध रहेको छ

## परिच्छेद – ३ (तीन)
## स्थानीय तहको राजश्व अधिकार तथा आय सम्भाब्यता .

### ३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानीक तथा कानुनी व्यवस्था

स्थानीय तहहरूलाई स्थानीय सरकारको रुपमा आफ्ना कार्य जिम्मेवारीहरू सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने गरी आर्थिक रुपले सम्पन्न, प्रशासनिक हिसावले चुस्त दुरुष्त र कानूनी हिसावले अधिकार सम्पन्न बनउने हिसावमा वर्तमान संविधानको अनुसूची ८ र ९ मा स्थानीय तहका एकल तथा साझा अधिकारका क्षेत्रहरूलाई समावेश गरिएकोछ । सम्बन्धित एकल तथा साझा अधिकारहरू प्रयोग र कार्यान्वनयमा कहि कतै दुविधा उत्पन्न नहुने गरी यस सँग सम्बन्धित केहि प्रावधानहरू संबिधानको मुख्य भागको रुपमा देहाय बमोजिम व्यवस्था गरिएको अवस्था छ

संविधानको भाग-१९ स्थानीय आर्थिक कार्यप्रणाली अन्तरगत धारा २२८ मा कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन पाइने छैन साथै स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्नेछ भन्ने व्यवस्था रहेको

- संविधानको भाग-१९ को धारा २३० मा गाउँ तथा नगरपालिकाको राजस्व र व्ययको अनुमान सहितको बार्षिक रुपमा नीति कार्यक्रम सहितको बजेट स्थानीय कानून बमोजिम गाउँ सभामा पेश गरी पारित गराउनु पर्नेछ साथै संविधानको अधीनमा रही गाउँ तथा नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान पेश गर्दा घाटा बजेट निर्माण गर्नु पर्ने भएमा संघीय कानून र प्रदेश कानून बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको

### ३.१.१ संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था

संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्र देहाय बमोजिमका कर लागाउन तथा राजश्व सङ्कलन गर्न पाउने व्यवस्था गरेको छ ।

- सम्पत्ति कर
- भूमीकर (मालपोत)
- घर बहाल कर
- सवारी साधन कर
- व्यवसाय कर
- मनोरञ्जन कर
- सेवा शुल्क दस्तुर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- पर्यटन शुल्क
- विज्ञापन कर
- दण्ड जरिवाना

स्थानीय सरकार संचालन ऐन, २०७४ समेतका संघीय कानुन बमोजिम स्थानीय तहलाई आफ्नो कार्यक्षेत्र भित्र आय सङ्कलनकालागि संबिधानत प्राप्त एकल तथा साझा अधिकारका सूचिमा भएको व्यवस्थालाई देहाय बमोजिम थप स्पष्टताका साथ अधिकार प्रदान गरेको छ :

#### ३.१.१.१ गाउँपालिका वा गाउँपालिकाको एकल अधिकारः

**३.१.१.१.१ करः** गाउँपालिकाले देहायक शिर्षक वा क्षेत्रमा कर सङ्कलन गर्न पाउने व्यवस्था रहेको छ ।

**क. सम्पत्ति करः**

आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने । “घरले चर्चेको जग्गा” भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गा सम्म पर्ने । (आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट संशोधित व्यवस्था)

**ख. भूमि कर (मालपोत):**

आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । (आर्थिक विधयक २०७५ बाट संशोधित व्यवस्था)

**ग. घर जग्गा बहाल कर:**

कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा ।

**घ. व्यवसाय कर:**

पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।

**ङ. सवारी कर:**

टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।

**च. जडिबुटी, कवाडी र जीवजन्तु कर:**

आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत ।

**३.१.१.१.१.२ शुल्क:** गाउँपालिकाले देहायका शिर्षक वा विषय क्षेत्रमा शुल्क लिन सक्ने व्यवस्था रहेको छ ।

क. बहाल बिटौरी शुल्क: आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।

ख. पार्किङ् शुल्क: आफ्नो क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**३.१.१.१.१.३ सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायमशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि जस्ता सेवामा
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**३.१.१.१.१.४ दस्तुर**

**क. दर्ता, अनुमति तथा नवीकरण दस्तुर**

- एफएम रेडियो संचालन,
- घ वर्गको निर्माण इजाजत पत्र,
- विद्यालय स्थापना,
- स्थानीय स्तरका व्यापारिक फर्म,
- सहकारी,
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ,
- औषधि पसल,
- प्लटिङ्ग
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग

ख. नक्सा पास दस्तुर

ग. पञ्जीकरण व्यवस्थापन दस्तुर

घ. वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**३.१.१.१.१.५ बिक्री गर्न सक्ने (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)**

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**३.१.१.१.१.६** सामुदायिक वनबाट आय प्राप्त गर्ने

सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।

- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**३.१.१.१.२ साझा अधिकार अन्तरगत प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन्रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, सङ्कलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहको पत्रपत्रिकाको दर्ता

**संघीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) ले स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :**

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)**

- सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा गाउँपालिकाले लगाउने र उठाउने
- घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा गाउँपालिकाले उठाउने ।
- मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने
- विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

उल्लेखित शिर्षक बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा गाउँपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

**(ख). प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।**

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने

- आयोगले निर्धारण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने
- प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**ग. राजस्व बाँडफाँड**

- नेपाल सरकारले सङ्कलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
- आयोगले निर्धारण गरेकोआधार र ढाँचा बमोजिम बाँडफाँड हुने
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने

**घ. अनुदान**

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त हुने
- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदानः पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

**(ङ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने

**३.१.१.१.३ कर नलाग्ने**

(१) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको सम्पत्तिमा सम्पत्ति कर लाग्ने छैन

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्वमा रहेको घर र जग्गा
(ख) सरकारी अस्पतालको भवन र जग्गा
(ग) गुठीको स्वामित्वमा रहेको जग्गा
(घ) सरकारी शिक्षण संस्था र अन्य सरकारी निकायको स्वामित्वमा रहेको भवन र जग्गा
(ङ) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को भवन र जग्गा
(च) खानेपानी सङ्कलन पोखरी, हवाई मैदान, विद्युत उत्पादन गृह, मसानघाट, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू
(छ) राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगका भवन र जग्गा

(२) सम्पत्ति कर लागेको सम्पत्तिमा भुमिकर/मालपोत लाग्ने छैन

(३) उपदफा (१) बमोजिम सम्पत्ति कर नलाग्ने भनी तोकिएको सम्पत्तिमा प्रचलित कानुन बमोजिम सम्पत्ति कर लाग्ने कुनै व्यक्ति, निजी क्षेत्र, संघ, संस्था वा निकायले निश्चित अवधिसम्म प्रयोग गर्ने गरी कुनै संरचना निर्माण गरेमा यस्तो संरचनामा भने सम्पति कर लाग्नेछ ।

(४) सवारी साधन कर नलाग्नेः नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकार, राजदूतावास, वाणिज्य नियोग, कुटनैतिक नियोगको स्वामित्वमा रहेका सवारीकालागि सवारी साधन कर लाग्ने छैन ।

(५) कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र

सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने गरी स्थानीय तहलाई अधिकार प्राप्त रहेको साथै स्थानीय तहकालागि निर्धारण भएका कानुनी व्यवस्था समेतका आधारमा गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शिर्षकगत रुपमा विस्तृतमा विश्लेषण गरिएको कारण यसबाट आन्तरिक आय परिचालनको अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएका राजश्वको दायरा, समस्या तथा चुनौतिहरूलाई राजस्व सुधार कार्ययोजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ ।

### ३.१.१.१.४ बस्तुगत विवरण (Profile) तयार गर्नु पर्नेः

प्रत्येक स्थानीय तहले वार्षिक योजना तथा बजेट तर्जुमा सहभागितामुलक प्रकृया बाट नतिजामुलक ढंगले गर्नुपर्दछ । बार्षिक योजना र बजेट तर्जुमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतको यथार्थ स्थिति देखिने गरी बस्तुगत विवरण (Profile) तयार गर्नु पर्नेछ ।

### ३.१.२ प्रदेश आर्थिक ऐन, २०७७

प्रदेश नं. १ सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७७ ले प्रदेश भित्र केहि कर र शुल्क लगाउन, लगाई राखेकोलाई चालु राख्न, हेरफेर गर्न तथा प्रदेशको राजश्व प्रशासन सम्बन्धी व्यवस्था तोक्न आवश्यक रहेका कारण देहाय बमोजिमको व्यवस्था गरेको पाईन्छ ।

### ३.१.२.१ घर जग्गा रजिष्ट्रेशन शुल्क

- प्रदेशभित्र घरजग्गा रजिष्ट्रशन गर्दा अनुसूचीमा उल्लेख गरी रजिष्ट्रशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर निर्धारण गरेको
- शुल्कको सङ्कलन घर जग्गा रजिष्ट्रेशनका बखत संबन्धित गाउँपालिका वा नगरपालिकाले गर्ने तर गाउँपालिका वा नगरपालिका मार्फत घरजग्गा रजिष्ट्रेशन उठाउन आवश्यक पर्ने साधन, स्रोत, प्रविधि, जनशक्ति र कार्यालयको व्यवस्थापन नभए सम्मका लागि नेपाल सरकार बाट तोकिएको कार्यालयले सङ्कलन गर्ने व्यवस्था गरेको
- यसरी सङ्कलन भएको रकम मध्ये ६० प्रतिसतले हुन आउने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सञ्चित कोषमा र ४० प्रतिसतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पने व्यवस्था रहेको

### ३.१.२.२ सवारी साधन करः

- प्रदेशभित्र सवारी साधन कर अनुसूचीमा उल्लेख गरी निर्धारण गरेको साथै असुल गर्ने व्यवस्था गरेको
- अन्य कुरा जेसुकै उल्लेख गरेको भएता पनि टाँगा, रिक्सा, अटो रिक्सा, विद्युतीय रिक्सा (ई-रिक्सा) र पावर ट्रेलरमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले सवारी साधन कर लगाई असुल उपर गर्न सक्ने व्यवस्था गरेको
- गाउँपालिका वा नगरपालिका मार्फत सवारी साधन कर उठाउन आवश्यक पर्ने साधन, स्रोत, प्रविधि, जनशक्ति र कार्यालयको व्यवस्थापन नभए सम्मका नेपाल सरकार बाट तोकिएको कार्यालयले सङ्कलन गर्ने व्यवस्था गरेको
- तोकिएको कार्यालय मार्फत सङ्कलन भएको रकम मध्ये ६० प्रतिसतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा र ४० प्रतिसतले हुन आउने रकम प्रदेश विभाज्य कोषमा दाखिला गर्नु पने व्यवस्था रहेको

### ३.१.२.३ मनोरञ्जन कर

- प्रदेशभित्र सञ्चालित चलचित्रघर, हाटबजार, मेला, साँस्कृतिक प्रदर्शनी हल, थिएटर र कन्सर्टमा देखाईने मनोरञ्जनजन्य कृयाकलापमा अनुसूचीमा उल्लेख गरी शुल्क निर्धारण गरेको साथै एक मुष्ठ तोकिएको हकम सोहि बमोजिम र अन्यको हकमा टिकटको मूल्यमा लिने व्यवस्था गरेको
- यसरी उठेको रकम सम्बन्धित धनीले सम्बन्धित स्थानीय तहमा जम्मा गर्नु पर्ने व्यवस्था गरेको
- यसरी सङ्कलन भएको रकम मध्ये ६० प्रतिसतले हुन आउने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सञ्चित कोषमा र ४० प्रतिसतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पने व्यवस्था रहेको
- मनोरञ्जन करको नियमन र प्रशासन गाउँपालिका वा नगरपालिकाले गर्ने व्यवस्था गरेको

### ३.३.३.४ विज्ञापन कर

- प्रदेशमा विज्ञापन तथा प्रचर सामाग्रि राखे बापतको कार सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाई असुल उपर गर्ने व्यवस्था गरेको
- यसरी सङ्कलन भएको रकम मध्ये ६० प्रतिसतले हुन आउने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सञ्चित कोषमा र ४० प्रतिसतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था रहेको

### ३.१.२.५ प्राकृतिक श्रोत सङ्कलन तथा विक्री शुल्कः

- अनुसूचीमा उल्लेख गरे बमोजिमको दर रेटमा ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तरको सङ्कलन तथा विक्रिमा शुल्क लगाउने र उठाउने व्यवस्था गरेको
- यस प्रकारको शुल्कको नियमन र प्रशासन गाउँपालिका वा नगरपालिकाले गर्ने व्यवस्था गरेको
- आफ्नो गाउँपालिका वा नगरपालिका क्षेत्र भित्र बाट ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्क सङ्कल अगावै वातावरणीय प्रभाव मूल्याङ्कन गर्न अनिवार्य गरिएको
- यसरी सङ्कलन भएको रकम मध्ये ६० प्रतिसतले हुन आउने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सञ्चित कोषमा र ४० प्रतिसतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था रहेको

### ३.१.२.६ पर्यटन शुल्कः

- प्रदेश सरकार र स्थानीय तह बिच प्रदेश/पालिका भित्र पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय कृयाकलापमा पर्यटन शुल्क लगाई असुल उपर गर्ने अलग अलग व्यवस्था गरेको
- गाउँपालिका वा नगरपालिका भित्र रहेको पार्क, उद्यान, संग्रहालय तथा नेपाल सरकरले प्रवेश शुल्क उठाउन अनुमति दिएका प्राचिन स्मारक र पुरातात्विक सम्पदा लगायत अन्य पर्यटकीय स्थल प्रवेश गरे वापत सम्बन्धित गाउँपालिका वा नगरपालिकाले पर्यटन शुल्क लगाई असुल उपर गर्ने तथा यस प्रकारको पर्यटन शुल्कको नियमन र व्यवस्थापन स्वयम् गाउँ/नगरपालिकाले गर्ने व्यवस्था गरेको
- यस प्रकारको शुल्क वापत उठेको कुल रकमको ४० % रकम प्रदेश सन्चित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था गरेको

### ३.१.२.७ छुट तथा दण्ड जरिवानाः

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश सरकारले प्रदेश आर्थिक ऐन र प्रचलित कानून बमोजिम लगाईएका करको दर, दस्तुर, शुल्क घटाउन, बढाउन वा आंसिक वा पूर्ण रुपले छुट दिन सक्ने व्यवस्था गरेको साथै जुन प्रयोजन र बस्तुमा छुट पाएको हो उक्त बस्तुको प्रयोग अन्य काममा प्रयोग गरेमा जरिमाना समेत गर्न सक्ने व्यवस्था गरेको छ ।

## ३.२ गौरादह नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

स्थानीय सरकारको हैसियतमा प्राप्त संबैधानिक तथा कानूनी अधिकारका आधारमा आफ्नो स्थापनाकाल बाट आजको यस अवधि सम्म आईपुग्दा गौरादह नगरपालिकाको आन्तरिक आय परिचालनको अवस्था अध्ययन गरिएकोमा उक्त अध्ययन बाट देहायको अवस्था प्राप्त भएको छ ।

| क्र.सं. | आय शिर्षक | सम्भावना | दर निर्धारण | सङ्कलनको अवस्था ( २०७८ माघ मसान्त) | कैफियता |
|---|---|---|---|---|---|
| **क. कर तर्फ** | | | | | |
| १ | सम्पति कर | छ | छ | छैन | प्रकृयामा रहेको |
| २ | भूमिकर (मालपोत) | छ | छ | २६२४२२३.३ | ३०.५१ % |
| ३ | सवारी कर | छ | छ | ४०६००.० | ८१.२० % |
| ४ | घर जग्गा बहाल कर | छ | छ | ४१२२४८.७० | २५.७६ % |
| ५ | व्यवसाय कर | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | जडीबुटी, कवाडी र जीवजन्तु कर | छ | छ | छैन | |
| ७ | विज्ञापन कर | छ | छ | छैन | प्रकृयामा रहेको |
| ८ | मनोरञ्जन कर | छ | छैन | छैन | प्रकृयामा रहेको |
| **ख. गैर कर तर्फ** | | | | | |
| १ | शुल्क | | | | |
| १.१ | बहाल विटौरी शुल्क | छ | छ | ८८६६६.० | |
| १.२ | पार्किङ्ग शुल्क | छ | छैन | छैन | |
| २ | सेवा शुल्क | | | | |
| २.१ | केवलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छैन | छैन | छैन | |
| २.२ | आफुले निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) | आंसिक छ | आंसिक | छैन | |
| २.३ | मूल्यांकन सेवा शुल्क | छ | छ | छ | |
| २.४ | सिफारिश सम्बन्धी कुनै सेवा शुल्क (वडामार्फत् गरिने सिफारिश समेत) | छ | छ | २६०६०४१.९ | ३७.२ % |
| ३ | दस्तुर | | | | |
| ३.१ | नक्सापास दस्तुर | छ | छ | ५१४३९३.० | १२.८६ % |
| ३.२ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर ( एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम ट्युसन, कोचिङ, औषधी पसल आदी) | आंसिक छ | आंसिक छ | ८९२५००।० | |
| ३.३ | जग्गा जमिन प्लटिङ्ग | छ | छैन | छैन | |
| ३.४ | ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग | आंसिक छ | छैन | छैन | प्रकृयामा रहेको |
| ३.५ | पञ्जीकरण व्यवस्थापन दस्तुर | | | | |
| ३.६ | वडामार्फत् गरिने सवै प्रकारका प्रमाणित दस्तुर | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | विक्रि | | | | |
| ४.१ | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | आंसिक छ | छैन | छैन | प्रकृयामा रहेको |
| ४.२ | स्लेट, ढुङ्गा, गिट्टि, वालुवा एवम् माटोजन्य वस्तुको विक्री | आंसिक छ | छैन | छैन | प्रकृयामा रहेको |
| ५ | व्यक्तिगत घटना दर्ता शुल्क | छ | छ | १७२१७६.० | ४३.० % |
| ६ | सरकारी सम्पत्तिको बहालबाट आय | छ | छ | छ | |
| ७ | अस्पताल संचालन | छ | छैन | छैन | |
| ८ | सरसफाई तथा फोहरमैला व्यवस्थापन शुल्क | छ | छैन | छैन | |
| ९ | स्थानीय खानेपानी महसुल | छैन | छैन | छैन | |
| १० | स्थानीय विद्युत्महसुल | छैन | छैन | छैन | |
| ११ | ढुङ्गा, गिट्टि, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | आंसिक छ | छैन | छैन | प्रकृयामा रहेको |
| १२ | दण्ड जरिवाना | आंसिक छ | छैन | छैन | प्रकृयामा रहेको |

### ३.३ आन्तरिक राजश्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

गौरादह नगरपालिका उद्योग, व्यापार, व्यवसाय, कृषि, पशुपालन लगायत प्राकृतिक श्रोतको पूर्ण सदुपयोगको माध्यम बाट आर्थिक समृद्धिको आधार निर्माण गर्नकालागि प्रसस्तै सम्भावना र अवसर बोकेको नगरपालिका हो । संघीयताको सुरुवात सँगै स्थानीय सरकारको रुपमा स्थापित भए पछि यस नगरपालिका भित्र कमिक रुपले विकास र विस्तार हुँदै गरेका आर्थिक, भौतिक, सामिजि तथा सांस्कृतिक बिकास सँग सम्बन्धित पूर्वाधारहरूको विकास र बिस्तारले गति लिईरहेकोमा व्यवसायिक कृषि प्रणाली साथै कृषि उत्पादन र तीनमा आधारित हाट बजार, पर्यटन पूर्वाधारको विकास र त्यसमा आधारित विभिन्न व्यवसायीक प्रतिष्ठान, सामान्य रुपमानै भएपनि प्राकृतिक श्रोतको रुपमा स्थापित विभिन्न प्रकारका खोला नाला तथा बन जङ्गलको उपस्थिति तथा विभिन्न धार्मिक तथा सास्कृतिक स्थाल र मेला तथा जात्राहरूका कारण पर्यटकीय दृष्टिकोणले समेत सामान्य स्तरको सम्भावना बोकेको नगरपालिकाको रुपमा समेत चिनारी राख्न सफल देखिन्छ । यस नगरपालिकालाई आर्थिक रुपले सम्पन्न, प्रशासनिक रुपले सक्षम, भौतिक तथा भौतिक पूर्वाधारको हिसावले व्यवस्थित तथा नेत्रीत्वको हिसावले सार्थक र परिणाममुखि बनाउन अनिवार्य छ । स्थानीयबासीहरूको विकास प्रतिको अभिरुचीलाई मध्य नजर राख्दै जनताको विकास प्रतिको ठूलो अपेक्षालाई पूरा गर्न मद्दत पुऱ्याउने अपेक्षाका साथ विद्यमान सम्भावना र अवसरहरूरूको खोजी, पहिचान, विस्तार, संरक्षण तथा सम्बर्द्धन गर्दै उपलब्ध स्रोत र साधनहरूको सहि व्यवस्थापन साथ वर्तमान चुनौतिहरूको सामना गर्न सक्ने स्थानीय सरकारको रुपमा क्षमता विकास गर्न आवश्यक छ । वर्तमान संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ समेतले निर्धारण गरेका एकल अधिकार क्षेत्र र क्षेत्रगत सिमा साथै साझा अधिकारका क्षेत्रमा यस पालिकालाई प्राप्त अधिकारको सिमा भित्र रहेर कर तथा गैरकर राजश्वका विभिन्न पक्षहरूलाई समेट्दै जस्ले बढी आम्दानी गर्छ उसैले बढी कर तिर्ने **बैज्ञानिक र "प्रगतिशिल कर प्रणलिको"** मार्ग अवलम्बन गरी संघीय तथा प्रदेश सरकारले निर्धारण गरेका नीति, कानून र व्यवस्थालाई समेत आधार मानि देहाय बमोजिमको बस्तु तथा सेवामा सम्पति कर, भूमिकर, घर जग्गा बहाल कर, ब्यापार व्यवसाय कर, मनोरञ्जन कर लगायतका कर साथै दस्तुर, सेवा तथा सिफारिस शुल्क र दण्डजरीवाना समेतका विषयगत क्षेत्रमा विभक्त गरी नगरपालिकाबासीको जीवनस्तर समेतलाई केन्द्रविकन्दुमा राखेर कर तथा गैरकर राजश्वका प्रमुख क्षेत्र र सम्भावनाको विश्लेषण सहित दर रेट प्रस्ताव गरिएको छ । प्रमुख क्षेत्र सम्भावनाका आधारमा यस नगरपालिकाकालागि प्रस्ताव गरिएका कर तथा गैरकर राजश्वको विस्त्रित विवरण शिर्षकगत खण्डहरूमा उल्लेख गरिएको छ भने चालु आ.व. कालागि गौरादह नगरपालिकाले मिति २०७८

साल असार २६ गतेको नगरसभा बाट पारित आर्थिक ऐन, २०७८ ले गरेको व्यवस्था, वर्तमान अवस्थमा सम्बन्धित कर तथा गैरकर राजश्वहरूको शिर्षकगत संभावना र सुधारका पक्षहरू समेत देहाय बमोजिम रहेका छन् ।

### ३.३.१ स्थानीय कर राजस्व

#### ३.३.१.१ सम्पत्ति कर

**क. वर्तमान अवस्था/व्यवस्थाः**

- नगरपालिकाको आर्थिक ऐन, २०७८ को २ मा स्थानीय सरकार सञ्चालन ऐन (संशोधन सहित) २०७४ को दफा ५५ अनुसार गौरादह नगरपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पति कर लगाईने र असुल उपर गरिनेछ भन्ने व्यवस्था रहेको
- सम्बन्धित अनुसूचीको १ मा सम्पति कर निर्धारणकालागि सम्बन्धित घर धनी वा निजको हकवाला वा प्रतिनिधिले निर्माणाधिन संरचनाको प्रकृति सहित घरको मूल्य स्वघोषणा गर्नु पर्ने व्यवस्था गरिएको
- संरचना निर्माण भएका बस्तुको आधारमा मूल्याङ्कन दर प्रति बर्गफुटमा निर्धारण गरिएको
- जग्गाको हकमा संरचनाले ओगटेको दोब्बर सम्मलाई मात्र लिईएको
- सम्पति धनीले सम्पति करमा गणना हुने जग्गा जमिनको स्वघोषणा गरेको मूल्य र घर संरचनाको मूल्य गरी दुवैलाई जोडि आउने रकमलाई सम्पती कर लिईने आधार भनि उल्लेख गरिएको
- घर वा संरचनाले ओगटेको जग्गाको स्वमूल्याङ्कन ३ बर्ष सम्मकालागि कायम रहने व्यवस्था गरिएको
- नगरपालिकामा दर्ता भएका कृषि तथा पशुपन्छी फर्महरूमा भएको जग्गामा लागेको सम्पति करमा ५० प्रतिसत छुटको व्यवस्था गरिएको
- घर संरचनाको आधारमा तपसिल बमोजिम मूल्याङ्कन दर हुने भनि प्रति बर्गफुट न्यूनतम रु ५००।० देखि अधिकतम १८५० सम्म निर्धारण गरिएको
- सम्पति कर प्रयोजनकालागि घरको मूल्याङ्कन दर अनुसार हुने कुल मूल्यमा गौरादह बजारलाई प्रथम तह, स्कुलचवन, ग्वालडुवा, चप्रामारी, दामुना, बैगुनधुरा बजार क्षेत्रलाई दाश्रो तह र बाँकी क्षेत्रलाई तेश्रो तहमा बर्गिकृत गरी कुल मूल्याङ्कन रकमको क्रमस ०.०५ % ०.०४ % र ०.०३ % का दरले लिने व्यवस्था गरिएको
- सम्पति कर निर्धारणकालागि बार्षिक रुपमा मूल्याङ्कन गरी सम्पति मध्ये घर संरचनाको बार्षिक ह्रस कट्टी गर्नु पर्ने व्यावस्था हुनु पर्नेमा सो विषय उल्लेख नगरिएको
- घर तथ भवन निर्माणकालागि प्रयोग भएको कच्चा पदार्थ र प्रविधिका आधारमा उक्त संरचनाको निस्चित आयु निर्धारण गरिनु पर्नेमा सो नगरिएको
- उल्लेखित शिर्षक मा आ.व.२०७७/७८ तथा चालु आ.व. को माघ महिना सम्म कुनै पनि रकम प्राप्त हुन नसकेको अवस्था रहेको कारण ऐन तथा दर रेट निर्धारण भएको भएतापनि कार्यान्वयनमा नआएको

**ख. सम्भावना**

वि.सं. २०६८ सालको केन्द्रिय तथ्याङ्क विभागको प्रतिवेदनका आधारमा गौरादह नगरपालिकामा कुल १२०७० घरधुरी रहेका थिए । वि.सं. २०६८ सालको विवरणका आधारमा यस पालिका भित्र निर्माण भएका घरहरूको जगको बनोटको अध्ययन गर्दा ६२.८७ प्रतिसत घर काठको खम्बाले बनेका, ६.७४ प्रतिसत घर आर.सी.सी. पिलरका बनेका, २.४३ प्रतिसत घर माटोको जोडाई भएका, १५.१५ प्रतिसत घरहरू सिमेण्टको जोडाई भएका देखिन्छन भने १२.८० प्रतिसत घरहरूको यथार्थता प्राप्त हुन नसकेकाका कारण अन्य भनि उल्लेख गरिएको अवस्था छ । यसै गरी गौरादह नगरपालिका भित्र गारो र छानाको बनोटको आधारमा निर्माण भएका घरहरूको विस्त्रित विवरण सम्बन्धित शिर्षकमा उल्लेख गरिएको छ ।

यस पालिकाको जनसङ्ख्याको बृद्धिको अवस्था, गा.वि.स बाट नगरपालिकामा भएको स्तरोन्नती, सेवा सुविधा उपयोग प्रतिको जागुरुकता साथै सुरक्षित आवस प्रतिको स्थानीयको अभिरुची र चासो तथा औषत घरपरिवार सङ्ख्याको आधारमा विगतको घर सङ्ख्यामा यस अवधिमा करिव १७३४ घर सङ्ख्या बृद्धि भई कुल १३८०४ को हाराहारिमा पुगेको अनुमान गरिएको छ । स्थानीयबासिको आय आर्जनमा भएको परिवर्तन, वैदेशिक रोजगारीको प्रभाव, सुरक्षित आवसको तिब्र ईच्छा सक्ति साथै निर्माण सामाग्रिको उपलब्धता, विकसित प्रविधि र भुकम्प प्रतिरोधी संरचना प्रतिको आकर्शण तथा बाध्यता

समेतका आधारमा घर तथा भवन निर्माणमा प्रयोग हुने कच्चा पदार्थमा समेत ठूलो परिवर्तन भएको पाईन्छ । नगरपालिकाले स्वयं घरपरिवार सर्वेक्षण मार्फत नगरको बस्तुस्थिति विवरण सङ्कलन गर्न नसकेको भएतापनि स्थानीय परिवेशको अवलोकन गर्दा विगतका काठ तथा माटोको सहायताले बनेका घरहरू क्रमस विस्थापित हुँदै गएका छन् भने आर.सि.सि. फ्रेम स्ट्रक्चरका घरहरू निर्माण गर्ने कार्यले तिब्रता पाईरहेको देखिन्छ ।

विद्यमान कानूनी व्यवस्था अनुसार घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेका कारण यस राजश्व सुधार योजना तर्जुमा गर्दा यस अवधिमा बृद्धि अनुमान सहितका कुल १३८०४ घरधुरीलाई नै कुल सम्पत्ति करदाता सङ्ख्या कायम गरिएको छ । वर्तमान परिवेश र निर्माण प्रकृयामा रहेका संरचना साथै नगरपालिकामा प्राप्त निवेदन साथै निर्माण सामाग्रिको प्रयोगको आधारमा यस पालिकामा रहेका तथा निर्माण हुने घर तथा भवन संरचनाहरूलाई देहाय बमोजिमका १५ वटा समूहमा बर्गिकरण गर्न सकिने सम्भावना रहेको छ । यसरी वर्गिकरण गरी सम्पति करलाई व्यवस्थित रुपमा कार्यान्वयनमा ल्याउन पर्ने र यसरी सम्पतिकरको सम्भावनाको प्रथम आधार बर्षमा ६० प्रतिसत मात्र सफलता प्राप्त गर्न सके पनि आन्तरिक आय प्रक्षेपणका आधारमा यस शिर्षक बाट मात्र यस पालिकालाई **रु ४ करोड ५७ लाख ३७ हजार बराबारको** आन्तरिक आय हुने सम्भावना देखिएको साथै त्यस पछिका बर्षहरू थप बृद्धि हुँदै जाने भए बाट नगरपालिकाको आन्तरिक आयको प्रमुख श्रोतको रुपमा स्थापित हुने अवस्था देखिएको छ ।

- फ्रेम स्ट्रक्चर पक्का इटा वा ढुंगामा सिमेन्टको जोडाई र RCC छाना (लिफ्ट सहितको)
- फ्रेम स्ट्रक्चर पक्का इटा वा ढुंगामा सिमेन्टको जोडाई र RCC छाना
- पक्का इटा वा ढुंगामा सिमेन्टको जोडाई र RCC ढलनाको छाना
- फलामको खम्बा वा स्ट्रक्चर, जस्तापाताको घेराबरा तथा छाना
- फ्रेम स्ट्रक्चर पक्का इटा वा ढुंगामा सिमेन्टको जोडाई जस्ता पाताको छाना
- फलामको खम्बा वा स्ट्रक्चर, फेव्रिकेटड घेराबारा तथा जस्तापाताको छाना
- पक्का इटा वा ढुंगामा सिमेन्टको जोडाई ट्रसका साथमा जस्ता पाताको छाना
- पक्का इटा वा ढुंगामा सिमेन्टको जोडाई खर तथा परालको छाना
- काठ वा सिमेण्टको खम्बा, सेन्टर बेराको बारबोर, टिनाको छाना
- काठ वा सिमेण्टको खम्बा, सेन्टर बेराको बारबोर, टिनाको छाना
- पक्का इटा वा ढुंगामा माटो जोडाई जस्ता वा टायल वा खरको छाना
- काठ /फलाम वा सिमेण्टको खाबे घर जस्ता टायल वा खरको छाना
- काठ /सिमेण्टको खावा टिना वा टायलको छाना भएको भुई तथा टाडे घर
- बाँस तथा काठको खाँवा, टाटिको घेराबारा, टिनाको छाना (एक मुष्ठ)
- बाँस तथा काठको खाँवा, टाटिको घेराबारा, फुसको छाना (एक मुष्ठ)

**ग. सुधारका पक्षहरू:** सम्पत्ति कर कार्यान्वयनका लागि नगरपालिकाले गर्नुपर्ने विषयहरू निम्नअनुसार रहेको देखिन्छ :

- सम्पत्ति करलाई प्रगतिशिल करको दर निर्धारण गरि समावेश गर्ने ।
- कर निर्धारण गरी ऐनमा व्यवस्थ गरिए पछि अनिवार्य कार्यान्वयनमा ल्याउनु पर्ने
- समुहगत रुपमा विभक्त गरिएका घरहरूको सम्पति कर निर्धारण गर्दा घर निर्माणको प्रकृति, निर्माणकालागि प्रयोग भएका सामाग्रि र घर तथा जमिनले चर्चेको जग्गाको प्रकृति समेतको बस्तुगत मूल्याङ्कन दरका आधारमा मूल्याङ्कन गरी सम्बन्धित तालिकामा उल्लेखित दरमा कर निर्धारण गर्नु उपयुक्त हुने
- सम्पति करकालागि भौतिक संरचनाको ह्रासकट्टी ( प्रति बर्ष टुटफुट कट्टि दर) को आधार निर्माण गरी शेष अङ्कको हकमा अन्तिम १० प्रतिसत मूल्य रहने गरी कट्टी हुने जम्मा बर्ष किटान गर्ने
- संरचनाको आयु सुनिस्चित गर्नु पर्ने
- सम्पति कर प्रयोजनाकालागि जग्गाको मूल्याङ्कन गर्दा प्रचलित ऐन कानूनको आधारमा निर्धारण गर्ने

- संरचना तथा जग्गाको उपयोगको प्रयोजन हुने र भौतिक पूर्वाधर सेवा उपलब्ध रहेका क्षेत्रलाई मूख्य आधार बनाउनु पर्ने
- सम्पत्ति कर सम्बन्धी सफ्टवेयर सबै वडाहरूका कम्प्युटरमा राखेर नगरपालिका कार्यालय तथा सबै वडारूबाट सङ्कलन गर्ने
- सम्पत्ति कर सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरूका लागि तालिम संचालन गर्ने साथै व्यक्तिगत तथा संस्थागत क्षमता विकास गर्ने
- सम्पत्ति कर सम्बन्धी आम जनताहरूलाई सञ्चारका विभिन्न माध्यमबाट सूचित गर्ने ।

### ३.३.१.२ भूमिकर/मालपोत

**क. वर्तमान अवस्था/व्यवस्था**

- नगरपालिकाको आर्थिक ऐन, २०७८ को ३ मा स्थानीय सरकार सञ्चालन ऐन (संशोधन सहित) २०७४ को दफा ५६ अनुसार नगरपालिका क्षेत्र भित्रको जग्गमा उपयोगको आधारमा दफा ५५ अनुसार बाहेकको क्षेत्रमा अनुसूची २ बमोजिम भूमिकर (मालपोत) लगाईने र असुल गरिनेछ भन्ने व्यवस्था रहेको
- भूमिकर/मालपोतको हकमा ५ कठ्ठा सम्मको हकमा एउटा निस्चित दर र सो भन्दा माथिको हकमा प्रति कठ्ठा हुने दर निर्धारण गरिएको
- नर बढीको दर र मालपोत बक्यौता असुलिलाई चालु बर्ष बमोजिमनै लिने भनि उल्लेख गरिएको
- वर्तमान अवस्थामा जग्गा जमिनको उपयोगिता र क्षेत्रगत अवस्थाका आधारमा दर निर्धारण नभएको
- आ.व.२०७६/७७ र २०७७/७८ मा यस शीर्षक अन्तरगत क्रमस रु ९२९२७१४.८४ र  रु ७२२५९९०.८४ यथार्थ आय सङ्कल भएकोमा आ.व. २०७८/७९ मा रु ८६ लाख प्राप्त हुने अनुमान रहेकोमा चालु आ.व. को माघ महिना सम्ममा रु २६२४२२३.२९ (कुल अनुमानको ३०.५१ प्रतिसत) मात्र आय प्राप्त हुन सकेको अवस्था छ ।
- घरपरिवार सँग रहेको जग्गा जमिनको औसत मात्रा कहि कतै उल्लेख हुन नसकेको साथै घर परिवार सर्वेक्षण समेत नगरपालिका आफै बाट नगरिएका कारण बर्गिकृत आधार तयार हुन नसकेको

**ख. संभावना**

गौरादह नगरपालिका भित्र बसोबास गर्ने घरपरिवारको स्वामित्वमा रहेको जग्गा जमिनको यकिन विवरण प्राप्त हुन नसकेता पनि करिव ९० प्रतिसत घरपरिवारका नाममा जग्गा जमिन रहेको अनुमान गरिएको छ । यो अनुमान भित्र यस पालिका बाट अन्यत्र बसाई सरी गएका व्यक्तिहरूको स्वामित्वमा समेत जग्गा हुन सक्ने सम्भावनालाई नकार्न सकिदैन । यस पालिकाको कुल १४९.९ बर्ग किलो मिटर भूभाग मध्ये करिव ८० देखि ८५ प्रतिसत भूभाग कृषि तथा आवास योग्य जमिनको रुपमा रहेको अनुमान गरिएको छ । यस अनुमानका आधारमा करिब १२७.४१ बर्ग कि.मि. जग्ग जमिन सम्पति कर तथा मालापोत योग्य जग्गा जमिन हुन सक्ने सम्भावना देखिन्छ । उपरोक्त जग्गाजमीनमा नगरपालिकाले आवास, बजार क्षेत्र तथा भौतिक पूर्वाधारको लागि १५ प्रतिसत अलग गरी १०८.२९ बर्ग कि.मि. (करिव ३१९६२३ कठ्ठा) जग्ग जमिनमा प्रगतिशिल भूमिकरको दर निर्धारण गरि जमीनको वर्गिकरण अनुसार कर लगाउन उपयुक्त हुने र आय प्रक्षेपणका आधारमा आ.व. २०७९/८० मा यस शिर्षक बाट निर्धारण गरिएको दर अनुसार ६५ प्रतिसत मात्र सफलता प्राप्त गर्न सके पनि कुल रु. १ करोड १२ लाख १८ हजार ७६७ आन्तरिक आय हुन सक्ने र त्यस पछिका बर्षहरू क्रमस बृद्धि हुँदै जाने सम्भावना रहेकोछ । यस अनुमानका आधारमा भौतिक संरचना निर्माण भएको क्षेत्रफल र सो बारबरको जमिन सम्पति करमा गणना हुने भएकाले विगतमा भूमिकर वापत उठ्ने गरेको क्षेत्र वा जग्गा जमिनको रकमको महत्वपूर्ण अङ्स सम्पति करमा रुपान्तरण हुने भएका कारण यो अनुमान विगतको तुलनामा कम देखिएको छ ।

**ग. सुधारका पक्षहरू:** यस सम्बन्धमा सुधारका पक्षहरू देहायअनुसार छन्:

- भू-उपयोगको वर्तमान अवस्था अध्यावधिक गर्ने

- घर परिवार साथै विभिन्न संघ संस्थाका नाममा रहेको जग्गा जमिनको यथार्थ विवरण सङ्कलन गर्ने
- मालपोत कार्यालयसँग समन्वय गरी नगरपालिकामा जग्गा धनी र जग्गाको तथ्याङ्क अभिलेखीकरण गर्ने ।
- भूमिकर (मालपोत) को दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अन्तरगत मुख्य बजार क्षेत्र तथा सडक पहुँच भएका बढी मूल्य जाने क्षेत्रका जग्गा जमिनमा करको दर बढी र बस्ती तथा सडकको पहुँच नभएका क्षेत्रमा करको दर कम निर्धारण गर्ने
- कुनै जग्ग जमिनको धनिपूर्जाको विवरणमा फरक पर्न गई नर बढी वा नर घटीको सम्भावना रहे नरहेको यकिन गर्ने
- बक्यौताको हकमा जे गरिने हो सम्बन्धित ऐनमा नै रेट स्पष्ट उल्लेख गरिनु पर्ने साथै बक्यौता वापत लिईने जरिवान वा छुटको व्यवस्था समेत उल्लेख गरिनु पर्ने
- निर्धातिर समय सिमा भित्र भूमिकर नतिर्ने जग्गा धनीको बक्यौता रकम असुलीको समयमा जरिवाना समेत लिनु पर्ने व्यवस्था रहेमा यसलाई दण्ड जरिवाना शिर्षक अन्तरगत व्यवस्था गरिनु पर्ने

**३.३.१.३ घर जग्गा वहाल कर**

**क. वर्तमान अवस्था/व्यवस्था**

- घर जग्गा बहाल करको हकमा नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा ४ मा स्थानीय सरकार सञ्चालन (संशोधन सहित) ऐन, २०७४ को दफा ५७ अनुसार नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा अन्य व्यक्ति वा संस्थालाई दिएकोमा तथा अनुसुची ३ बमोजिम घर जग्गा बहाल कर लगाईने र असुल उपर गरिनेछ भनि उल्लेख भएको ।
- यसै अनुसूचीमा घर बहाल कर संझौता रकमको २ प्रतिसत लिने व्यवस्था गरिएको ।
- घर बहालमा लिदा दिदा न्यूनतम बहाल रकम प्रति बर्ग फिट (बार्षिक) कायम हुने भनि गौरादह बजार क्षेत्र, ग्वालडुवा र स्कुलचवन बजार क्षेत्र, बैगुनधुरा, चप्रामारी, दामुन लगायतका अन्य बजार क्षेत्र गरी जम्मा ३ वटा क्षेत्रमा बर्गिकरण गरी अलग अलग दर रेट निर्धारण गरिएको
- जग्गा बहालमा वा लिजमा लिदा दिदाको अवस्थाको हकमा भने गौरादह बजार क्षेत्र, ग्वालडुवा र स्कुलचवन बजार क्षेत्र, बैगुनधुरा, चप्रामारी, दामुन लगायतका अन्य बजार क्षेत्रहरू र माथि उल्लेखित बाहेकका अन्य सवै ग्रमिण क्षेत्र गरी ४ वटा क्षेत्रमा बर्गिकरण गरिएको छ भने सवै क्षेत्रमा प्रति कठ्ठा एक मुष्ठ का दरले कर निर्धारण गरिएको
- आ.व.२०७६/७७ र २०७७/७८ मा यस शीर्षक अन्तरगत क्रमस रु १०३९७५३.७८ र रु ६९२४२८.२७ यथार्थ आय सङ्कल भएकोमा आ.व. २०७८/७९ मा रु १६ लाख प्राप्त हुने अनुमान रहेकोमा चालु आ.व. को माघ महिना सम्ममा रु ४१२२४८.७० (कुल अनुमानको २५.७७ प्रतिसत) मात्र आय प्राप्त हुन सकेको अवस्था छ ।

**ख. संभावना**

यस नगरपालिका क्षेत्रमा न्यून घर तथा जग्गा मात्र बहालमा रहेका स्थानीयबासी र जनप्रतिनिधिको भनाई रहेको छ । यथार्थ विवरण प्राप्त हुन नसकेतापनि यस पालिका भित्र पारिवारिक तथा संस्थागत रुपमा बनेका भवन साथै जग्गा जमिनहरू घरेलु तथा कुटिर र साना उद्योगहरू सञ्चालन गर्न, व्यापार व्यवसाय गर्न साथै पारिवारिक रुपमा बहालमा रहने गरेको अवस्था स्थानीयबासीको रहेको छ । आ.व. २०७८/७९ को माघ महिना सम्ममा यस शिर्षक अन्तरगत प्राप्त भएको रु ४ लाख १२ हजार २४८ लाई आधार मानि चालु आ.व. मा व्यक्तिगत र संस्थागत जग्गाजमिन तथा घर, टहरा, गोदाम बार्षिक कुल रु २ करोड २० लाख बराबारको भाडामा लाग्ने र उक्त भाडा रकमको आधारमा सम्बन्धित तालिकामा उल्लेख गरिएको दर रेटका आधारमा बार्षिक रुपमा रु १६ लाख ५५ हजार बराबरको आन्तरिक आय हुने बलियो आधार रहेको छ ।

**ग. सुधारका पक्षहरू:**

- घर जग्गा बहालमा लगाउने ब्यक्ति वा संस्थाको विवरण सङ्कलनत तथा अद्यावधिक गर्ने
- सोवा सुविधाको उपलब्धता र शहरी क्षेत्र, शहर उन्मुख बजार क्षेत्र तथा ग्रामिण क्षेत्रका घर तथा जग्गालाई अलग अलग घर बहाल मूल्याङ्कन दर निर्धारण गरिनु पर्ने
- घर बहाल करको दर सके सम्म अन्य पालिकाले प्रचलनमा ल्याएको दर समान हुने गरी निर्धारण गर्ने
- घर तथा जग्गा बहार कर का विषयमा नगरबासिलाई सूचित गर्ने
- सम्पति कर तथा भूमिकर असुलिको अवस्थामानै सम्बन्धित घर तथा जग्गा जमिन धनीलाई आफ्नो स्वामित्वमा रहेको घर तथा जग्गा जमिन भाडामा लगाएको वा नलगाएको स्वघोषणा गर्न लगाई क्रमिक रुपले घर तथा जग्गा जमिन वहाल कारको दायरा भित्र समेट्दै लैजाने ।
- घर तथा जग्गा जमिन भाडामा लगाएको बारेमा प्रथम पटक स्वघोषणा गर्ने घर तथा जग्गा जमिन धनीलाई आ.व. २०७८/७९ भित्र स्वघोषणा गरी बहाल कर बुझाएमा यसै आ.व.बाट मात्र बहाल कर लिने र यसरी लिएको रकममा निस्चित प्रतिसत छुट दिन सकिने व्यवस्था गर्ने ।
- अटेर गरी स्वघोषणाको अवसर गुमाएमा घर तथा जग्गा जमिन धनीले भने यस प्रकारको अवसर प्राप्त नगर्ने नीतिगत तथा कानूनी व्यवस्था गर्ने
- जग्गा बहाल करको दर समेत सम्झौतामा उल्लेखित बहाल रकमको निस्चित प्रतिसत किटान गरिनु पर्ने
- जग्गा जमिनको उपयोगिताको आधारमा मूल्याङ्कनको आधार भने प्रति कठ्ठालाई आधार बनाउन सकिने
- कसैले झुठ्ठा विवरण वा स्वघोषणा गलत गरेको रहेछ भने दण्ड जरिवाना शिर्षक अन्तरगत जरिवानाको व्यवस्था गर्ने

### ३.३.१.४ सवारी साधन कर

**क. वर्तमान अवस्था/व्यवस्था**

- सवारी साधन करको हकमा नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा ५ मा स्थानीय सरकार सञ्चालन ( संशोधन सहित) ऐन, २०७४ को दफा ५ (क) अनुसार प्रदेशले असुल गर्ने सवारी साधन करको दर बाहेक
- नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने सवारी साधनले अनिवार्य नगरपालिकामा सूचिकृत हुनु पर्ने साथै रुट पर्मिट लिनु पर्ने व्यवस्था गरिएको
- वर्तमान आर्थिक ऐनमा बार्षिक सवारी कर र सवारी साधनको किसिमको कर के भन्न खोजिएको हो स्पष्ट उल्लेख नभएको
- यसै अनुसूचिमा सम्बन्धित सवारी साधनको दार्ता, नामसारी र प्रमाण पत्र समेतको दस्तुर निर्धारण गरिएको
- बार्षिक सवारी कर र सवारीको किसिम भनि अलग अलग दर रेट उल्लेख गरिएको
- यस शिर्षक अन्तरगत निर्धारण गरिएको करको दायरा नगरपालिकाको क्षेत्राधिकार भन्दा बाहिर समेत रहेको
- सवारी साधन कर अन्तरगत आ.व.२०७६/७७ र २०७७/७८ मा क्रमस रु २४५००.० र रु ४५६३०.० यथार्थ आय सङ्कल भएकोमा आ.व. २०७८/७९ मा रु ५००००.० प्राप्त हुने अनुमान रहेकोमा चालु आ.व. को माघ महिना सम्ममा रु ४०६००.० (कुल अनुमानको ८१.२० प्रतिसत) आय प्राप्त हुन सकेको अवस्था छ

**ख. सम्भावना**

नगरपालिका क्षेत्र भित्रका विभिन्न सडकहरू सावारी, ढुवानी साथै निर्माण उपकरणहरू समेत सञ्चालन भई रहेकाले नगरपालिकाको क्षेत्राधिकार भित्र पर्नेको हकमा व्यवहारिक सवारी करको व्यवस्थापन गर्न सकिने साथै नगरपालिकाको क्षेत्राधिकार भन्दा बाहिरका सवारी, ढुवानी तथा निर्माण तथा कृषि उत्पादन कार्यमा प्रयोगमा आउने साधन तथा

उपकरणहरूको सङ्ख्या दिन प्रति दिन बढ्दो क्रममा रहेका कारण नगरपालिका आफैले निर्माण व्यवस्थपन गरेका सडकहरूको नियमित मर्मत संभार, स्तरोन्नती समेतका कार्यलाई व्यवस्थित बनाउन साथै नगरपालिकाका सवै क्षेत्रमा सवै मौषममा आवत जावत गर्न सहज बनाउन लाग्ने लागतमा साझेदारी विकास होस भन्ने अभिप्रयाले सडक पूर्वाधार उपयोग सेवा शुल्कको व्यवस्था गर्न सकिने सम्भावना रहेको । यस व्यवस्था बाट पालिका भित्र सञ्चालन हुने सवै प्रकारका साधनले अपनत्व स्वीकार गर्ने वातावरण श्रृजना हुने भएका कारण नगरपालिकाको आन्तरिक आयमा थप बढोत्तरी हुने अनुमान गर्न सकिन्छ । यस शिर्षक अन्तरगतको आय क्रमिक रुपले बढोत्तरी हुँदै गईरहेका कारण यसलाई थप व्यवस्थित र यातायात मैत्री बनाउन अनिवार्य देखिन्छ । सवारी साधन कर तथा सडक पूर्वाधार उपयोग सेवा शुल्कलाई प्रभावकारी र व्यवहारिक बनाउन सके यस शिर्षक अन्तरगत निर्धारण गरिएको दर रेट बमोजिमको न्यूनतम रु. ६ लाख ४० हजार बराबारको आन्तरिक आय हुन सक्ने सम्भावना देखिन्छ ।

**ग. सुधारका पक्ष**

- नगरपालका भित्रका माटे सतह भएका सवै सडकहरूलाई ग्राभेल गरी सवै मौषममा आवागमनकालागि सहज हुने अवस्थाको विकास गर्ने
- शहरी क्षेत्र, शहर उन्मुख बजार क्षेत्र र कृषि तथा पशुवाली उपज क्षेत्रमा समेत बर्षैभरी आवत जावत गर्न सक्ने गरी ग्राभेल गरिएका सडकहरूलाई पानी निकासको सुनिस्चितता सहित कालो पत्रे गर्ने
- नगरपालिका क्षेत्र भित्रका नगरपालिकाले स्वयं निर्माण, सञ्चालन तथा व्यवस्थापन गरिएको सडकहरूको नियमित मर्मत संभार गर्ने
- नगरपालिकाको अधिकार क्षेत्र भित्रका सवारी साधनमा मात्र सवारी साधन कर निर्धारण गरी असुल उपर गर्ने
- अन्य सवारीका साधनमा नगरपालिका आफैले निर्माण गरेका सडकहरूमा मात्र सडक मर्मत सम्भारकालागि सडक पूर्वाधार उपयोग शेवा शुल्क लिन सकिने व्यवस्था गर्ने
- सडक पूर्वाधार उपयोग शेवा शुल्कको अपरिहार्यता र यस बाट प्राप्त हुने आय यसै विषयमा खर्च हुने सुनिस्चिता सहित सम्बन्धित सरोकारवालाई जानकारी गराउने

**३.३.१.५ व्यवसाय कर**

**क. वर्तमान अवस्था/व्यवस्था**

- व्यवसाय करको हकमा नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा ६ मा स्थानीय सरकार सञ्चालन (संशोधन सहित) ऐन, २०७४ को दफा ५८ अनुसार नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (५) बमोजिम व्यवसाय कर लगाइने र असुल गरिने छ भन्ने व्यवस्था गरिएको
- व्यवसाय कर कारोवारको आधार लगाउने भनि उल्लेख भएको भएता पनि अनुसूचिमा अधिकांस शिर्षकहरूमा एक मुष्ठ प्रकृतिको दर कायम रहेको
- कारोबारको आधार भनिएता किराना पसल, कपडा पसलको हकमा चालुपूँजी उल्लेख गरिएको
- कृषि तथा पशुपन्छी फार्ममा लगानीको मात्रालाई आधार मानिएको
- सवै प्रकृतिक व्यवसायलाई एकै शिर्षक अन्तरगत सम्बोधन गरिएको
- दस्तुर वापत लिईने रकम समेत व्यवसाय करमा समावेश भएको
- नगर कार्यपालिका तथा वडा समितिको कार्यालय बाट प्राप्त विवरणलाई आधार मानि अध्ययन गर्दा यस पालिका भित्र साना, घरेलु तथा कुटिर साथै निर्माण उद्योग व्यवसाय समेतका उद्योग १२७ वटा, विभिन्न प्रकारका फार्म तथा सेवा व्यवासय साथै होटल, लज तथा रेष्टुरेण्ट समेत गरी ७४८ वटा, विभिन्न प्रकृतिका पसल व्यवसाय

७४५ वटा तथा स्पष्ट विवरण प्राप्त हुन नसकेका २९८ समेत गरी कुल १९१८ वटा उद्योग, व्यापार तथा व्यवसायहरू दर्ता भई सञ्चालनमा रहेको अवस्था छ ।

- आ.व. २०७६/७७ मा यस शिर्षक अन्तरगत पर्ने विषय क्षेत्रमा व्यवसाय कर र व्यवसाय रजिष्ट्रसन दस्तुर अन्तरगत राखि २ वटा शिर्षकमा विभक्त गरी राजश्व सङ्कलन गरिएको
- आ.व.२०७६/७७ र २०७७/७८ मा यस शीर्षक अन्तरगत ( व्यवसाय रजिष्ट्रसन दस्तुर) क्रमस रु ९२१००७.० र रु १८७७५६९.० यथार्थ आय सङ्कल भएकोमा आ.व. २०७८/७९ मा रु ५० लाख प्राप्त हुने अनुमान रहेकोमा चालु आ.व. को माघ महिना सम्ममा रु ८९२५००.० (कुल अनुमानको १७.८५ प्रतिसत) मात्र आय प्राप्त हुन सकेको अवस्था छ ।

**ख. संभावना**

यस नगरपालिकामा सञ्चालनमा रहेका विभिन्न उद्योग, व्यापार तथा व्यवसायहरू मध्ये करिव २५ प्रतिसत अझै पनि दर्ता प्रकयामा नआएको अनुमान रहेकाले उक्त उद्योग, व्यापार तथा व्यवसायलाई अनिवार्य रुपमा दर्ता प्रकृयामा ल्याउन सकिने अवस्था रहेकाले वर्तमान सङ्ख्यामा थप बृद्धि हुने अवस्था रहेको । गौरादह नगरपालिका क्षेत्र भित्र स्थापित भएका उद्योग, व्यापार तथा व्यवसाय साथै नगर उद्योग बाणिज्य संघ समेत सकारात्मक रहेका कारण समन्वय विस्तार र साझेदारीको विकासको माध्यम बाट प्रगतिशिल कर प्रणालि भित्र क्रमस प्रवेश गर्न सकिने अवस्था रहेको । कारोवारलाई प्रमुख आधार मानि न्यूनतम मात्रामा व्यवसाय करको दर निर्धारण अघि बढ्न सके वर्तमान व्यवसाय करको मात्रामा करिव दोब्बरले बृद्धि हुन सक्ने सम्भावना रहेको । वर्तमानमा दर्ता भएका साथै दर्ता नभएकालाई दायरा भित्र समेट्ने साथै चालु आ.व. को माघ महिना सम्ममा यस शिर्षक अन्तरगत प्राप्त भएको रु ८ लाख ९२ हजार ५०० लाई आधार मानी प्रगतिशिल कर प्रणाली भित्र प्रवेश गरी कार्यान्वयनमा ल्याउँदा उद्योग व्यवाशाय, व्यापार व्याशाय, सेवा व्यवशाय तथा अस्थाई तथा घुम्ति दैनिक तथा साप्ताहिक हाट बजार, पसल तथा सेवा कर वापत आगामि आ.व. मा बार्षिक रुपमा रु ९० लाख १८ हजार ६ साय बराबारको आन्तरिक आय हुने बलियो संभावना रहेको छ ।

**ग. सुधारका पक्षहरू**

नगरपालिकाको व्यवसाय कर सङ्कलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ :

- पालिका स्तरीय सर्वेक्षण गरी विवरणलाई यथार्थपरक बनाउने
- नगरपालिकामा सञ्चालित व्यवसायहरूको करको दर प्रगतिशिल कर प्रणाली अनुसार वस्तुपरक बनाई आर्थिक ऐनमा उल्लेख गर्ने ।
- सवै प्रकृतिका उद्योग, व्यापार व्यवसाय (सेवा व्यवासय समेत) को हकमा (व्यक्ति र सामान्य प्रकृतिको बाहेक) कारोवारलाई कर निर्धारणको प्रमुख आधार मन्ने
- उद्योग, व्यापार तथा व्यवसाय (व्यवसायीक विशेषज्ञ सेवा समेत) को प्रकृति अनुसार अलग अलग विषयगत शिर्षक र तीनको उपयोगिता र प्रभावका आधारमा विभक्त गरिनु पर्ने
- जस्को कारोवारको यकिन विवरण लिन कठिन हुन्छ उस्को हकमा १ पटककालागि स्वघोषणालाई आधार बनाउने
- उद्योग, व्यापार तथा व्यवसायको हकमा समेत दस्तुर तथा सिफारिसमा लिईने शुल्कलाई सम्बन्धित शिर्षक अन्तरगत नै राख्ने
- व्यवसाय कर प्रशासनमा पुरस्कार र दण्ड दुवैको व्यवस्था गर्ने
- कर छुट समेतका विभिन्न प्रकृतिका सुविधालाई सेवा प्रवाह र रोजगारी श्रृजना गरेको मात्रात्मक सङ्ख्या सँग आवद्ध गर्ने
- उद्योगको स्थापना र विकासकालागि एक निस्चित अवधि सम्म सम्पति तथा व्यवसाय कारमा छुटको व्यवस्था गर्ने

### ३.३.१.६ मनोरञ्जन कर

**क. वर्तमान अवस्था/व्यवस्था**

- मनोरञ्जन करको हकमा नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा ७ मा स्थानीय सरकार सञ्चालन ( संशोधन सहित) ऐन, २०७४ को दफा ११ (घ) अनुसार मनोरञ्जन करको दर नगरपालिकाले अनुसूची ६ बमोजिमको दरमा लगाउने उठाउने गरिनेछ भन्ने व्यवस्था गरिएको
- व्यवसायीक मिनि मेला, मेला तथा खेलकुदमा प्रवेश शुल्कको मात्र व्यवस्था गरिएको
- प्रति प्रवेश टिकटलाई आधार मानी शुल्क निर्धारण गरिएको
- नगरपालिका सँग स्वीकृत लिएर सञ्चालन गर्नेको हकमा न्यूनतम दिन किटान गरी एक मुष्ठ र सो भन्दा माथिको हकमा प्रत्येक दिन थप एक मुष्ठ शुल्क लाग्ने व्यवस्था गरिएको
- आ.व.२०७६/७७ र २०७७/७८ मा यस शीर्षक अन्तरगत आय सङ्कल नभएकोमा आ.व. २०७८/७९ कालागि आर्थिक ऐन, २०७८ को सम्बन्धित शिर्षकको अनुसूचीमा दर रेट निर्धारण गरिएको भएता पनि चालु आ.व. को माघ महिना सम्ममा पनि यस व्यवस्थालाई कार्यान्वयनमा ल्याउन नसकिएको

**ख. संभावना**

विद्यमान कानुनी व्यवस्था अनुसार नगरपालिकाले आफ्नो क्षेत्रका विभिन्न स्थानमा सञ्चालन हुने मनोरञ्जन सँग सम्बन्धित व्यवासय, मनोरञ्जन युक्त मेला, सहासिक खेल लगायतमा मनोरञ्जन कर लगाउन सक्ने व्यवस्था रहेको । यस पालिका भित्रको शहरी क्षेत्र, शहर उन्मुख बजार क्षेत्र तथा ग्रामिण क्षेत्रका विभिन्न स्थान लगायत पर्यटकीय सम्भावना रहेका स्थानहरूमा समेत मनोरञ्जन युक्त खेल, तमासा, मेला समेत लाग्ने गरेका कारण यस प्रकारका श्रोत र साधनको विवरण सङ्कलन गरी आय आर्जन गर्न सक्ने संभावना प्रसस्त रहेको पाईएको छ ।

नगरपालिका क्षेत्रमा सञ्चालन हुने विभिन्न प्रकृतिका मनोरञ्जन युक्त श्रोतहरूमा सम्बन्धित शिर्षकमानै उल्लेख भए बमोजिमको न्यूनतम दर रेटका आधारमा बार्षिक रुपमा अनुमानित रु. १ लाख २२ हजारको हाराहारीमा आन्तरिक आय आर्जन गर्न सक्ने सम्भावना देखिन्छ ।

**ग. सुधारका पक्षहरू**

- सम्भावित मनोरञ्जनका क्षेत्र किटान गर्ने
- क्षेत्रका आधारमा करका दर निर्धारण गरिनु पर्ने
- दर निर्धारण गर्दा दोहोर व्याख्या पर्ने गरी नगर्ने
- मनोरञ्जनका श्रोतहरूलाई समेत व्यवस्थित पार्न अनिवार्य रुपमा आन्तरिक आय आर्जन सँग सम्बन्धित यस शिर्षकलाई कार्यान्वयनमा ल्याउने

### ३.३.१.७ विज्ञापन कर

**क. वर्तमान अवस्था/व्यवस्था**

- विज्ञापन करको हकमा नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा ८ मा स्थानीय सरकार सञ्चालन (संशोधन सहित) ऐन, २०७४ को दफा ११ घ को १ अनुसार विज्ञापन करको दर अनुसूची ७ बमोजिमको दरमा लगाउने उठाउने गरिनेछ भन्ने व्यवस्था गरिएको
- विभिन्न प्रकृति बाट गरिने विज्ञापन लाई ९ प्रकारमा बर्गिकृत गरी करका दर निर्धारण गरिएको
- कार्यालय, औद्योगिक तथा व्यापारिक प्रतिष्ठान र कुने पनि संघ संस्थाले पहिचानकालागि (विज्ञापन बाहेक) राखिने निस्चित लम्बाई र चौडाई भएका बोर्डलाई विज्ञापन नमानिने व्यवस्था गरिएको
- सौर्य सडक बत्तीको पोलमा विज्ञापन सामाग्रि राख्न नगरपालिकाको स्वीकृति लिनु पर्ने व्यवस्था गरिएको
- सौर्य सडक बत्तीका पोलमा राखिने विज्ञापनको साईज किटान गरिएको

- आ.व.२०७६/७७ र २०७७/७८ मा यस शीर्षक अन्तरगत आय सङ्कल नभएकोमा आ.व. २०७८/७९ कालागि आर्थिक ऐन, २०७८ को सम्बन्धित शिर्षकको अनुसूचीमा बार्षिक न्यूनतम ठेक्का अङ्क रु ५० हजार हुने व्यवस्था गरिएको भएता पनि चालु आ.व. को माघ महिना सम्ममा पनि यस व्यवस्थालाई कार्यान्वयनमा ल्याउन नसकिएको

**ख. संभावना**

विद्यमान कानुनी व्यवस्था अनुसार नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थल लगायतमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल आदिमा विज्ञापन कर लगाउन सक्ने व्यवस्था रहेको । संघीय कानुन अनुसार यो प्रदेश सरकारसंग बाँडफाँड हुने कर भएकाले विज्ञापन करको दर निर्धारण तथा सङ्कलन नगरपालिकाले गरी संकलित रकम मध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ । यस पालिका भित्र शहरी क्षेत्र, शहर उन्मुख बजार क्षेत्र तथा ग्रामिण क्षेत्रका विभिन्न स्थानमा लगायत पर्यटकीय सम्भावना रहेका स्थानहरूमा समेत होर्डिङ्ग बोर्ड राखेर विज्ञापन कर सङ्कलन गर्न सक्ने संभावना प्रसस्त रहेको पाईएको छ ।
नगरपालिका क्षेत्रमा हुने विज्ञापन सामाग्री र त्यसको प्रयोग सम्बन्धी आवश्यक तथ्याङ्क नभएकाले आगमी आ.व.मा विभिन्न उद्योग, व्यापार, व्यवसाय सँग सम्बन्धित ५५५० हजार बर्ग फिट विज्ञापन सामाग्रि प्रयोगमा आउन सक्ने सम्भावना रहेका कारण सम्बन्धित शिर्षकमा उल्लेख भए बमोजिमको न्यूनतम दर रेटका आधारमा आगामि आ.व. मा रु. ४ लाख ३ हजार ७५० सम्म आन्तरिक आय हुन सक्ने सम्भावना देखिन्छ ।

**ग. सुधारका पक्षहरू**

- विज्ञापन कर लाग्ने सामाग्रि र क्षेत्र लाई थप बर्गिकरण गर्ने
- विज्ञापनका सामग्री तथा प्रयोग हुन सक्ने स्थानहरूको यथार्थ तथ्याङ्क सङ्कलन गर्ने ।
- उपयोगिता र प्रभाव क्षेत्रका आधारमा विज्ञापन करको दर निर्धारण गर्ने
- संकलित विवरण अनुसार प्रस्तावित विज्ञापन करको दरको पुनरावलोकन गरी बर्गिकरणका आधारमा  निर्धारण गर्ने
- न्यूनतम सङ्कलन हुन सक्ने रकम यकिन गरी ठेक्का अङ्क निर्धारण गर्ने ।
- प्रथम चरणमा नगरपालिकाले आफै सङ्कलन गरी करको दायरा भित्र समेट्ने साथै कर दातालाई आफ्नो जिम्मेवारी बोध गराई त्यस पछि ठेक्का मार्फत असुल उपर गर्ने व्यवस्था समेत अवलम्बन गर्न सकिने

### ३.३.२ गैर कर राजश्व

### ३.३.२.१ बहाल विटौरी शुल्क

**क. वर्तमान अवस्था/व्यवस्था**

- बहाल विटौरी शुल्को हकमा नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा ९ मा स्थानीय सरकार सञ्चालन (संशोधन सहित) ऐन, २०७४ को दफा ५९ अनुसार नगरपालिका क्षेत्र भित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको अस्थायी टहरा, छाप्रा, पसल, आवास, हाट बजार, मेला, जात्रा र सरकारी जग्गामा बनेको संरचनाको उपयोग वापत अनुसूची ८ अनुसार बहाल बिटौरी शुल्क लगाई असुल गरिनेछ भन्ने व्यवस्था गरिएको
- स्कुलचवन बजारमा १७ वटा सटर सहितका कोठाहरू रहेका
- कृषि थोक बजार केन्द्रमा १० वटा सटरहरू रहेको
- गौरादह बजारमा ६ वटा सटर कोठाहरू रहेका साथै वडाकार्यालय छेउमा भाडामा लाग्न सक्ने टहरा तथा छाप्राहरू रहेका
- वहाल विटौरी कर अन्तरगत समेटिन सक्ने ऐलेनी जग्गा जमिनहरू समेत रहेको
- मेला जात्रा जस्ता मनोरञ्जनात्मक क्षेत्रलाई समेत यसै अन्तरगत राखिएको
- साप्ताहिक हाट बजारमा व्यवसाय गरिने हाट बजार व्यवसाय करलाई बहाल बिटौरी कर अन्तरगत राखिएको

- बहाल विटौरी करको स्पष्ट व्याख्या बमोजिम दर रेटलाई व्यवस्थापन नगरिएको
- बिभिन्न बजार क्षेत्रमा निर्मित भई भाडामा लगाईएका सटर कवल लगायतका संरचनाहरूको हकमा भने स्पष्ट रुपमा बहाल विटौरी कर निर्धारण गरिएको
- बहाल बिटौरी कर अन्तरगत साप्ताहिक हाट बजार व्यवसाय शुल्क समेत गरी आ.व.२०७६/७७ र २०७७/७८ मा क्रमस रु ४९६६६३.० र रु ४०७५९९.० यथार्थ आय सङ्कल भएकोमा आ.व. २०७८/७९ मा रु १५ लाख प्राप्त हुने अनुमान रहेकोमा चालु आ.व. को माघ महिना सम्ममा रु ८६६६६.० (कुल अनुमानको ५.७८ प्रतिसत) मात्र आय प्राप्त हुन सकेको अवस्था छ ।

**ख. संभावना**

गौरादह नगरपालिका पछिल्लो समयमा बसोबास, उद्योग, व्यापार तथा व्यवसायको हिसावले क्रमिक विकास र विस्तारको अवस्थमा रहेको साथै गौरादह, दामुन, चप्रामारी, स्कुल चवन जस्ता पुराना र महत्वपूण बजारहरूको रुपमा परिचित र सञ्चालित रहेका । माथि उल्लेख गरिएका सहितका यस पालिकाको विभिन्न स्थानमा पक्की भवन, व्यवस्थित टहरा तथा सेडहरू निर्माण गरी स्थानीय उत्पादनको विक्रि वितरण तथा निकासी समेतमा योगदान दिन सकिने गरी बजार सञ्जाल निर्माण र व्यवस्थपन गर्न सकिने भएका कारण दिगो आय अर्जानको श्रोत व्यवस्थापन गर्न सकिने सम्भावना रहेको । बहाल विटौरी कर सँग सम्बन्धीको प्रावधानलाई थप व्यवस्थित पार्न सके साथै सम्भावित स्थानहरूका पहिचान गरी भौतिक संरचना निर्माण विकासका साथ स्थानीय उत्पादनलाई सहज बजारिकरणको व्यवस्थपन गर्न सके यस शिर्षक अन्तरगत उल्लेख भए बमोजिमको न्यूनतम दर रेटका आधारमा आगामि आ.व. मा करिव रु. ६ लाख ३५ हजार बराबारको आन्तरिक आय हुन सक्ने सम्भावना देखिन्छ ।

**ग. सुधारका पक्षहरू**

- बहालबिटौरी शुल्क लिन सकिने भवन, टहरा, छाप्रा साथै जग्गा जमिनको विवरण अध्यावधिक गर्ने
- निर्माण भएका भवन, टहरा तथा छाप्राको प्रकृति र अवस्था साथै जग्गा जमिनको अवस्था र महत्वका आधारमा क्षेत्रफलका आधारमा शुल्क दर निर्धारण गर्ने
- सम्भाव्य स्थानहरूको पहिचान गरी नगरपालिकाको दिगो आय आर्जनमा सहयोग पुग्ने र आर्थिक विकास र रोजगारी श्रृजनामा महत्वपूर्ण योगदान पुऱ्याउने प्रकृतिका व्यवसायिक भवनहरू निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्ने
- बहाल विटौरी कर धार क्षेत्र भित्र पर्नेको हकमा मात्र दर रेट उल्लेख गर्ने
- साप्ताहिक तथा दैनिक रुपमा हाट बजारमा व्यवसाय गर्नेको हकमा सम्बन्धित शिर्षकको व्यवसाय कर निर्धारण गरी असुल उपर गर्ने

### ३.३.२.२ सेवा शुल्क तथा दस्तुर

**क. वर्तमान अवस्था/व्यवस्था**

- सेवा शुल्क तथा दस्तुरको हकमा नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा १० मा अन्तर सरकारी वित्त व्यवस्थापन (संशोधन सहित), २०७४ को दफा ३ (३) र स्थानीय सरकार सञ्चालन (संशोधन सहित) ऐन, २०७४ को दफा ६२ अनुसार अनुसूचि १२ मा उल्लेखित स्थानीय पूर्वाधार उपभोग गरे वापत र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोहि अनुसूचिमा व्यवस्था भए अनुसारको दरमा सेवा शुल्क लगाई असुल गरिनेछ भन्ने व्यवस्था गरिएको
- दस्तुर, शुल्क तथा सिफारिस समेतका विषयलाई एकै खण्ड अन्तरगत विभिन्न स्थानमा राखिएको
- उद्योग दर्ता प्रयोजनकालागि लिएको धरौटी सम्बन्धित उद्योग दर्ताका बखत मिलान गर्ने व्यवस्था रहेको
- प्राईभेट फर्म र साझेदारी फर्म दर्ता तथा नविकरणकालागि अलग अलग व्यवस्था गरिएको

- सवारीका सधान बापत लिईने पूर्वाधार उपयोग शुल्क समेत यसै शिर्षक अन्तरगत राखिएको
- विपन्न बर्ग, मिरामि, छात्रबृती, विपत साथै पशु विमाको सिफारिस निशुल्क गरिएको
- पञ्जीकरण शुल्क संघीय राजपत्रमा उल्लेख भए बमोजिम लाग्ने व्यवस्थालाईनै कायम गरिएको
- निवेदन दस्तुर, प्रमाणित दस्तुर, शिक्षण संस्थ स्वीकृतिकालागि गरिने सिफारिस शुल्क, उद्योग धन्दा नामसारीको सिफारिस दस्तुर, अमिन परिचालन गरे वापतको सेवा शुल्क, घर जग्गा नामसारी सिफारिस शुल्क, विवाह दर्ता प्रमाणित तथा मृत्यू दर्ता प्रमाणित दस्तुर, न्यायीक शुल्क तथा दस्तुर, अनुशन्धान शुल्क तथा दस्तुर, विभिन्न फार्म दर्ता तथा नविकारण दस्तुर, मेसिन तथा औजार भाडा, नक्सा पास दस्तुर, पञ्जिकरण लगायतका सम्पूण सेवा शुल्क तथा दस्तुरहरूलाई एकै खण्डमा समावेश गरी दर रेट निर्धारण गरिएको
- सेवा शुल्क तथा दस्तुर अन्तरगत आ.व.२०७६/७७ र २०७७/७८ मा क्रमस रु १०२१६८०८.० र रु १०२४४७२४.० यथार्थ आय सङ्कल भएकोमा आ.व. २०७८/७९ मा रु १ करोड ६८ लाख ५० हजार आय हुने अनुमान रहेकोमा चालु आ.व. को माघ महिना सम्ममा रु ४३९४५७५.९४ (कुल अनुमानको २६.०८ प्रतिसत) मात्र आय प्राप्त हुन सकेको अवस्था छ ।

**ख. संभावना**

स्थानीय तहहरूको आन्तरिक आयको एक प्रमुख श्रोत भनेको सेवा शुल्क तथा दस्तुर नै हो । स्थानीय सरकारको हैसियतमा यस पालिकाले लिन तथा उठाउन पाउने सेवा शुल्क तथा दस्तुर विषयगत शिर्षक बमोजिम विभक्त गरी विषयगत शिर्षकका आधारमा दस्तुर तथा शिफारिस शुल्क निर्धारण गर्दा यस विषय शिर्षक अन्तरगत आ.व. २०७९/८० मा रु ४७ लाख ८४ हजार आन्तरिक आय हुन सक्ने सम्भावना रहेको छ ।

**ग. सुधारका पक्ष**

- स्थानीय सरकारको हैसियतमा सेवा शुल्क तथा दस्तुर लिने सकिने दायरा र विषयहरूको सूचि तयार पार्ने
- सेवा ग्राहिलाई सेवाको उपभोग गर्न आउदा के वापत के का लागि शुल्क वा दस्तुर तिर्दैछ र तिर्नु पर्छ विषयमा स्पष्ट हुने गरी सूचना पाटी, सञ्चारका माध्यम बाट जानकारी गराउने
- दस्तुर तथा सिफारिस शुल्कलाई विषय र क्षेत्रगत रुपमा अलग अलग खण्डमा उल्लेख गर्ने
- सवारी साधन बापत लिईने पूर्वाधार उपयोग शुल्कलाई सावारी साधन कर र सेवा शुल्क वापतको शिर्षक अन्तरगत राख्ने
- दर्ता, नविकरण, सेवा, सिफारिस लगायतका शिर्षकहरूलाई विषयगत शिर्षक सँग अवद्ध गर्ने
- सेवा शुल्क तथा दस्तुर अन्तरगत घर नक्सा पास दस्तुर तथा सिफारिस शुल्क यस पालिकाको यसै शिर्षक अन्तरगतका प्रमुख आन्तरिक श्रोतका धारहरू रहेका कारण यीनिहरूलाई थप स्पष्ट, व्यवहारिक साथै सेवा ग्राहि मैत्री बनाउन अनिवार्य छ ।
- घर नक्सा पास दस्तुरलाई वर्तमान आधुनिक दुनियमा प्रयोग हुने र भईरहेका निर्माण सामाग्रि साथै शहरी, शहर उन्मुख बजार क्षेत्र साथै ग्रमिण क्षेत्र समेतलाई बर्गिकृत आधार बनाएर दस्तुरको दर निर्धारण गर्ने
- सेवा प्रदायक संस्था नगरपालिकाका प्रमुख सम्वाहकका रुपमा रहेका कर्मचारीको क्षमता अभिबृद्धि गरी सेवा प्रवाहमा गतिसिलता प्रदान गर्ने
- वित्तीय व्यवस्था र आय श्रोत परिचालनका विषयमा राजश्व परामर्श समिति समेतका जनप्रतिनिधि र विषयगत शाखाका कर्मचारीलाई विशेष तालिम प्रदान गर्ने

### ३.३.२.३ सामुदायिक बन बाट बन पैदावर विकि बापत

**क. वर्तमान व्यवस्था**

- सामुदायीक वन बाट बन पैदावर विकि वापत प्राप्त हुने आयको हकमा नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा ११ मा स्थानीय सरकार सञ्चालन (संशोधन सहित) ऐन, २०७४ को दफा ६२ (ख) सामुदायीक बन बाट बन पैदावर विकि आय सङ्कलन अनुसूचि १० बमोजिम गरिने छ भन्ने व्यवस्था गरिएको
- यसै अनुसूचि बमोजिम सामुदयीक बन उपभोक्ता समितिले बन पैदावर विकि तथा उपयोग गरे वापतको रकमको १० प्रतिसत नगरपालिकालाई बुझाउनु पर्ने व्यवस्था गरिएको

**ख. सुधारका पक्ष**

- यस शिर्षकमा धेरै सुधार गर्नुपर्ने नरहेको तर पारदर्शिताका आधार स्पष्ट गर्न सकिने
- मासिक रुपमा भुक्तानी प्राप्त हुने व्यवस्थ गर्ने
- यस शिर्षक वापतको रकम सम्बन्धित क्षेत्रको विकास र विस्तार साथै वातावरण संरक्षणमा खर्च गर्ने नीतिगत व्यवस्था गरी थप आय आर्जन गर्न सकिने

### ३.३.२.४ घर जग्गा रजिष्ट्रेसन शुल्क

**क. वर्तमान व्यवस्था**

- घर जग्गा रजिष्ट्रेसन शुल्क वापत प्राप्त हुने आयको हकमा नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा १२ मा अन्तर सरकारी वित्त व्यवस्थपन (संशोधन सहित) ऐन, २०७४ को दफा ५ (ख) अनुसार नगरपालिका मार्फत असुली हुने घर जग्गा रजिष्ट्रशन शुल्कको दर नगरपालिकाले अनुसूचि ११ बमोजिमको दरमा लगाउने/उठाउने गरिनेछ भन्ने व्यवस्था गरिएको
- यस व्यवस्था बमोजिम अनुसूचि ११ मा घरजग्गा रजिष्ट्रेसन शुल्क प्रदेश बाट निर्धारण भएअनुसार सङ्कलन गरिनेछ भनि जिम्मेवारी निर्धारण गरिएको अवस्था
- ऐनमा व्यवस्था भएको भएता पनि नगरपालिकाको जिम्मेवारीमा आईनसकेको
- वर्तमानको हकमा प्रदेश सरकारको निर्णय बमोजिम हुने व्यवस्था रहेको
- राजश्व बाँडफाँड वापत नगरपालिकालाई प्राप्त हुने व्यवस्था रहेको
- राजश्व बाँडफाँड अन्तरगत यस शिर्षक बाट समेत रकम नियमित रुपमा प्राप्त हुने गरेको

### ३.३.२.५ दण्ड जरिवाना

**क. वर्तमान व्यवस्था**

- फोहोरमैला व्यवस्थापन ऐन र नियमावलीमा भएको व्यवस्थ बमोजिम गर्ने उल्लेख गरिएको
- सार्वजनिक नाली तथा ढलमा सेप्टिटैंकी मिसाएको, जथाभावि फोहोरमैला थुपार्ने लाई ऐन बमोजिम जरिवाना लिने व्यवस्था रहेको,
- सम्पति कर, भूमिकर, व्यवसाय तथा अन्य कर तथा शुल्कको बक्यौता नबुझाउने व्यवसायीलाई जरिवानाको व्यवस्था गरिएको
- सार्वजनिक सडक, नाला लगायतलाई क्षति तथा अवरोध पुग्ने गरी गिट्टी तथा बालुवा अथवा निर्माण सामाग्रि राख्नेलाई पटके हिसावमा जरिवानाको व्यवस्था रहेको
- अन्यको हकमा प्रचलित ऐन कानून बमोजिम गर्ने व्यवस्थ गरिएको
- न्यायीक दण्ड जरिमाना र जफत दस्तुर अन्तरगत आ.व.२०७६/७७ मा रु ६८००.० प्राप्त भएको देखिन्छ भने त्यस यताका आ.व.हरूमा यस शिर्षकलाई न्यायीक दस्तुर अन्तरगत राखिएका कारण रकम यकिन हुन नसकेको

**ख. सम्भावना**

सुशासनको माध्यम बाट प्रत्यक्ष रुपमा जनअपेक्षा बमोजिमको विकास तथा सेवा प्रवाहका कार्य गर्ने साथै अनुशासित नगरबासीको वाहुल्यता रहेका कारण नियम बिपरितका कार्य कम हुने अपेक्षाका साथ जरिवाना गर्नु पर्ने

परिस्थितिको श्रृजना हुनेछैन भन्ने आसा गरिएका कारण यस शिर्षक अन्तरगत खासै आय हुने सम्भावना रहेको छैन तथापि नियमित रुपमा कम भन्दा कम दण्ड सजायाँका आधारमा समेत यस शिर्षक अन्तरगत आगामि आ.व. मा २ लाख २५ हजार बराबरको आन्तरिक आय हुन सक्ने सम्भावना रहेको देखिन्छ।

**ग. सुधारका पक्ष**

- जरिवानाको दायरा फराकिलो बनाउने
- जरिवानाको दर निर्धारण गर्दा औचित्य समेत आधार बनाउनु पर्ने
- नीति, कार्यक्रम, ऐन, नियमका बारेमा जनसचेतनाका कार्यहरू गर्ने
- दण्ड जरिवाना वा जफत लाई सोहि शिर्षक अन्तरगत राखिनु पर्ने

## परिच्छेद – ४ (चार)
## आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलनको अवस्था

### ४.१ राजश्व परिचालन सम्बन्धी नीति
नगरपालिकालाई आन्तरिक आयको हिसावले सक्षम, राजस्व परिचालनका हिसावले प्रभावकारी बनाउँदै लैजन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम नगर उपप्रमुखको संयोजकत्वमा राजस्व परामर्श समिति गठन गरेको छ । राजश्व परामर्श समितिले राजस्वसम्बन्धी नीति तर्जुमा, अध्ययन, प्रक्षेपण र परिचालन सँग सम्बन्धित कार्य गर्ने गर्दछ । यस समितिका पदाधिकरीहरूको नामावली देहाय बमोजिम रहेको छ ।

| क.सं | पदाधिकारीको पद र विवरण | जिम्मेवारी |
|---|---|---|
| १ | श्री गिता भेट्वाल, उपप्रमुख | संयोजक |
| २ | श्री राजेन्द्र भट्टराई | सदस्य |
| ३ | श्री जीत बहादुर कार्की | सदस्य |
| ४ | श्री गोविन्द खड्का | सदस्य |
| ५ | श्री लक्ष्मी प्रसाद बाह्रकोटी | सदस्य |
| ६ | श्री नरेश कट्टेल | सदस्य |
| ७ | श्री गणेश भट्टराई | सदस्य |

### ४.१.१ राजश्व परामर्श समितिले गरेका कार्यहरू:
- राजस्व परामर्श समितिले समय समयमा राजश्व सँग सम्बन्धित नगरपालिका स्तरीय उद्योग बाणिज्य संघ, स्थानीय सामाजिक अगुवा लगायतका सरोकारवाला सँग विद्यमान ऐन कानूनले स्थानीय तहलाई दिएका अधिकार क्षत्रे, स्थानिय तहको जिम्मेवारी, कर तथा गैर कर राजश्वका सम्भावित क्षेत्र समेतका विषयमा छलफल गर्ने गरेको
- राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धी आवश्यक नीतिगत आवश्यकताका बारेमा समितिमा पर्याप्त छलफल गर्ने गरको
- कर तथा गैर कर राजश्वका विषयमा समितिको बैठकमा पर्याप्त छलफल गरी सर्वसम्मतिले आवश्यक निर्णहरू गर्ने गरेको
- राजश्व परामर्श समितिले राजश्व सुधार र व्यवस्थापन सँग सम्बन्धित विषय साथै सो सँग सम्बन्धित दर रेटहरू निर्धारण गरी आवश्यक सुझाव सहित नगर कार्यपालिका मार्फत नगरसभा समक्ष पेश गर्ने गरेको
- राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा गर्ने साथै दर रेटको प्रस्ताव तयार पार्ने सम्बन्धमा आवश्यक छलफल गरी आ.व. २०७७/७८ मा लागू भएका कर तथा गैर कर राजस्व सम्बन्धी नीति तथा कानुनलाई समेत आधार मानि आवश्यक सुधार तथा परिमार्जन सहित आर्थिक वर्ष २०७८/७९ को आय सङ्कलन गर्नकालागि तपसिल अनुसारको दररेट कायम गर्न समितिका सुझावहरू नगरपालिकालाई दिने निर्णय गरियो भन्ने वाक्यांस उल्लेख गरी सर्वसम्मत निर्णय गरिएको
- राजस्व परामर्श समितिले कर तथा गैरकर राजस्वका दर रेट निर्धारणकालागि नगर कार्यपालिकामा पेश गर्ने प्रतिवेदनको ढाँचा तयार गरी कार्यान्वयनमा ल्याएको
- आर्थिक बर्ष २०७८/७९ का लागि पेश गरिएका प्रस्तावित दररेट सँगै राजश्व परामर्श समितिले नगर कार्यपालिकालाई देहाय बमोजिमका केहि महत्वपूर्ण सुझाव समेत दिएको अवस्था रहेको
  १. नगरबासिहरू बाट असुलउपर गरिएको सम्पति कर प्राथमिकताका आधारमा देहाय बमोजिमका क्षेत्रहरूमा लगानी गर्नु पर्ने
     - शान्ति सुरक्षा
     - ढल निकास

- फोहोरमैला व्यवस्थापन
- वातावरण संरक्षण
- नगर स्वास्थ्य सँग सम्बन्धित कार्यहरू
- कर सङ्कलन कार्यलाई व्यवस्थित गर्ने कार्य

२. घर जग्गा बहालमा लिई दिई गरेता पनि हाल सम्म घर जग्गा बाहल कर तिर्न छुट भएका घर जग्गा धनिले विगत आ.व. को हकमा नगरपालिकालाई पौष मसान्त सम्म बाँकी बक्यौता बुझाउन आएमा बाँकी बक्यौता रकमको ७५ प्रतिसत सम्म छुट दिने र बुझाउन नआएको लगतकसी असुलउपर गर्ने गराउने

३. नगरपालिका स्थापना भएको आर्थिक बर्ष देखि हाल सम्म पनि नगर कार्यपालिकाको कार्यालयमा उद्योग व्यवसाय गरिरहेका व्यक्ति तथा संस्थाहरूले व्यवसाय करमा दर्ता हुन र व्यवसाय कर बुझाउन छुट भएका उद्योग व्यवसायले नगर कार्यपालिकाको कार्यालयमा पौष मसान्त भित्र दर्ता हुने र व्यवसाय कर तिर्न आएमा चालु आ.व. कालागि कायम गरिएको दर रेटमा हिसाव गरी ५० प्रतिसत सम्म छुट दिने । उक्त अवधिभित्र नआउनेको लगत राखि तोकिएको दरमा १० प्रतिसत जरीवाना थप गरी असुल उपर गर्ने गराउने व्यवस्था मिलाउने

४. व्यवसाय कर र घर भाडा बाट उठेको रकमको छुट्टै हिसाव राखि २० देखि २५ प्रतिसत सम्मको रकम बराबारको उद्योग बाणिज्य संघ गौरादहले प्रस्ताव गरेको कार्यक्रमहरूमा विनियोजन गरी सञ्चालन गर्ने गराउने व्यवस्था मिलाउने तर यस्तो कार्यक्रम पेश गर्दा कार्यालय सञ्चालन सँग सम्बन्धित विषय र शिर्षकहरूमा नहुने

### ४.१.२ नगरपालिकाले आ.व. २०७८/७९ को नीति तथा कार्यक्रममा राजस्व सुधार, सङ्कलन तथा व्यवस्थपनका सम्बन्धमा लिइएका नीतिगत व्यवस्थाहरूको सारास्म

- नेपालको संविधान २०७२ ले स्थानीय तहलाई दिएको २२ वटा एकल अधिकार क्षेत्र भित्र रही श्रोत परिचालनलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण पद्धती अपनाई कर तथा राजश्व निर्धारण गरिनेछ ।
- सबै सरोकारवाला करदाताहरूको सहभागितामा राजश्व अभिबृद्धि गरी कुल बजेटमा आन्तरिक आम्दानीको हिस्सालाई बढाउदै लगिने छ ।
- नगरपालिकाले राजश्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) तयार गरी राजश्वका क्षेत्रहरूको पहिचान गर्दै आगामी वर्ष देखि राजश्व अभिबृद्धि गर्ने तर्फ सम्बन्धित सबै क्षेत्र र वर्गलाई करको दायरामा ल्याउन आवश्यक पहल गरिनेछ ।
- नगरपालिकाको राजश्वका दर तथा क्षेत्र निर्धारण गर्दा प्रचलित ऐन नियम तथा कार्याविधिको अधीनमा रही राजश्व परामर्श समितिको सिफारिसको आधारमा करका दायराहरू निर्धारण गरिनेछ ।
- राजस्व सम्बन्धी संभाब्यता अध्ययन कार्य यसै वर्ष अगाडि बढाइनेछ । राजस्व सम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदनका लागि कर प्रणालीलाई व्यवस्थित, वैज्ञानिक बनाइनेछ ।
- सम्पत्ति करलाई व्यवहारिक, वैज्ञानिक र न्यायोचित बनाएर कार्यान्वयनमा ल्याईनेछ

### ४.२ आय सङ्कलनको संस्थागत क्षमता

यस नगरपालिकाले सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी सङ्गठन स्वरुप तयार गर्ने, कर्मचारीको दरबन्दीका एकीन गर्ने र कार्यविवरण तयारी कार्य भएको छैन । कार्यशाला, स्थलगत अवलोकन तथा उपलब्ध सूचना विवरणको आधारमा हाल नगरपालिकाको राजस्वको संस्थागत क्षमता देहायअनुसार रहेको पाईन्छ ।

- राजस्वसम्बन्धी बेग्लै शाखाको व्यवस्था नभएको
- आर्थिक प्रशासन शाखाबाट नै राजस्व प्रशासन सम्बन्धी कामहरूको रेखदेख तथा नियमन भईरहेको ।

- राजस्व प्रशासनमा कम्प्युटर तथा सफ्टवेयरको जडान भएको भएतापनि वडा कार्यलयमा मात्र विवरण रहने गरेको
- राजस्व संकलनमा नगदी रसिदको प्रयोग भइरहेको
- वडा कार्यालयहरूबाट मूलतः मालपोत, पञ्जीकरण, सिफारिस दस्तुर संकलन गर्ने गरिएको
- वडा कार्यालयहरूले मासिक रुपमा संकलन भएको रकम एकमुष्ठ बैंक दाखिला गरी विवरण सहित आर्थिक प्रशासन शाखामा बुझाउने गरेको
- राजस्व बजेट तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा नभएको
- कर तथा गैर कर राजश्वका शिर्षकहरू वित्त व्यवस्थापनका केहि शिर्षक सँग मेल नखाएको
- आर्थिक ऐन र यथार्थ संकलन बीचको तालमेल न्यून रहेको
- आर्थिक ऐनमा व्यवस्था गरिएको भएता पनि यस पालिकाको मूख्य आय श्रोतको रुपमा रहेको सम्पति कर कार्यान्वयनमा नआएको
- स्थानीय राजस्व परामर्श समितिको क्रियाशिलता, प्रभावकारितामा कमी रहेको
- कर तथा गैर कर राजश्व सङ्कलन तथा व्यवस्थापन कार्यविधि नरहेको
- राजस्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागि क्षमता विकास तालिम र अभिमुखीकरणमा कमी रहेको
- हालसम्म राजस्व सङ्कलन तथा त्यसको प्रभावकारिताका लागि अनुगमन तथा मूल्याङ्कनमा कमी रहेको

### ४.३ नगरपालिकाको आन्तरिक आय परिचालन

गौरादह नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्धारण गरेका क्षेत्राधिकार भित्र रहि आ.व. २०७८/७९ का लागि अवलम्बन गरेको कर तथा गैरकर राजश्व सङ्कलनकालागि लिएको नीति तथा सिद्धान्तका आधारमा सामान्य रुपले देहाय बमोजिमका कर तथा गैर कर राजश्वका क्षेत्रहरू स्वीकार गरेको देखिन्छ । संघीय तथा प्रदश ऐन कानून साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आईसके पस्चात उक्त ऐनमा भएको व्यवस्था बमोजिम विभिन्न कर, दस्तुर, सेवा शुल्क आदि लाई प्रगतिशिल कर प्रणालिको मान्यता बमोजिम व्यवस्थापन गर्नु अवको दायीत्व भएको छ । साविक देखिनै कर तथा गैरकर राजश्वका विभिन्न क्षेत्रहरूबाट आन्तरिक आयस्रोतलाई परिचालन गरिदै आएको भएता पनि गौरादह नगरपालिकाले एकतिर यी सवैलाई समेट्न सकेको पाईदैन भने अर्कोतिर प्रगतिशिल कर प्रणालि अवलम्बन गर्न नसकेकै कारण विद्यमान श्रोत र साधनको आधारमा नगरपालिकाको आन्तरिक आय ज्यादै न्यून हुन पुगेको मात्र हैन क्रमिक रुपले घट्दो क्रममा रहेको देखिन्छ । आन्तरिक आयलई यसै अवस्थामा राखिरहे नगरपालिकाको आर्थिक समृद्धि र विकासको गति अन्यन्तै सुस्त हुने भए बाट यस अध्ययनले थप गति प्रदान गर्ने कुरामा विश्वास लिन सकिन्छ । गौरादह नगरपालिकाले चालु आ.व. २०७८/७९ कालागि निर्धारण गरेका कर तथा गैर कर राजश्वका दर रेटहरूको विवरण अनुसूची १ मा उल्लेख गरिएको छ ।

#### ४.३.१ नगरपालिकाको आन्तरिक तथा वाह्य आयको वर्तमान अवस्था

यस नगरपालिकामा आ.व. २०७६/७७ मा संघीय सरकार मार्फत वित्तीय समानिकरण, बिशेष अनुदान, सशर्त अनुदान लगायत राजश्व बाँडफाँट समेत बाट रु ७३ करोड ८६ लाख ३४ हजार ५५६, प्रदेश सरकार बाट रु ३ करोड २२ लाख ९० हजार र आन्तरिक आय रु २ करोड २२ लाख ४४ हजार ६८७ गरी कुल रु ७९ करोड ३१ लाख ६९ हजार २९० प्राप्त भएकोमा आ.व. २०७७/७८ मा सम्बन्धित शिर्षक अन्तरगत बाट आन्तरिक आय करिव ३६ लाखको हाराहारिमा घटेको भएता पनि यथार्थ आय रु ९३ करोड ४७ लाख ८९ हजार २७० भएको अवस्था छ । चालु आ.व.को आय तर्फको सम्भावना अध्ययन गर्दा संघीय सरकार बाट रु ५९ करोड २० लाख ६ हजार, प्रदेश सरकार बाट रु ५ करोड ६४ लाख ४८ हजार र आन्तरिक श्रोत बाट रु १ करोड ४५ लाख (संशोधित अनुमान) गरी कुल ६६ करोड २९ लाख ५४ हजार

८१० मात्र आय हुने सम्भावना रहेको छ । आन्तरिक आय तर्फ अध्ययन गर्दा प्रत्येक वर्ष घट्दो क्रममा रहेको, सम्पति कर जस्तो स्थानीय तहको प्रमुख आय श्रोत समेत कार्यान्वयनमा आउन नसकेको, कर धार भित्र समेटिनु पर्ने समग्र पक्ष नसमेटिएको, कर तथा गैर कर राजश्वका दायराहरूको खोजि र विस्तार हुन नसकेका कारण उपरोक्त परिस्थिति श्रृजना भएका कारण तत्काल राजश्वको सम्भाव्यता अध्ययनका साथ राजश्व सुधार योजना समेत तयार पारी आन्तरिक आयलाई थप गति दिन अति आवश्यक देखिएको छ । यस पालिकाको आन्तरिक तथा वाह्य आयको वर्तमान अवस्था तालिका नं. ११ र १२ मा उल्लेख गरिएको छ भने आय प्रक्षेपण वर्तमान अवस्थाको सुधार समेतका सम्भाब्य समग्र पक्षलाई केन्द्रमा राखेर गर्न अवस्था देखिएको छ ।




**तालिका नं. ११: आन्तरिक आयको विवरण**

| क.सं | आय शिर्षक | आय बर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | आ.व. २०७६/७७ को यथार्थ रु | आ.व. २०७७/७८ को यथार्थ रु | आ.व. २०७८/७९ को अनुमान रु | आ.व. २०७८/७९ को माघ महिना सम्म्को यथार्थ आय रु | आ.व. २०७८/७९ को माघ सम्मको उपलब्धि % |
| १ | सम्पति कर | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २ | भूमिकर/मालपोत | ९२९२७१४.८४ | ७२२५९९०.८४ | ८६०००००.०० | २६२४२२३.२९ | ३०.५१ |
| ३ | घर बहाल कर | १०३९७५३.७८ | ६९२४२८.२७ | १६०००००.०० | ४१२२४८.७० | २५.७७ |
| ४ | बहाल बिटौरी कर | ४९६६६३.४० | ४०७५९९.०० | १५०००००.०० | ८६६६६.०० | ५.७८ |
| ५ | सवारी साधन कर | २४५००.०० | ४५६३०.०० | ५००००.०० | ४०६००.०० | ८१.२० |
| ६ | व्यवसाय कर | ९७५०.०० | | | | |
| ७ | अन्य कर | ११६४४९७.४९ | | ९०००००.०० | ५३९९२२.६६ | ५९.९९ |
| ८ | परिक्षा शुल्क | ७२२००.०० | १०४४७५.०० | १०००००.०० | १६२००.०० | १६.२० |
| ९ | नक्सापास दस्तुर | १६०१६४३.०० | १२७१९३८.४३ | ४००००००.०० | ५१४३९३.०० | १२.८६ |
| १० | सिफारीस दस्तुर | ७०१९२४२.०० | ४८४०८११.०० | ७००००००.०० | २६०६०४१.९४ | ३७.२३ |
| ११ | व्यक्तिगत घट्ना दर्ता दस्तुर | २३४०७०.०० | २१६९२०.०० | ४०००००.०० | १७२१७६.०० | ४३.०४ |
| १२ | नाता प्रमाणित | २७८३५९.०० | २५४९७५.०० | ३३००००.०० | १८७६६५.०० | ५६.८७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दस्तुर | | | | | |
| १३ | व्यवसाय रजिष्ट्रसन दस्तुर | ९११२५७.०० | १८७७५६९.०० | ५००००००.०० | ८९२५००.०० | १७.८५ |
| १४ | न्यायीक दण्ड जरिमाना र जफत | ६८००.०० | | | | |
| १५ | अन्य राजश्व | ९३२३७.०० | | | | |
| १६ | न्यायीक दस्तुर | ०.०० | १५९००.०० | २००००.०० | ५६००.०० | २८.०० |
| १८ | अन्य दस्तुर | ०.०० | ६९८९०५.०० | | | |
| १९ | अन्य संस्थागत आन्तरिक अनुदान | ०.०० | ९६३२३१.०० | | ०.०० | |
| जम्मा | | २२२४४६८७.५१ | १८६१६३७२.५४ | २९५००००००.०० | ८०९८२३६.५९ | |

**तालिका नं. १२: आन्तरिक तथा बाह्य आयको विवरण**

| संघीय तथा प्रदेश सरकार साथै विकास साझेदार बाट प्राप्त आय विवरण | | | | | |
|---|---|---|---|---|---|
| क. सं | आय शीर्षक | आय बर्ष | | | |
| | | आ.व. २०७६/७७ को यथार्थ रु | आ.व. २०७७/७८ को यथार्थ रु | | आ.व. २०७८/७९ को अनुमान रु |
| क. संघीय सरकार | | | | | |
| १ | वित्तीय समानिकरण | १५६७०००००.० | | १५४६०००००.० | १६६३०००००.० |
| २ | शसर्त अनुदान (नेपाल सरकार) | ३१००४७०००.० | | ३६००८९५४०.० | ३००८०००००.० |
| ३ | अन्य सशर्त अनुदान | | | ६४९७३०००.० | |
| ३.१ | संघीय सरकार आन्तरिक ऋण | | ८०००००.० | | |
| ३.२ | आई.डि.ए. शोधभर्ना ऋण | | ९९०००००.० | | |
| ३.३ | एस.एस.डि.पि.अनुदान | | १०९१९०००.० | | |
| ३.४ | एस.एस.डि.पि.सोधभर्ना हुने ऋण | | १५४७४०००.० | | |
| ३.५ | आई.एम.एफ/आर.सि.एफ | | १००००००००.० | | |
| ३.६ | ए.डि.वि./पि.वि.एल | | १४४८०००.०० | | |
| ३.७ | ई.यु. | | २५९०००.०० | | |
| ३.८ | आई.डि.ए./डि.पि.सी | | १६१७३०००.०० | | |
| ४ | बिशेष अनुदान | ०.०० | | ०.०० | ९८०००००.०० |
| ५ | समपुरक अनुदान | ०.०० | | ०.०० | ८२०००००.०० |
| ६ | राजश्व बाँडफाँड | ७८०५३७०३.०० | | ९८२९३०८८.१३ | १०३४०६०००.०० |
| ६.१ | मूल्य अभिबृद्धि कर तर्फ बाट | | ७५७८२२७०.२७ | | |
| ६.२ | अन्तशुल्क बापतको | | २२३१३८५१.०४ | | |
| ६.३ | रायल्टी वापतको | | १९६९६६.८२ | | |
| ७ | सडक बोर्ड नेपाल | २५०००००.०० | | ०.०० | ३५०००००.०० |
| ८ | सामाजिक शुरक्षा कार्यक्रम | १७२७५३०००.०० | | १७६१२२८८४.०० | |
| ९ | स्थानीय पूर्वाधार विकास | १०८७५०००.०० | | १२५८२६१६.९९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | साझेदारी | | | | |
| १० | गरिव सँग विशेश्वर कार्यक्रम | ४९५००० .०० | | ५४६००० .०० | |
| ११ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | ६५०००००.०० | | ०.०० | |
| १२ | राष्ट्रिय परिचय तथा पञ्जिकरण | ७१०८५३.०० | | ०.०० | |
| | **जम्मा** | **७३८६३४५५६.०** | | **८६७२०७१२९.१२** | **५९२००६०००.००** |
| | **ख. प्रदेश सरकार** | | | | |
| १ | वित्तीय समानिकरण | ७६३३०००.०० | | ७६१७०००.०० | ९७७४०००.०० |
| २ | शसर्त अनुदान (पूर्वाधार) | ५०१९०००.०० | | १०००००.०० | |
| ३ | बिशेष अनुदान | २०९१०००.०० | | | |
| ४ | समपुरक अनुदान | १००००००० .०० | | १००००००० .०० | १००००००० .०० |
| ५ | राजश्व बाँडफाँड | ४६६२०४७.२७ | | | |
| ५.१ | घर जग्ग रजिष्ट्रसन | | | २४८११९१४.०० | २९६०००००.०० |
| ५.२ | सवारी साधन कर | | | ६४३६८५४.४५ | ७०७४८१०.०० |
| ६ | जेष्ठ नागरिक कार्यक्रम ( सशर्त) | ५८५०००.०० | | ०.०० | |
| ७ | शिक्षा (सशर्त) | १७५०००.०० | | ०.०० | |
| ८ | निर्वाचन पूर्वाधार | २१२५०००.०० | | ०.०० | |
| | **जम्मा** | **३२२९००४७.२७** | | **४८९६५७६८.४५** | **५६४४८८१०.००** |
| | **संघीय तथा प्रदेश सरकार जम्मा** | **७७०९२४६०३.३** | | **९१६१७२८९७.५७** | **६४८४५४८१०.०** |
| १ | **आन्तरिक आय** | **२२२४४६८७.५१** | | **१८६१६३७२.५४** | **१४५०००००.००** |
| | **कुद जम्मा आय** | **७९३१६९२९०.७८** | | **९३४७८९२७०.११** | **६६२९५४८१०.००** |

**चित्र नं. ६ कुल आयको वर्तमान अवस्था**



## ४.४ राजश्व परिचालनमा तथा व्यवस्थापनमा रहेका महत्वपूर्ण सवालहरू

संबिधन तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा संघीय कानून समेतका आधारमा नगरपालिकाको आर्थिक ऐनलाई समय सापेक्ष बनाउँदै आन्तरिक आय आर्जनको दिगो व्यवस्थापन र परिचालनमा समायनुकुल सुधारका लागि उल्लेख्य काम गर्नुपर्ने खाँचो देखिएको छ । यहाँ रहेका समस्या तथा सवालहरूलाई देहायअनुसार प्रस्तुत गरिएको छ

क) संविधान/कानुनद्वारा अख्तियार प्राप्त नगरपालिकाको नियमित, दिगो तथा महत्वपूर्ण आन्तरिक स्रोतका रुपमा रहेका सम्पत्ति कर, व्यवसाय कर, घरजग्गा बहाल कर जस्ता करहरू प्रभावकारी कार्यान्वयनमा आउन नसकेका कारण कर सङ्कलन सामर्थ्यको अभिवृद्धि गर्दै कर सङ्कलनका सबै सम्भाव्य क्षेत्रहरूलाई यस राजश्व सुधार कार्ययोजना तथा सम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लेख गरिएका कृयाकलाप अनुरुप तिनीहरूको व्यवहारिक कार्यान्वयनमा ल्याउनुपर्ने भएको छ ।

ख) स्थानीय सरकारको रुपमा स्थापित भएर आफ्नो जिम्मेवारी निर्वाहा गरिरहेको गौरादह नगरपालिकाले कार्य जिम्मेवारीका आधारमा संगठनात्मक संरचना तयार गरी उक्त संरचना बमोजिम शाखा, उपशाखा वा ईकाइगत साथै कर्मचारीको व्यक्तिगत कार्य जिम्मेवारी समेत सुनिस्चित गरी कार्य सम्पादन सम्झौता गर्न आवश्यक देखिएको छ ।

ग) नगरपालिको संगठन व्यवस्थापन सर्भेक्षण गरी नगरपालिकाका कार्यालयमा शाखा, उपशाखा, एकाइहरूको आवश्यकता पहिचान गरी सम्बन्धित शाखा, उपशाखा, एकाइहरूको कामको चाप तथा आवश्यकताका आधारमा नगरसभाबाट कर्मचारी दरबन्दी स्वीकृत गरी राजस्व उपशाखाका लागि छुट्टै कर्मचारीको व्यवस्था गर्नु आवश्यक रहेको छ ।

घ) नगरपालिकाले आर्थिक ऐनलाई सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ । आर्थिक ऐनमा सवारी करको व्यवस्था गरिएको छ । तर प्रचलित संघीय कानुनी व्यवस्था अनुरुप यो कर सवै सवारी साधनमा लिन नपाइने हुँदा यसलाई हटाउनुपर्नेछ । निर्माण विकासका कार्यमा प्रयोग हुन नगरपालिकाका यन्त्र, उपकरण तथा साधनहरू जस्ता सम्पत्तिको भाडा दर ऐनमा उल्लेख नभएको हुँदा यिनीहरूलाई ऐनमा समावेश गर्नुपर्ने देखिन्छ ।

ङ) तथ्याङ्कमा आधारित अभिलेख आन्तरिक आयमा वृद्धिका लागि आन्तरिक आयका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी हुन्छ । यस अन्तर्गत नगरपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयारी तथा हरेक वर्ष अद्यावधिक गर्नुपर्ने जस्ता विषयहरू समावेश रहन्छन् । अद्यावधिक अभिलेख बिना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन । तसर्थ राजश्व परिचालन सँग सम्बन्धित अभिलेख तथा विवरणहरू अनिवार्य व्यवस्थित गर्न आवश्यक छ ।

च) राजश्व सङ्कलन तथा व्यवस्थपन कार्यविधि तर्जुमा, आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूबाट आय सङ्कलन गर्ने कार्यविधि तयार गरी नगरपालिकाले वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय सङ्कलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन् ।

छ) समन्वय संयन्त्रको प्रभावकारिता वृद्धि राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व सङ्कलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई सक्रिय बनाउनु आवश्यक हुन्छ । आय सङ्कलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

ज) सामाजिक-आर्थिक अवस्था र कर सङ्कलन सामर्थ्य बीचको सामञ्जस्यता स्थानीय स्तरमा आजआर्जनका अवसरहरूको कमी रहेको छ । कृषि क्षेत्र जीवन निर्वाहमुखी छ । जनसंख्याको ठूलो हिस्सा कर तिर्न सक्ने क्षमता कमजोर भएको हुँदा राजस्वको सम्भाव्यता पनि कम रहेको छ । यसका साथै करदातामा कर तिर्नुपर्छ भन्ने ज्ञान र भावनाको कमी रहेको हुँदा नयाँ करहरू थपिनु समस्याका रुपमा रहन सक्दछ । अर्कातर्फ, कानुनले अधिकार दिएका क्षेत्रहरूमा कर सङ्कलन

नगर्दा नगरपालिकाले कर सङ्कलन सामर्थ्य कमजोर देखिन सक्ने भएकाले सबै सम्भाव्य क्षेत्रहरूमा न्यूनतम दर र करका प्रगतिशील सिद्धान्तलाई ध्यानमा राखी कर कार्यान्वयन गर्नुपर्दछ ।

झ) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहित आयको सङ्कलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । नगरपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु जस्ता सकारात्मक प्रसासहरू गर्न अनिवार्य देखिन्छ ।

ञ) विगत तीन बर्षको आन्तरिक आयको अवस्था अध्ययन गर्दा आ.व. २०७६/७७ मा आन्तरिक आय रु २ करोड २२ लाख ४४ हजार ६८७ रहेकोमा यो रकम आ.व. २०७७/७८ मा १६.३१ प्रतिसतले घट्न गई रु १ करोड ८६ लाख १६ हजार ३७२ को हाराहारी मात्र हुन सक्यो भने चालु आ.व. मा २ करोड ९५ लाख हुने अनुमान गरिएकोमो २०७८ साल फागुन २५ गते बसेको नवौं नगर सभाबाट संशोधन भई रु १ करोड ४५ लाख मात्र हुने अनुमान गरिएको छ । चालु आ.व.को माघ महिना सम्मको यथार्थ आयको अवस्था अध्ययन गर्दा यस अवधिमा रु ८० लाख ९८ हजार २३६.५९ रुपैया (सुरु अनुमानको २७.४५ प्रतिसत तथा संशोधित अनुमानको ५५.८५ प्रतिसत प्राप्त भएको अवस्था छ । समग्रमा आन्तरिक आय प्रत्येक बर्ष घट्दो कममा रहनु गम्भिर चिन्ताको विषयको रुपमा देखा परेको छ ।

ट) चालु आ.व. मा आन्तरिक आयको सुरु अनुमानमा करिव ५१ प्रतिसतले घटाएर संशोधित अनुमान कायम गर्नुको मुल कारणको रुपमा आर्थिक ऐनमा भएका सम्पति कर, मनोरञ्जन कर, विज्ञापन कर जस्ता आय आर्जन गर्न सकिने प्रमुख श्रोतहरू कार्यान्वयनमा आउन नसक्नु, प्रगतिशिल कर प्रणाली कार्यान्वयनमा आउन नसक्नु तथा अवलम्बन गर्न नसक्नु, कर तथा गैरकर राजश्वका विभिन्न दायराहरू समेटिन नसक्नु तथा समेटिएका शिर्षकमा समेत आ.व. को ७ महिना व्यतित हुँदा समेत आसातित सङ्कलन हुन नसक्नु, तोकिएको समय सिमा भित्र हाट बजार ठेक्कामा लाग्न नसक्नु तथा पहिले निर्धारण गरिएको न्यूनतम ठेक्का समेत संशोधन गर्नु पर्ने अवस्थाको श्रृजना हुनु, आन्तरिक आय आर्जनका विषयमा जनप्रतिनिधिको चासो कम रहनु साथै नगरपालिकाको कर तथा राजश्व प्रशासन फितलो हुनु, जस्ता प्रमुख कारणहरू रहेको पाईएको कारण यस प्रकारका कमि कमजोरीलाई सुधार गर्न अनिवार्य देखिएको छ ।

## परिच्छेद – ५ (पाँच)
## राजश्व सुधार कार्ययोजना

### ५.१ राजश्व सुधार कार्ययोजना

गौरादह नगरपालिकामा राजस्वको संभाव्यता अध्यय तथा सुधार कार्ययोजना तर्जुमा लागि आयोजित अभिमुखीकरण तथा योजना तर्जुमा कार्यशालाबाट राजस्व सुधार कार्ययोजना मस्यौदा तयार गरिएको छ । नगरपालिकाको आयोजना तथा प्रदेश सरकारको सहयोग र परामर्शदातृ संस्था भूगोल ईन्जिनियरिङ कन्सलटेण्ट प्रा.लि. काठमाण्डौको सहजीकरणमा सम्पन्न उक्त कार्यशालामा नगरपालिकाका प्रमुख, उपप्रमुख लगायत कार्यपालिका सदस्यहरू, कार्यपालिका तथा वडा कार्यालयका कर्मचारीहरू, गौरादह उद्योग बाणिज्य संघका अध्यक्ष लगायत सम्बन्धित सरोकारवाला पक्षको सहभागिता रहेको थियो । कार्यशालामा सहभागीहरू ४ वटा समुहमा रही समूह अभ्यास गरी राजस्व सुधारको मस्यौदा कार्ययोजना तर्जुमा गरी प्रस्तुत गरिएको थियो । उक्त विवरणमा परामर्शदाताद्वारा विगतका प्रचलन, अभ्यास र अवस्था साथै कर तथा गैर कर राजश्व सँग सरोकार राख्ने सरोकारवालाको आर्थिक, सामाजिक तथा संस्थागत क्षमता समेतका सङ्कलित सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयार गरिएको छ । यस कार्ययोजनाका कार्यहरूलाई बृहत्रुपमा कर राजस्व सुधार योजना, गैरकर राजस्व सुधार योजना तथा राजस्व प्रशासन सुधार योजना गरी जम्मा तीन क्षेत्रमा विभाजन गरिएको छ

**क. कर राजस्व सुधार योजना**

| क.सं. | विषयगत क्षेत्र सुधारकालागि गरिने कार्यहरू | समयावधी | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | **सम्पति कर** | | | |
| १.१ | सम्पत्तीको मुल्याङ्कन विधि र प्रकृया समेत उल्लेख गरी सम्पत्ती कर लगायतका सवै प्रकार र प्रकृतिका कर तथा गैर कर राजश्व सङ्कलन तथा व्यवस्थापन कार्यविधि तयार र स्वीकृत गर्ने | २०७९ असार समान्त सम्म | राजस्व परामर्श समिति, नगर कार्यपालिका र नगर सभा | |
| १.२ | गौरादह नगरपालिका क्षेत्र भित्रको भूमिको प्रयोगको आधारमा मूख्य शहरी क्षेत्र, शहर उन्मुख बजार क्षेत्र तथा ग्रामिण क्षेत्र समेतका सम्भाव्य क्षेत्र सहित सम्पूर्ण क्षेत्रलाई भू-उपयोगकको आधारमा बर्गिकरण गर्ने | २०७९ साल असारमा सम्पन्न हुने नगर सभा | नगर कार्यपालिका र नगर सभा | |
| १.३ | सम्पति करको दर रेट निर्धारण तथा अध्यावधिक गर्ने | २०७९ साल असारमा सम्पन्न हुने नगर सभा र त्यस पछिका नियमित नगर सभाहरू | राजस्व परामर्श समिति, नगर कार्यपालिका र नगर सभा | |
| १.४ | सम्पत्ती कर लगायत सवै प्रकारका कर तथा गैर कर राजश्वको लागि सफ्टवेयर निर्माण तथा अध्यवधिक | २०७९ साल असार | राजस्व उपशाखा र प्रमुख प्रशासकीय अधिकृत | |
| १.५ | सफ्टवेय सम्बन्धी तालिम तथा पुनरताजगि तालिमको व्यवस्था गर्ने | निरन्तर | राजस्व उपशाखा र प्रमुख प्रशासकीय अधिकृत | |
| १.६ | सम्पत्ती कर र सम्पत्तीको स्वघोषणा प्रक्रिया बारे वडास्तरमा सचेतना कार्यक्रम संचालन गर्ने | २०७९ साउन देखि निरन्तर | राजस्व उपशाखा तथा वडा कार्यालयहरू | |

| | | | | |
|---|---|---|---|---|
| १.७ | सम्पत्ती कर प्रशासनका लागि आवश्यक भौतिक सामग्रीको व्यवस्था गरी वडा कार्यालयहरूबाट सम्पत्ति कर, मालपोत लगायतका सबै प्रकारका कर सङ्कलन तथा व्यवस्थापन गर्ने साथै सरोकारवाला सम्पति धनिलाई सम्पति करको दायरामा ल्याउने | २०७७ श्रावण १ देखि निरन्तर | राजस्व उपशाखा तथा वडा कार्यालयहरू | |
| २ | **भूमिकर/मालपोत** | | | |
| २.१ | भूमिकर/मालपोत को दर रेट निर्धारण तथा अध्यावधिक गर्ने | २०७९ साल असारमा सम्पन्न हुने नगर सभा र त्यस पछिका नियमित नगर सभाहरू | राजस्व परामर्श समिति, नगर कार्यपालिका र नगर सभा | |
| २.२ | मालपोत कार्यालयहरूबाट जग्गाको नयाँ लगत निकाल्ने र वडाबाट मालपोतको लगत तयार गर्ने | २०७९ साल असोज मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत, नगर प्रमुख, राजश्व उपशाखा | |
| २.३ | मालपोत सम्बन्धी तथ्याङ्क तथा कम्प्युटर प्रणालीमा अद्यावधिक गर्ने | २०७९ मंसिर मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत, राजश्व उपशाखा | |
| २.४ | घुम्ती सेवा संञ्चालन गरी मालपोतको विवरण सङ्कलन, विवरण अद्याधिक तथा कर सङ्कलन गर्ने | निरन्तर | प्रमुख प्रशासकीय अधिकृत, राजश्व उपशाखा, वडा कार्यालयहरू | |
| ३ | **घर जग्गा वहाल कर** | | | |
| ३.१ | सम्पत्ती करको लागि सम्पत्तिको विवरण सहित करदाताको अभिलेख तयार गर्दा वहालमा भएका घरजग्गाको लगत समेत अद्यावधिक गर्ने | २०७९ माघ समान्त सम्म | प्रमख प्रशासकीय अधिकृत र वडा कार्यालय | |
| ३.२ | घर जग्गा वहाल करको दर रेट निर्धारण तथा अध्यावधिक गर्ने | २०७९ साल असारमा सम्पन्न हुने नगर सभा र त्यस पछिका नियमित नगर सभाहरू | राजस्व परामर्श समिति, नगर कार्यपालिका र नगर सभा | |
| ३.३ | घर/जग्गा वहालमा लनगरने घरधनीहरूलाई बहाल कर सम्बन्धमा जानकारी गराई करको दायरामा ल्याउने | निरन्तर | राजस्व उपशाखा र वडा कार्यालय | |
| ४ | **व्यवसाय कर** | | | |
| ४.१ | व्यवसायको पहिचान, अभिलेखीकरण र वर्गीकरण समेत गरी कर तथा गैर कर राजश्व सङ्कलन तथा व्यवस्थापन कार्यविधिमा व्यवसाय रजिष्ट्रेशन सम्बन्धी प्रावधान समेत समावेश गर्ने | २०७९ असार मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत | |
| ४.२ | व्यवसाय करको दर रेट निर्धारण तथा अध्यावधिक गर्ने | २०७९ साल असारमा सम्पन्न हुने नगर सभा र त्यस | राजस्व परामर्श समिति, नगर कार्यपालिका र नगर सभा | |

| | | | | |
|---|---|---|---|---|
| | | पछिका नियमित नगर सभाहरू | | |
| ४.३ | व्यवसायको वर्गीकरणका आधारमा व्यवसायको दर्ता र बार्षिक व्यवसाय करको व्यवस्था गर्ने | निरन्तर | राजस्व परामर्श समिति र नगरँसभा | |
| ४.४ | व्यवसाय दर्ता तथा कर सङ्कलनका लागि आवधिक रुपमा घुम्ति शिविर संचालन गन | निरन्तर | राजस्व उपशाखा तथा वडा कार्यालयहरू | |
| ४.५ | उद्योग वाणिज्य संघ, आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय र सम्बन्धित पक्षहरूसँग समन्वय र नियमित अन्तरक्रिया गर्ने | चौमासिक | नगर कार्यपालिका | |
| **५** | **जडीबुटी, कवाडी र जीवजन्तु कर** | | | |
| ५.१ | जडीबुटी, कवाडी र जीवजन्तु करको दर रेट निर्धारण तथा अध्यावधिक गर्ने | २०७९ साल असारमा सम्पन्न हुने नगर सभा र त्यस पछिका नियमित नगर सभाहरू | राजस्व परामर्श समिति, नगर कार्यपालिका र नगर सभा | |
| ५.२ | जडीबुटी तथा कवाडी सङ्कलनको सम्भाव्य क्षेत्र पहिचान गरी बिक्री हुने परिमाण यकिन गर्ने | २०७९ असार मसान्त | सम्बन्धित वडा कार्यालय | |

**ख. गैरकर राजस्व सुधार योजना**

| क.सं. | विषयगत क्षेत्र सुधारकालागि गरिने कार्यहरू | समयावधी | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | ढुंगा, गिट्टी, बालुवा, स्लेट आदिको बिक्री | | | |
| १.१ | नगरपालिकाको अधिकार क्षेत्र भित्रका खोलाबाट ढुंगा, गिट्टी, वालुवा, भरोट उत्खनन सम्बन्धी नीतिगत निर्णय गर्ने | २०७९ असार मसान्त भित्र | कार्यपालिका | |
| १.२ | उल्लेखित स्रोतहरूमा प्रारम्भिक वातावरणीय अध्ययन गरी प्रतिवेदन स्वीकृत गर्ने/गराउने | २०७९ असार मसान्त भित्र | प्रमुख प्रशासकीय अधिकृत र योजना शाखा | |
| १.३ | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा निर्धारित परिमाणमा ठेक्का प्रक्रियाद्धारा शुल्क सङ्कलनको व्यवस्था गर्ने र नभए अमानतबाट सङ्कलनको व्यवस्था गर्ने | निरन्तर | कार्यपालिका | |
| १.४ | सङ्कलन र बिक्री प्रक्रियाको नियमित अनुगमन सुनिश्चित गर्ने | निरन्तर | कार्यपालिका | |
| **२** | **नक्सा पास दस्तुर** | | | |
| २.१ | घर निर्माण गर्दा नक्सा पास गरेर मात्र निर्माण गर्ने र पुराना घरको अभिलेखीकरण गर्ने नीति निर्माण गर्ने | २०७९ असार मसान्त भित्र | कार्यपालिका | |
| २.२ | नगरपालिकाको सिमाना भित्र भएका घरहरूको अभिलेखीकरण गर्ने | निरन्तर | कार्यपालिका र प्रविधिक शाखा | |
| २.३ | नक्सापास कार्यका लागि प्राविधिक शाखाको क्षमता विस्तार, नक्सापास विधि तथा प्रक्रिया | निरन्तर | प्राविधिक शाखा, प्रमुख प्रशासकीय अधिकृत | |

| | | | | |
|---|---|---|---|---|
| | र नक्सापास पुस्तक छपाई आदी कार्य गर्ने | | | |
| २.४ | नक्सापास तथा अभिलेखीकरणको प्रावधान सहित सो को प्रक्रियाबारे नगरबासी लगायतका सरोकारवाला जनतालाई सुचित गर्ने | निरन्तर | प्राविधिक शाखा वडा कार्यालयहरू | |
| **३** | **बहाल विटौरी शुल्क** | | | |
| ३.१ | नगरँपालिका क्षेत्रभित्र भएका सार्वजनिक जमिन तथा त्यहाँ रहेका संरचनाबारे तथ्यांक सङ्कलन गन | २०७९ कार्तिक मसान्त सम्म | प्राविधिक तथा प्रशासन शाखा | |
| ३.२ | सार्वजनिक जमिन तथा त्यहाँ रहेका संरचना र विद्यमान उपयोगको योजना तयार गर्ने | २०७९ पौष मसान्त सम्म | राजस्व परामर्श समिति र नगरँसभा | |
| ३.३ | विटौरी शुल्क तिर्नुपर्ने करदाताहरूलाई सूचित गर्ने | निरन्तर | आर्थिक प्रशासन शाखा | |
| ४ | **दर्ता, नवीकरण तथा अनुमती दस्तुर** | | | |
| ४.१ | व्यवसाय दर्ता सम्बन्धी प्रावधानलाई कर तथा गैर कर राजश्व कार्यविधिमा समावेश गर्ने | २०७९ असार मसान्त भित्र | प्रमुख प्रशासकीय अधिकृत तथा कार्यपालिका | |
| ४.२ | नगरपालिकाबाट अनुमति लिनु पर्ने व्यावसायको दर्ता तथा व्यासाय कर बारे व्यवसायी र सरोकारवाला बीच समन्वय तथा छलफल गर्ने | निरन्तर | राजस्व परामर्श समिति, नगर सभा | |
| **५** | दीर्घकालीन आय स्रोतको पहिचान तथा सम्भाव्यता | | | |
| ५.१ | नगरपालिकालाई दीर्घकालीन आय हुन सक्ने सम्भाव्य क्षेत्रहरूको पहिचान गर्ने ( हाटबजजार व्यवस्थापन, खानेपानी तथा अस्पताल निर्माण तथा सञ्चालन, अतिथी गृह तथा तालिम हल नर्माण, सञ्चालन तथा व्यवस्थापन | बार्षिक | नगर कार्यपालिका, नगर सभा | |
| ५.२ | पहिचान भएका सम्भाव्य आयोजना निर्माण तथा संचालन गर्ने | २०७९ श्रावण देखी निरन्तर | नगर कार्यपालिका, नगर सभा | |

## ग. राजस्व प्रशासन सुधार योजना

| क.सं. | विषयगत क्षेत्र सुधारकालागि गरिने कार्यहरू | समयावधी | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | **कानुनी तथा नीतिगत व्यवस्था** | | | |
| १.१ | सम्पत्ति कर, व्यवसाय कर, बहाल कर, विज्ञापन कर, बहाल बिटौरी शुल्क, ढुंगा, गिट्टी, बालुवा विक्री र लगायत कर तथा गैर कर राजश्व सङ्कलन तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि निर्माण तथा स्वीकृत गरी लागु गर्ने | २०७९ असार मसान्त भित्र | कार्यपालिका, आर्थिक प्रशासन शाखा, राजश्व उपशाखा | |
**(ख) राजस्व परामर्श समितिबाट अनुगमन तथा मूल्यांकनः** राजस्व परामर्श समितिले चौमासिक रुपमा राजस्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय संकलनको अवस्थाको नियमित अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ । त्यसैगरी आगामी आर्थिक वर्षकोलागि आयको अनुमान गर्ने, विगतमा भएका कार्यको मूल्यांकन गरी स्रोत, दर तथा दायरामा सुधारका क्रियाकलाप सिफारिश गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ । यसका अतिरिक्त आर्थिक वर्षको समाप्ती पश्चात् राजस्व सुधार योजनाको समीक्षा गर्नु उपयुक्त हुनेछ ।

**(ग) कार्यपालिकाबाट अनुगमन तथा मूल्यांकनः** कार्यपालिकाको बैठकले राजस्व परामर्श समितिले प्रस्तुत गरेका सुझावहरूलाई कार्यपालिकाको छलफलमा ल्याई आवश्यक निर्णय सम्बन्धी कार्य यस अन्तर्गत पर्दछ । छलफलको क्रममा राजस्व सुधार योजना तथा आय असुली अवस्थाको समीक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नु आवश्यक छ

**(घ) बाह्य अनुगमन तथा मूल्यांकनः** राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजीकरण गर्ने सम्बन्धित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरू आदिले अनुगमनका लागि सहयोग प्रदान गर्न सक्नेछन् । यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय सरकारको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा विकास हुनेछ । राजस्व प्रशासनसँग सम्बन्धित तथ्यांक वाहेक योजना कार्यान्वयन प्रक्रियाको अनुगमन तथा करदाताहरूको अनुभूति संकलन पनि अनुगमनको मुख्य विधि हुन सक्नेछ ।

## परिच्छेद ९ (नौ)
## शुझाव तथा निष्कर्ष

राज्यको पुन संरचना संगै नेपालको बर्तमान संबिधान तथा स्थानीय सरकार सञ्चालन ऐन कार्यान्वयनमा आए पछि अधिकार सम्पन्न भएको स्थानीय सरकारको हैसियतमा कार्यरत गौरादह नगरपालिकाले स्थानीयबासिलाई सर्वसुलभ सेवा प्रवाह गर्ने र विकास अभियानलाई तिब्र पार्ने अभिप्रायले कर तथा गेर कर राजश्वको सम्भाब्यता अध्ययनका साथ राजश्वा सुधार कार्ययोजना तयार पारी आफ्नो अन्तरिक आयस्रोतको खोजी, विस्तार गर्ने सिलसिलामा तयार पारिएको यो पहिलो राजश्व सुधार कार्ययोजना तथा सम्भाव्यता अध्ययन प्रक्षेपण प्रतिवेदन हो । विगतमा स्थानीय स्वायत्त शासन ऐनको मुल मर्म र भावना बमोजिम स्थानीय स्तरमा रहेर फरक फरक संभावना र अवसरहरूका साथमा कार्य गर्दै आएका साविकका स्थानीय निकाय लाई पुन संरचना बमोजिम एउटै भावना र उद्देश्य बमोजिम एउटै मार्गमा एउटै तरिकाले अगाडि बढाउने कार्य आफैमा चुनौतिपूर्ण रहेको थियो र छ पनि । गौरादह नगरपालिका पनि यो चुनौति बाट मुक्त भई सकेको अवस्था भने छैन ।

बदलिदो परिस्थिति बमोजिमका स्थानीय तह संचालनका लागि प्राप्त संघीय तथा प्रदेश ऐन कानून तथा स्थानीय स्तरमा गौरादह नगरपालिकाले निर्माण गरी कार्यान्वयनमा ल्याएका ऐन, कानून, निर्देशिका तथा कार्यविधिको अधिनमा रहेर सम्भावित राजश्वका विषयगत क्षेत्रको पहिचान गरी उक्त क्षेत्रका आधारमा सके सम्म बैज्ञानिक, ब्यवहारिक र प्रगतिशिल रुपमा कर तथा गैर कर राजश्वका न्यूनतम दर रेटहरू निर्धारण गरिएकोछ । यस अध्ययनको मुल लक्ष कर तथा गैरकर राजश्वका सम्भावित क्षेत्रहरूको यथार्थ पहिचान गरी दायरा विस्तार गर्ने साथै कर तथा गैर कर राजश्व र सेवा शुल्कहरूलाई समय सापेक्ष बनाएर दायराहरूलाई फराकिलो बनाउदै स्थनीयबासीका आशा अपेक्षा र वर्तमान आवश्यकतालाई पुरा गर्ने गरी यस पालिकालाई आर्थिक रुपले सक्षम र बलियो बनाउदै जाने रहेको छ ।

राज्यको पुनसंरचान बमोजिम स्थापना भएको यस गौरादह नगरपालिका क्षेत्र भित्र दिन प्रतिदिन जग्गा जमिनको मूल्य अत्याधिक बृद्धि हुदै गएको भएता पनि आन्तरिक आयको प्रमुख श्रोतको रुपमा परिभाषित मात्र हैन देखिएको सम्पति करलाई ऐनमा व्यवस्था गरेर पनि कार्यान्वयनमा ल्याउन नसक्नु, सवै प्रकारका ब्यापार ब्यवशाय, उद्योग कलकारखानाहरू तथा सेवाका क्षेत्रहरू पुरै नसमेटिनु साथै करको दायरा भित्र नआउनु, सेवा प्रवाहका चिज बस्तुको सेवा लागत मूल्य धेरै गुणाले बृद्धि भएको भएता पनि दक्ष जनशक्तिको अभावका कारण परम्परागत राजश्व नीति र प्रशासन बाट प्रगतिशिल रुपमा माथि उठ्न नसकेका कारण वर्तमान आन्तरिक आयले कार्यालयको सामान्य खर्च समेत धान्न सक्ने अवस्था देखिदैन भने तत्काल यस परिवेश बाट माथि उठ्न नसके भविश्यमा समेत नगरपालिका सधै परनिर्भरताको जालो भित्र गुम्सिन बाध्य हुन सक्ने सम्भावना रहेको छ । अवका दिनमा यस अवस्था बाट मुक्त हुदै बदलिदो परिवेश र परिस्थिति संगै स्थानीय आर्थिक समृद्धिको मार्ग बलियो र प्रसस्त गर्न स्थानीयबासीले सहज रुपमा कर तथा राजश्व तिर्ने तथा सर्वसाधारण नागरिकले तिरेको कर तथा राजश्वलाई प्रत्यक्ष रुपले उनिहरूकै हितमा खर्च गर्ने दरिलो र विश्वाशिलो आधार निर्माण गर्ने वातावरण सिर्जना गर्न अनिवार्यछ । स्थानीयबासीको विश्वास जित्न सके साथै परिमार्जित ऐन नियम तथा प्रदेश कानूनले निर्धारण गरेका विषय बस्तुमा केन्द्रित रहि प्रस्ताव गरिए बमोजिमका दररेटहरू कार्यान्वनयमा ल्याउन सके यो नगरपालिका क्रमिक रुपले आत्मनिर्भर हुदै जाने तर्फ कुनै आशङ्का छैन । मुलत साविकमा अवलम्बन गरेका अभ्यासहरू समयको माग संगै प्रगतिसिल कर प्रणालि अनुसार बैज्ञानिक र समय सान्दार्भिक पार्ने प्रयास गरिएकोछ । चालू आ.व. मा यस पालिकाले गरेको कर अभ्यास, छिमेकी गाउँ/नगरपालिकाहरूले गरेको कर अभ्यास र प्रशासनलाई समेत मध्यनजर गर्दै भोलिका दिनमा आफ्नो खुट्टामा आफैँ उभिन सक्ने स्थानीय तहको रुपमा यस नगरपालिलाई स्थापित गराउन प्रस्ताव गरीएका सुझाव, आवश्यक सुधारका पक्ष, राजश्वका क्षेत्र तथा दरहरूले सहयोग पुऱ्याउने कुरामा विश्वास लिन सकिन्छ । राजश्वका दर तथा दायराका सन्दर्भमा सिफारीस गरिरहंदा नगरवासीहरूको सामर्थ्य र नगरबासीहरूको विकास प्रतिको चाहना

समेतलाई समय सर्न्दभ र परिस्थिति अनुकुल हुने गरी प्रस्ताव गर्ने प्रयत्न गरीएको छ। उपरोक्त कार्यहरूलाई कार्यान्वनयमा ल्याउन देहाय बमोजिका सुझाव तथा निष्कर्ष प्रस्तुत गरिएकोछ।

१. यो राजश्व सुधार कार्ययोजना तथा सम्भाब्यता अध्ययन प्रतिवेदन मुख्य गरी यस नगरपालिका बाट प्राप्त बस्तुगत विवरण, नगरपालिका तथा वडाकार्यालयको पछिल्लो अभिलेख, सम्बन्धित सरोकारवाला सँगको छलफल साथै मूख्य मूख्य स्थानहरूको स्थालगत अवलोकनका आधारमा वर्तमान बस्तुस्थितिको अध्ययन गरी तयार पारिएकोले यथार्थपरक र बस्तुनिष्ठ रहेको भएता पनि पूर्ण भने नहुन सक्छ। तथापि यस अध्ययन प्रतिवेदनमा प्रस्ताव गरिएका सुधारका पाक्ष, आगामि दिनमा गरिनु पर्ने कार्य, राजश्वका क्षेत्र र दरमा विद्यमान ऐन कानूनको क्षेत्राधिकार भित्र रहि स्थानीय आवश्यकता बमोजिम दरहरूमा थप परिमार्जन र संशोधन गर्न नगरपालिका स्वतन्त्र छ।
२. नगरपालिकाबासीहरूलाई करको दायरामा ल्याउन जनचेतनामुलक कर शिक्षा कार्यक्रम सञ्चालन गर्नु पर्ने अवस्था रहेकोछ।
३. प्रस्तावित तथा प्रक्षेपित राजश्वका श्रोत, क्षेत्र, दररेट हरूलाई जनताको आफ्नै क्षेत्र, स्रोत र दररेट भएको यथार्थ जानकारी गराउन र कार्यान्वनयमा ल्याउन स्थानीय आर्थिक ऐन लाई समेत समय सापेक्ष बनाई ऐन मा व्यवस्था भएका सवै विषयलाई अनिवार्य कार्यान्वनयमा ल्याउनु पर्ने अवस्था देखिएकोछ।
४. नगरपालिकाले जारी गरेको आर्थिक ऐन, २०७८ मा व्यवस्था गरिएको सम्पति कर लगायतका कार्यान्वयनमा आउन नसकेका दायरा र क्षेत्रलाई तत्काल कार्यान्वयनमा लैजना अनिवार्य छ।
५. यस नगरपालिकाको विभिन्न क्षेत्रमा छरिएर रहेका उद्योगि, ब्यापारी तथा व्यवसायी साथै हाटबजार लाग्ने स्थानमा कारोवार गर्ने ब्यापारि तथा ब्यवशायीहरू पूर्ण रुपले करधार भित्र समाहित भएको नपाईएकाले सवैलाई कारको दायरा भित्र ल्याउन अनिवार्य रहेको साथै दैनिक सम्बन्धित ब्यवसायीले हाटबजारको प्रयोग गर्दा उत्पादन हुने फोहोर र त्यसले वातावरण र सरसफाईमा पार्ने असर समेतलाई ध्यानमा राखि त्यसको समाधान तर्फ कृयाशिल हुने वातावरण सृजना गरी सवै लाई सहज रुपले करको दायरा भित्र ल्याई राजश्वमा थप बृद्धि गर्न हाटबजार व्यवासय कर लाई थप प्रतिस्पर्धात्मक बनाउन उपयुक्त हुने देखिन्छ।
६. ब्यापारी, व्यवसायी लगायत सेवामुलक निकायहरूमा कर तिर्ने बानिको विकास नभैसकेको वर्तमान परिवेशमा विषयगत टोलीहरू बनाएर कर तथा राजश्व असूली गर्दा अपेक्षीत नतिजा प्राप्त हुन सक्ने सम्भावना रहेको छ। उल्लेखित कार्यकालागि आवश्यक स्थानीय नीति नियम वा कर तथा गैर कर राजश्व सङ्कलन तथा व्यवास्थापन कार्यबिधि बनाएर स्थानीय स्तरमा गठन भएका भए सोहि लाई तथा गठन नभएको भए आवश्यक व्यवस्था गरी सम्बन्धित संघ सस्थाको सहकार्यमा व्यवस्थापन गर्न सके थप उपयुक्त र उपलब्धिमुलक हुने देखिन्छ।
७. आफुले उत्पादन गरेको फोहोरमैलाको उपयुक्त व्यवस्थापन गर्नु पूर्ण रुपले आफ्नै जिम्मेवारी हो। आफुले उत्पादन गरेको फोहोरमैला आफैंले व्यवस्थापन गर्न नसके व्यवस्थापन गरिदिनेलाई सेवा शुल्क तिर्नु अनिवार्य मात्र होईन कर्तब्य पनि हो। तसर्थ नगरपालिकाले सुरुको अवस्था देखिनै स्थानीयबासिलाई यस विषयमा जानकारी गराउँदै भविश्यमा फाहोरमैलाले पार्ने सम्भावित खतरालाई न्यूनिकरण गरी सफा, सुन्दर र सभ्य नगरपालिकाको रुपमा विकास गर्न प्रारम्भ बाटै यस प्रतिवेदनमा प्रस्ताव गरिएको सफाई शुल्कलाई सेवा प्रवाह सँग अवाद्ध गरी कार्यान्वयनमा ल्याउन अनिवार्यछ।
८. नगरपालिका क्षेत्रभित्रका कृषि तथा पशुपालनको व्यवसायिकिकरण, पर्यटकीय संभावना बोकेका क्षेत्रहरूको थप पहिचान, स्थापित भएका तथा हुने उद्योग व्यवसायको संरक्षण, पसल व्यवसायको विस्तार र सम्बर्द्धन गरी नगरपालिकाको आम्दानी थप बढाउन सकिन्छ। जसका लागि नगरपालिका आफैले र सहयोगी हात साथै व्यवसायि र उद्यमिहरूको पहलमा नगरपालिका क्षेत्रमा सम्बन्धित क्षेत्रको विकास र बिस्तारका लागि काम गर्न सकिने देखिन्छ
९. वर्तमान ऐन कानून बमोजिम सम्पति कर लाई ब्यवस्थित बनाउनकालागि नगरपालिका आन्तरिक व्यवस्थापनको हिसावले बलियो बन्न अनिवार्यछ। तसर्थ नगरपालिकाबासीहरूको यथार्थ सूचना र बस्तुगत विवरण तयार पार्ने कार्यमा थप कृयाशिल भई कार्यविधि निर्माण गरी स्वघोषणाको माध्यमबाट कर तथा राजश्वको मार्ग सहज बनाउने तर्फ विशेष ध्यान पुऱ्याउन अनिवार्य छ।

१०. जुन विषयगत क्षेत्र बाट कर तथा राजश्व सङ्कलन गरिएको हो उक्त क्षेत्र बाट भएको आयको एक निस्चित प्रतिसत वा हिस्सा लाई सकेसम्म सोहि क्षेत्रको विकास निर्माणमा खर्च गर्ने नीति तथा कार्यक्रम तर्जुमा गरी सोहि बमोजिम कार्यान्वनय गर्न सके समग्रमा स्थानीयबासिको जनप्रतिनिधि र स्थानीय तह प्रतिको विश्वासमा बढोत्तरी हुने र नगरपालिकाको समृद्धिको मार्ग प्रशस्त हुने सम्भावना रहेकोछ

११. विषयगत क्षेत्रको आधारमा सवै विषयगत क्षेत्र बाट भन्दा बढि कर बुझाउने कम्तिमा २-२ जना करदाताहरूलाई प्रत्येक बर्ष विशेष सम्मान गर्ने नीति अवलम्बन गर्न उपयुक्त देखिन्छ ।

१२. सवै उद्योगि ब्यापारी तथा व्यवशायीले एक निस्चित प्रतिसत रोजगारी श्रृजना गरेमा सम्बन्धित उद्योगि, ब्यापारी तथा व्यवशायीलाई एक निस्चित प्रतिसत रकम कर तथा राजश्वमा छुट दिन गरेका प्रस्ताव कार्यान्वयनमा ल्याउन सके रोजगारी श्रृजनाको एक दरिलो आधार निर्माण हुने कुरामा विश्वस्त हुने अवस्था देखिन्छ ।

१३. नगरपालिकाको अधिकाङ्स क्षेत्र ग्रामिण स्तरको रहेको, कृषि तथा पशुपालन योग्य जग्गा जमिन पर्यात रहेका कारण कृषि तथा पशुपालन व्यवशायलाई प्रभावकारी बनाउन उन्नत जातको बिउजिन, कृषि औजारहरू, मलखाद तथा सिचाईको उपुयक्त व्यवस्थापन साथै पशुपालनकालागि उन्नत जातका नस्ल, आवश्यक उपकरण र आहार सहुलियत र सहज रुपमा उपलब्ध गराउन सके कृषि तथा पशुपालन क्षेत्र र जग्गा जमिन तथा मालपोत वा सम्पति कर तिर्न स्थानीयबासी उत्साहित हुने अवस्था देखिन्छ ।

१४. नगरपालिका क्षेत्र भित्र रोजगारमुलक नयाँ उद्योग, ब्यापार तथा ब्यवशाय गर्न इच्छुक ब्यक्ति वा सस्थाहरूलाई निस्चित अवधि सम्म निस्चित प्रतिसतले कर तथा शुल्कमा विशेष छुट र सहुलियतको व्यवस्था गर्न सके यस नगरपालिकाको आर्थिक विकासको बाटो फराकिलो हुंदै जाने अवस्था रहेकोले सोहि बमोजिमका नीति कार्यक्रम अगाडि सार्न सुझाव गरिन्छ ।

१५. नगरपालिकाको राजश्व प्रसान तथा कार्यरत कर्मचारीको दक्षता समेत अभिबृद्धि गर्ने प्रकृतिका क्षमता विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन अनिवार्य देखिएको छ भने राजश्व शाखामा थप कर्मचारीको व्यवस्था, डिजिटल प्रविधिको माध्यम बाट सवै वडामा सङ्कलन हुने कर तथा गैर कर राजश्वको दैनिक विवरण नगरपालिकाको राजश्व शाखामा अध्यावधिक हुने लगायतमा विशेष सुधार गर्नु पर्ने अवस्था रहेकोले तत्काल यसमा नगरपालिका सकृय हुन आवश्यक छ ।

१७. गौरादह एपको विकास गरी सवै करदातालाई घरमा बसी वा आफुलाई उपयुक्त हुने स्थान र क्षेत्र बाटै कर तथा राजश्व बुझाउन सक्ने व्यवस्था गर्न अनिवार्यछ ।

गौरादह नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा नगरपालिकाबासीको एकतावद्ध प्रयासमा
यस नगरपालिकाको समृद्धिको मार्ग प्रसस्त हुन सकोस
यहि शुभकामनाका साथ
धन्यवाद

## अनुसूचि नं. १
## चालु आ.व. का आन्तरिक आयका स्रोत तथा दरहरू

गौरादह नगरपालिकाले आ.व.२०७८/७९ का लागि निर्धारण गरेका कर तथा गैर कर राजश्वका दायरागत क्षेत्रहरू तथा सम्बन्धित क्षेत्रहरू आधारित दरहरू देहाय बमोजिम रहेको पाईन्छ ।

**१ कर तर्फ**

**१.१ सम्पति कर: सम्पति कर निर्धारण गर्दा तपसिल अनुसार हुनेछ**

- सम्पति कर निर्धारण गर्दा सम्बन्धित सम्पतिवाला वा एकाघर संगोलको हकवाला वा निजको आधिकारिक प्रतिनिधि स्वयंले घरले ओगटेको जग्गाको मूल्य घोषणा गर्नु पर्नेछ
- यसरी घर संरचनाले ढाकेको जग्गाको मूल्य घोषणा गर्दा मालपोत कार्यालयले रजिष्ट्रेसन प्रयोजनकालागि तोकेको मूल्य भन्दा घटि र अपत्यारिलो वा अप्रत्यासित बढी हुनु हुँदैन
- सम्पति करमा जग्गाको मूल्याङ्कन गणना गर्दा घर संरचनाले ओगटेको जग्गाको क्षेत्रफलको दाब्बर भन्दा बढी क्षेत्रफलको गणना गरिने छैन
- सम्बन्धित घोषण कर्ताले घरको वनावटको किसिम सहित क्षेत्रफल समेत उल्लेख गर्नुपर्नेछ
- यसरी घर संरचनाको मूल्याङ्कन गर्दा तपसिल अनुसारका घरको मूल्याङ्कन दर तपसिल अनुसार हुनेछ

| क.सं. | घरको किसिम | मूल्याङ्कन गरिने इकाई र दर रु | | कैफियत |
|---|---|---|---|---|
| | | इकाई | आ.व. २०७८/७९ का लागि स्वीकृत दर रु | |
| १ | काठ वा टिन वा सेण्टरबेराको बारबोर र टिनाको छाना | प्रति बर्ग फुट | ५००.० | |
| २ | ढुङ्गा वा काचो ईटामा माटोको जोडाई फुसको छाना | प्रति बर्ग फुट | ५५०.० | |
| ३ | काठ वा टिन वा सेण्टरबेराको बारबोर र फुसको छाना | प्रति बर्ग फुट | ६००.० | |
| ४ | ढुङ्गा वा काचो ईटामा माटोको जोडाई टिनको छाना | प्रति बर्ग फुट | ७००.० | |
| ५ | आरसिसि पोष्टमा टिनको छाना | प्रति बर्ग फुट | ८००.० | |
| ६ | ढुङ्गामा सिमेण्टको जोडाई टिनको छाना | प्रति बर्ग फुट | ९००.० | |
| ७ | इटामा सिमेण्टको जोडाई टिनको छाना | प्रति बर्ग फुट | १०००.० | |
| ८ | आरसिसि पिलरमा टिनको छाना | प्रति बर्ग फुट | ११५०.० | |
| ९ | ढुङ्गा वा इटामा सिमेण्टको जोडाई छत ढलाई भएको | प्रति बर्ग फुट | १२००.० | |
| १० | फालमको सेक्सन टिनको बेरा तथा छाना | प्रति बर्ग फुट | १२५०.० | |
| ११ | आर.सि.सि. फ्रेम स्ट्रक्चर २००० बर्ग फिट सम्म | प्रति बर्ग फुट | १४००.० | |
| १२ | आर.सि.सि. फ्रेम स्ट्रक्चर २००० बर्ग फिट भन्दा माथि | प्रति बर्ग फुट | १६००.० | |
| १३ | आर.सि.सि. फ्रेम स्ट्रक्चर लिफ्ट सहितको | प्रति बर्ग फुट | १८५०.० | |

एक मुष्ठ कायम गरिने घरको किसिम र दर

यसरी घर संरचनाले ओगटेको क्षेत्रफलको दोब्बर सम्मको जग्गाको स्वघोसित मूल्याङ्कन र घर संरचनाको मूल्याङ्कन गणना गरी दुवैलाई जोडी आउने रकमलाई सम्पति कर गणना गर्ने आधार लिई तपसिल अनुसारको दरमा सम्पति कर निर्धारण गरी असुल उपर गरिनेछ ।

तपसिल

- गौरादह बजार क्षेत्र भित्र ०.०५ %

- स्कुलचवन, ग्वालडुवा, चप्रमारी, दामुना, बैगुनधुरा बजार क्षेत्र भित्र ०.०४ %
- अन्य सम्पूर्ण ग्रामिण क्षेत्र ०.०३ %

| क.सं. | घरको किसिम | मूल्याङ्कन गरिने इकाई र दर रु | | कैफियत |
|---|---|---|---|---|
| | | इकाई | आ.व. २०७८/७९ कालागि स्वीकृत दर रु | |
| १ | बाँसको बेराबारा सहित फुस वा प्लाष्टिकको छाना | प्रति गोटा | १५.० | आवास प्रयोजनकालागि |
| २ | बाँसको बेराबारा सहित फुसे वा प्लाष्टिकका छाना | २०० बर्ग फुट सम्म | १००.० | व्यवसायीक प्रयोजनकालागि |
| | | २०० बर्ग फुट भन्दा माथि | रु १००.० मा प्रति बर्गफु रु १०|० ले थप हुनेछ | |

- घर वा संरचनाले ओगटेको जग्गाको स्वमूल्याङ्कनको घोषण तीन आर्थिक बर्षकालागि हुनेछ सो लाई आधार मानि सम्पति कर गणनागरी असुल उपर गरिनेछ ।
- सम्पति कर प्रयोजनकालागि घर वा संरचनाले ओगटेको जग्गाको दोब्बर क्षेत्रफल भन्दा बढी जग्गाको मूल्याङ्कन समावेस गरिने छैन । यसरी दोब्बर क्षेत्रफल गणना गर्दा घर वा संरचना भएको कित्ताहरूको मात्र मूल्याङ्कनकालागि गणना गरिनेछ । बाँकी जग्गाको प्रचलित दर अनुसार मालपोत कोषमा भूमिकर असुल गरिनेछ ।
- चालु आ.व. मा खरिद वा अन्य कुनै प्रकृया बाट नयाँ धनिपूर्जा प्राप्त गरेका नयाँ घर जग्गा धनीको हकमा भने सो को सम्पति कर दाखिला भई सकेको भए चालु आ.व. को मालपोत कार्यालयले रजिष्ट्रसनकालागि निर्धारण गरेका मूल्याङ्कन भन्दा घटी नहुने गरी ३ आर्थिक बर्षकालागि स्वयं कर घोषण अवधारण अनुसार लगत कायम गरी सम्पति कर असुलिनेछ ।
- नगरपालिकामा दर्ता भएका कृषि तथा पशुपन्छी फार्महरू भएको जग्गामा लागेको सम्पति करमा ५० प्रतिसत छुट दिईनेछ । यस अनुसारको छुट सुविधा प्राप्तिकालागि सम्पति कर दाखिला गर्ने जग्गाधनीले आवश्यक कागजात सहित नगरपालिकामा आवेदन गरी छुट सुविधा लिन सक्नेछ ।

### १.२ भूमिकर/मालपोत

| क.सं. | जग्गा जमिनको बर्गिकरण | दर रेट रु | | कैफियत |
|---|---|---|---|---|
| | | आ.व. २०७७/७८ को दर रेट रु | आ.व. २०७८/७९ कालागि स्वीकृत दर रु | |
| १ | ५ कठ्ठा सम्मको | ७५.० | ७५.० | |
| २ | ५ कठ्ठा देखि माथि प्रति कठ्ठा | २०.० | २०.० | |
| ३ | नर बढी जग्गाको मालपोत र बक्यौता मालपोत असूल गर्नुपर्ने भएमा चालु आ.व.को दर रेटले असूल उपर गरिनेछ | | | |

### १.३ घर जग्गा बाहल कर:

घर बहाल कर सम्झौता रकमको २ % हुनेछ । बहाल लिने दिन बिच सम्झौता गर्दा देहाय अनुसारका क्षेत्रहरूमा प्रति बर्ग फिट देहायको रकम भन्दा घटी सम्झौता गर्न पाईने छैन । घटी रकममा सम्झौता भए पनि तोकिएको क्षेत्रमा तोकिए अनुसार घर बहाल रकम कायम गरी बहाल कर असुल उपर गरिनेछ ।

| क.सं. | निर्धारित क्षेत्र | दर रु | कैफियत |
|---|---|---|---|
| क. घर बहालमा लिदा वा दिदाको न्यूनतम बहाल रकम प्रति वर्ग फुट (बार्षिक) तपसिल अनुसार कायम गरिएको छ | | | |
| १ | गौरादह बजार क्षेत्र | | |

| | | | |
|---|---|---|---|
| २ | ग्वालडुवा र स्कूलचवन बजार क्षेत्र | | |
| ३ | बैगुनधुरा, चप्रामारी, दामुना लगायतका अन्य बजार क्षेत्र | | |
| ख. जग्गा बहालमा वा लिजमा लिदा वा दिदा प्रति कठ्ठा तपसिल अनुसार न्यूनतम बहाल कर कायम गरिएको छ | | | |
| १ | गौरादह बजार क्षेत्र | २५०.० | |
| २ | ग्वालडुवा र स्कूलचौन बजार क्षेत्र | १५०.० | |
| ३ | बैगुनधुरा, चप्रामारी, दामुना लगायतका अन्य बजार क्षेत्र | १००.० | |
| ४ | माथि उल्लखित बाहेक अन्य सबै ग्रामिण क्षेत्र | ५०.० | |

### १.४ सवारी साधन कर

नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने नगरपालिकाको कार्यालयमा अनिवार्य सूचिकृत भई रुट परिमिट लिनुपर्नेछ ।

| क.सं. | निर्धारित क्षेत्र | आ.व. २०७७/७८ को दर रेट रु | आ.व. २०७८/७९ कालागि स्वीकृत दर रेट रु |
|---|---|---|---|
| १ | दर्ता | ३००.० | ३००.० |
| २ | नामसारी शुल्क | ६००.० | ६००.० |
| ३ | सवारी दर्ता प्रमाण पत्र दस्तुर | २००.० | २००.० |
| बार्षिक सवारी कर | | | |
| ४ | बस, ट्रक, ट्रली र अन्य ह्यावि गाडिहरू | ३५००.० | ३५००.० |
| ५ | भाडाको कार जिप | ६००.० | ६००.० |
| ६ | भाडाको टेम्पो | ५००.० | ५००.० |
| ७ | व्यापारी प्रयोजनमा प्रयोग गरिएको ट्याक्टर | २०००.० | २०००.० |
| ८ | भाडाको मिनि बस | १५००.० | १५००.० |
| ९ | निजी जिप, कार, टेम्पो | ५००.० | ५००.० |
| १० | स्कुटर, मोटरसाईकल तथा अन्य सवारी साधन | ३००.० | ३००.० |
| सवारीको किसिम | | | |
| १ | बस, ट्रक, टिपर, हेभि साधन र ट्याक्टर | ५००.० | ५००.० |
| २ | मिनि बस | ३००.० | ३००.० |
| ३ | जिप, कार, मारुती, भ्यान, टेम्पो, म्याजिक, माईको, पिकअप | २००.० | २००.० |
| ४ | अन्य सवारी दस्तुर | २००.० | २००.० |
| ई रिक्सा नामसारी, नविकरण तथा ईजाजत शुल्क | | | |
| १ | दर्ता तथा अनुमति दस्तुर | १५००.० | १५००.० |
| २ | नामसारी शुल्क | ६००.० | ६००.० |
| ३ | नविकरण शुल्क (वार्षिक) | | ५०.० |
| ४ | म्याद गुज्री दर्ता नम्बर लिन नामसारी वा नविकारण गराउन आउदा प्रति वर्ष | | ३००.० |

## १.५ व्यवसाय कर

| क.सं. | व्यवसायको किसिम | आ.व. २०७७/७८ को दर रेट रु | आ.व. २०७८/७९ कालागि स्वीकृत दर रेट रु |
|---|---|---|---|
| १ | रक्सि डिलर/थोक विक्रेता | | ३०००.० |
| २ | रक्सि खुद्रा विक्रेता | | १५००.० |
| ३ | चुरोट तथा सूर्तिजन्य पदार्थ डिलर/थोक विक्रेता | | ३०००.० |
| ४ | चुरोट तथा सूर्तिजन्य पदार्थ खुद्रा विक्रेता | | १०००.० |
| ५ | कोलड्रिंक्स डिलर/थोक विक्रेता | | २०००.० |
| ६ | कोलड्रिंक्स खुद्रा विक्रेता | | १०००.० |
| ७ | खाना, खाजा, कोलड्रिंक्स, मदिार बिकि गर्ने होटल | | ३०००.० |
| ८ | खाना, खाजा, कोलड्रिंक्स, मदिार तथा लज समेत भएको होटल | | ५०००.० |
| ९ | सुन चाँदी एवं सो को गहना बनाई विकि गर्ने कालिगड पसल (क) | | ३०००.० |
| १० | सुन चाँदी एवं सो को गहना बनाई विकि गर्ने कालिगड पसल (ख) | | २०००.० |
| ११ | भ्याटमा दर्ता भएको हार्डवयर पसल | ३०००.० | ३५००.० |
| १२ | भ्याटमा दर्ता नभएको हार्डवयर पसल | १५००.० | २०००.० |
| १३ | मार्वल टायल पसल | २०००.० | ३०००.० |
| १४ | विजुलीका सामान मात्र विकि गर्ने पसल | १०००.० | १५००.० |
| १५ | ग्याँस डिलर विक्रेता | | १५००.० |
| १६ | टेलिभिजन, मोवाइल, फ्रिज, टेलिफोन, पंखा, आइरन, घडी, क्यामेरा, इलेक्ट्रिक सामानहरूको पसल | | |
| | क. चालु पूँजी ५ लाख भन्दा कम | १०००.० | १५००.० |
| | ख. चालु पूँजी ५ लाख भन्दा बढी | | २५००.० |
| १७ | कम्प्यूटर, प्रिण्टर, फोटोकपी सम्बन्धी विकि तथा मर्मत गर्ने पसल | | |
| | क. चालु पूँजी ५ लाख भन्दा कम | | १५००.० |
| | ख. चालु पूँजी ५ लाख भन्दा बढी | | २५००.० |
| १८ | रडियो, घडी, टेप रेकर्डर, मर्मत गर्ने पसल | | ५००.० |
| १९ | सि.डि. चक्का बेच्ने पसल | | ५००.० |
| २० | किराना पसल | | |
| | क. घुम्ति तथा कटघरामा रहेका साना पसल | | ३००.० |
| | ख. चालु पूँजी १ लाख भन्दा कम भएका | | १०००.० |
| | ग. चालु पूँजी १ लाख देखि ५ लाख सम्म | | १५००.० |
| | घ. चालु पूँजी ५ लाख देखि १० लाख सम्म | | २५००.० |
| | ङ. चालु पूँजी १० लाख देखि २० लाख सम्म | | ३०००.० |
| | च. चालु पूँजी २० लाख देखि ५० लाख सम्म | | ५०००.० |
| | छ. चालु पूँजी ५० लाख भन्दा माथि | | ७०००.० |
| २१ | कपडा पसल तथा रेडिमेड कपडा पसल | | |
| | क. चालु पूँजी १ लाख भन्दा कम भएका | | १०००.० |

| | | | |
|---|---|---|---|
| | ख. चालु पूँजी १ लाख देखि ५ लाख सम्म | | १५००.० |
| | ग. चालु पूँजी ५ लाख देखि १० लाख सम्म | | २०००.० |
| | घ. चालु पूँजी १० लाख देखि २० लाख सम्म | | ३०००.० |
| | ङ. चालु पूँजी २० लाख देखि ५० लाख सम्म | | ५०००.० |
| | च. चालु पूँजी ५० लाख भन्दा माथि | | ८०००.० |
| २२ | सवारी साधन विक्रेता (गाडी, ट्रक र ट्याक्टर) | | ७०००.० |
| २३ | सावरी साधन विक्रेता (मोटरसाईकल, स्कुटर र सो सम्बन्धी पार्ट पुर्जा | | ४०००.० |
| २४ | रिक्सा तथा साईकल विक्रि गर्ने पसल | | २५००.० |
| २५ | ई रिक्सा तथा अटो रिक्सा सम्बन्धी पार्ट्स बेच्ने पसल | | २०००.० |
| २६ | मोटरसाईकल, ई रिक्सा मर्मत गर्ने पसल | | १५००.० |
| २७ | रिक्सा तथा साईकल मर्मत गर्ने पसल | | ६००.० |
| **विशेषज्ञ, निजी फर्म तथा सेवा** | | | |
| २८ | चिकित्सक | २०००.० | २०००.० |
| २९ | कविराज | १०००.० | १०००.० |
| ३० | इन्जिनियरिङ सेवा | ३०००.० | ३०००.० |
| ३१ | कानूनी पारमर्श मात्र | २०००.० | २०००.० |
| ३२ | लेखापरिक्षण सेवा | २०००.० | २०००.० |
| ३३ | दन्त चिकित्सक | २०००.० | २०००.० |
| ३४ | अनुसन्धानकर्ता तथा परामर्शदाता | १५००.० | १५००.० |
| ३५ | कम्प्यूटर एनालिष्ट तथा प्रोग्रामर | १५००.० | १५००.० |
| ३६ | सर्भेयर | १५००.० | १५००.० |
| ३७ | अनुवादक | १०००.० | १०००.० |
| ३८ | पशु चिकिन्सक | १०००.० | १०००.० |
| ३९ | शेयर दलाल | २०००.० | २०००.० |
| ४० | कन्सलटेन्सी | २०००.० | २०००.० |
| ४१ | सामान ढुवानीकर्ता तथा कम्पनी | २०००.० | २०००.० |
| ४२ | संस्थागत पेण्टर | | |
| | क. अन्य पेण्ट वा आटिङ | | ५००.० |
| | ख. फ्लेक्स प्रिण्टिङ | | ५००.० |
| ४३ | निर्माण व्यवसाय | | |
| | क श्रेणी | | ५०००.० |
| | ख श्रेणी | | ४०००.० |
| | ग श्रेणी | | ३०००.० |
| | घ श्रेणी | | १५००.० |
| ४४ | पशुपन्छी फर्म लगानीको आधारमा | | |
| | क. १ लाख सम्म लगानी भएको | | १०००.० |

| | | | |
|---|---|---|---|
| | ख. १ लाख एक रुपैयाँ देखि ३ लाख सम्म | | १५००.० |
| | ग. ३ लाख एक रुपैयाँ देखि ५ लाख सम्म | | २०००.० |
| | घ. ५ लाख एक रुपैयाँ देखि २० लाख सम्म | | २५००.० |
| | ङ. २० लाख एक रुपैयाँ देखि १ करोड सम्म | | ३५००.० |
| | च. १ करोड एक रुपैयाँ देखि ५ करोड सम्म | | ४०००.० |
| | छ. ५ करोड एक रुपैयाँ देखि बढी जतिसुकै भए पनि | | ५०००.० |
| ४५ | कृषि फर्म लगानीको आधारमा | | |
| | क. १ लाख सम्म लगानी भएको | | ५००.० |
| | ख. १ लाख एक रुपैयाँ देखि ३ लाख सम्म | | १०००.० |
| | ग. ३ लाख एक रुपैयाँ देखि ५ लाख सम्म | | १५००.० |
| | घ. ५ लाख एक रुपैयाँ देखि २० लाख सम्म | | २०००.० |
| | ङ. २० लाख एक रुपैयाँ देखि १ करोड सम्म | | २५००.० |
| | च. १ करोड एक रुपैयाँ देखि ५ करोड सम्म | | ३०००.० |
| | छ. ५ करोड एक रुपैयाँ देखि बढी जतिसुकै भए पनि | | ५०००.० |
| ४६ | सेवा उद्योग | | |
| ४६ | छापाखाना मू.अ. करमा दर्ता भएको | | २०००.० |
| ४७ | अपसेट प्रेस भएकालाई | १५००.० | १५००.० |
| ४८ | टेडल मेसिन भएकालाई | १०००.० | १०००.० |
| ४९ | स्किन प्रिण्ट तथा स्ट्याम्प बनाउनेलाई | १०००.० | १०००.० |
| ५० | डिजिटल फोटो कलर ल्याव | २०००.० | २०००.० |
| ५१ | फोटो स्टुडियो, भिडियोग्राफि मिक्सिङ ल्याव समेत | १०००.० | १०००.० |
| ५२ | चलचित्र घरमा | २०००.० | २०००.० |
| ५३ | जादु, सर्कस, थिएटर, संगित तथा मनोरञ्जनहल प्रति दिन | २०००.० | २०००.० |
| ५४ | बेण्ड बाजा | ५००.० | ५००.० |
| ५५ | टेण्ट हाउस र विजुली डेकोरेसन | २०००.० | २०००.० |
| | सञ्चार उद्योग व्यवसाय | | |
| ५६ | सञ्चार कम्पनीले मोवाईलटावर राखी सेवा सञ्चालन गर्दा मोवाईल कम्पनिको कार्यालयलाई | ७०००.० | ७०००.० |
| ५७ | स्थानीय एफ एम रेडियो सञ्चालनमा | २०००.० | २०००.० |
| ५८ | टेलिफोन, फ्याक्स, फोटोकपि, लेमिनेसन, स्पाईरल बाईन्डिङ | १०००.० | १०००.० |
| ५९ | इन्टरनेट सर्भिस प्रोभाईडरलाई | ४०००.० | ४०००.० |
| ६० | इन्टरनेट इमेल भएका साइबर क्याफे | १०००.० | १०००.० |
| ६१ | कुरियर सेवा | ३००.० | ३००.० |
| ६२ | प्रकासन तथा पत्र पत्रिका | १०००.० | १०००.० |
| ६३ | मोवाइल मर्मत गर्ने पसल | १०००.० | १०००.० |
| ६४ | मोवाइलको सिम तथा रिचार्ज विक्रि गर्ने पसल | १०००.० | १०००.० |
| | **बैंक तथा वित्तीय संस्था** | | |
| ६५ | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका बाहेक आर्थिक कारोवार | १५०००.० | १५०००.० |

| | | | |
|---|---|---|---|
| | गर्ने क श्रेणीका बैक तथा बित्तीय संस्था | | |
| ६६ | नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका बाहेक आर्थिक कारोवार गर्ने ख श्रेणीका बैक तथा बित्तीय संस्था | | १२०००.० |
| ६७ | आर्थिक कारोवार गर्ने वित्तीय कम्पनीको मूख्य कार्यालय | | ७०००.० |
| ६८ | वित्तीय कम्पनीको शाखा कार्यालय (माईको फाईनान्स बाहेक) | | ३५००.० |
| ६९ | लघुबित्त (माईको फाईनान्स) | | १००००.० |
| ७० | वीमा कम्पनी | ७०००.० | ७०००.० |
| ७१ | विदेशी मुद्रा सटही | १५००.० | १५००.० |
| ७२ | धितोपत्र कारोबार | २०००.० | २०००.० |
| ७३ | सवै सहकारी १ करोड भन्दा माथि कारोबार भएको | १२०००.० | १२०००.० |
| ७४ | सवै सहकारी १ करोड सम्म कारोबार भएको | ७०००.० | ७०००.० |
| ७५ | मनि ट्रान्सफर कारोवारमा | २०००.० | २०००.० |
| ७६ | **स्वास्थ्य सेवा** | | |
| | क. अस्पताल तथा नर्शिङ होम प्रति सैया | | १०००.० |
| | ख. डायगोनोस्टिक सेन्टर (ल्याव) प्रति सेवा | | १५००.० |
| | ग. पोलिक्लिनिक/क्लिनिक प्रति सेवा | | १५००.० |
| | घ. आयुर्वेद अस्पताल/बैकल्पिक चिकिन्सा प्रति सेवा | | ५००.० |
| | ङ. आयुर्वेद क्लिनिक प्रति सेवा | | ५००.० |
| ७७ | दन्त क्लिनिक | ४०००.० | ४०००.० |
| ७८ | औषधी पसल मात्र | | ३०००.० |
| ७९ | औषधी पसल तथा क्लिनिक र ल्याव समेत | | ५०००.० |
| | **शिक्षा सेवा निजी क्षेत्र** | | |
| | क. उच्च मा.वि. सहित | १००००.० | १००००.० |
| | ख. माध्यमिक विद्यालय | ८०००.० | ८०००.० |
| | ग. आधारभुत विद्यालय | ७०००.० | ७०००.० |
| ८० | सिभिल ईन्जिनियर, ओभरसियर, सव ओभरसियर, अमिन, अहेव निजी स्तरका | ३०००.० | ३०००.० |
| ८१ | स्टाफ नर्स पढाई हुने संस्था | ७०००.० | ७०००.० |
| ८२ | ड्राइभिङ प्रशिक्षण केन्द्र | २०००.० | २०००.० |
| ८३ | कम्प्यूटर भाष प्रशिक्षण केन्द्र | | १५००.० |
| ८४ | शिक्षा तालिम अनुशन्धान केन्द्र | | ३३००.० |
| ८५ | शिक्षा परामर्श सेवा | | ५५००.० |
| ८६ | बैदेशिक रोजगार केन्द्रिय कार्यालय | | १५०००.० |
| ८७ | सेवा बैदेशिक रोजगार शाखा कार्यालय | | ६०००.० |
| | **अन्य व्यवसाय** | | |
| ८८ | घरजग्गा खरिद विक्रि सेवा | | १५०००.० |
| ८९ | व्यूटी पार्लर, सैलुन, ड्राईक्लिनर्स | १०००.० | १०००.० |
| ९० | फोटो स्टुडियो, सिलाई | २०००.० | २०००.० |

| | | | |
|---|---|---|---|
| ९१ | साईनबोर्ड पेण्टिङ | २०००.० | २०००.० |
| ९२ | **मासु विक्रेता** | | |
| | क. खसी | १०००.० | १०००.० |
| | ख. रागा र सुँगुर | १०००.० | १०००.० |
| | ग. माछा | ३००.० | ३००.० |
| | घ. कुखुरा हाँस आदी | | ५००.० |
| ९३ | **भाँडाकुडा विक्रेता** | | |
| | क. १ लाख सम्म चालु पूँजी | | १०००.० |
| | ख. १ लाख देखि ५ लाख सम्म चालु पूँजी | | १५००.० |
| | ग. ५ लाख देखि १० लाख सम्म चालु पूँजी | | २०००.० |
| | घ. १० लाख देखि माथि चालु पूँजी | | ४०००.० |
| ९४ | नर्सरी (फलफूलका विरुवा बिक्रि गर्ने) | ३००.० | ३००.० |
| ९५ | काठको फर्निचर उद्योग | ४०००.० | ४०००.० |
| ९६ | स्टिल फर्निचर उद्योग | २०००.० | २०००.० |
| ९७ | सोफा तथा फर्निचर उद्योग | १०००.० | १०००.० |
| ९८ | मोटरसाईकल सोरुम | २०००.० | २०००.० |
| ९९ | लुगा सिउने सम्बन्धी सामान बेच्ने पसल | १०००.० | १०००.० |
| १०० | गिफ्ट उपहार, सजावटका सामान बेच्ने पसल | १०००.० | १०००.० |
| १०१ | केवल नेटवर्किङ | २०००.० | ४०००.० |
| १०२ | डिसहोम डिलर | | १५००.० |
| १०३ | जुत्ता चप्पल | | |
| | क. जुत्ता चप्पल विक्रेता | १०००.० | १०००.० |
| | ख. जुत्ता चप्पल बनाएर बेच्ने विक्रेता | १०००.० | १०००.० |
| १०४ | सब्जि पसल | | १२००.० |
| १०५ | सिसा पसल | | १५००.० |
| १०६ | सिलाई पसल | १२००.० | |
| १०७ | एग्रो सेन्टर | ३५००.० | |
| १०८ | पेट्रल पम्प | १५०००.० | |
| १०९ | चस्मा पसल | १०००.० | |
| ११० | ईटा उद्योग | १५०००.० | |
| १११ | सिमेण्ट कन्क्रिट इटा, खम्बा, टायल, पिलर, भेन्टिलेसन उद्योग | ३०००.० | |
| ११२ | कंक्रिट ह्यूमपाईपा तथा सिमेण्ट पोल बनाउने उद्योग | १००००.० | १००००.० |
| ११३ | व्यवसायीक अगरबत्ती उद्योग | १०००.० | १०००.० |
| ११४ | ग्रिल, सटर बनाउने उद्योग (क) | २०००.० | २०००.० |
| ११५ | दालमोठ, भुजीय, पापड उद्योग | १०००.० | १०००.० |
| ११६ | कस्मेटिक श्रृंगारका सामान बेच्ने पसल | १५००.० | १५००.० |
| ११७ | फलफूल तरकारी पसल (स्थायी रुपमा विक्रि गर्ने) | १५००.० | १५००.० |
| ११८ | स्टेसनरी तथा पुष्तक पसल | १५००.० | १५००.० |

| | | | |
|---|---|---|---|
| ११९ | विभिन्न किसिमका मिठाई, चाट तथा चिया नास्ता पसल | १०००.० | १०००.० |
| १२० | विभिन्न किसिमका खाजा चिया नास्ता ठेलामा बेच्ने पसल | ३००.० | ३००.० |
| १२१ | अण्डाको थोक विक्रेता | १०००.० | १०००.० |
| १२२ | व्याग बनाएर बेच्ने पसल | १०००.० | १०००.० |
| १२३ | सवारी साधनको बडी बनाउने | ५०००.० | ५०००.० |
| १२४ | सवारी साधनको डेन्टिङ पेन्टिङ गर्ने | १०००.० | १०००.० |
| १२५ | टायर रिसोलिङ, टायर ट्यूव मर्मत र हावा भर्ने | १०००.० | १०००.० |
| १२६ | ग्याँस वेल्डिङ र रेडिवाटर मर्मत समेत गर्ने | १०००.० | १०००.० |
| १२७ | ब्याट्रि मर्मत तथा इलेक्ट्रिक मेसिन राखि ब्याट्रि चार्ज लगायतका काम गर्ने | १०००.० | १०००.० |
| १२८ | साईकल रिक्सा मर्मत गर्ने पसल | ३००.० | ३००.० |
| १२९ | सिलाई मेसिन मर्मत गर्ने | ३००.० | ३००.० |
| १३० | साईनबोर्ड, पेण्ट, वालपेण्ट, होडिङबोर्ड, नम्बर प्लेट लेख्ने | २०००.० | २०००.० |
| १३१ | बरफ उद्योग (आईस्कृम उत्पादन गर्ने समेत) | १०००.० | १०००.० |
| १३२ | हेयर कटिङ गर्ने सैलुन | ५००.० | ५००.० |
| १३३ | पाउरोटी उद्योग | १०००.० | १०००.० |
| १३४ | कवाडी खरिद विक्रि पसल | २०००.० | २०००.० |
| १३५ | टेलरिङ सेवा | ५००.० | ५००.० |
| १३६ | आलु, प्याज, खोर्सानी, लसुन, हर्दी, जिरा, धनिया आदीको थोक विक्रेता | १०००.० | १०००.० |
| १३७ | मलखाद, विउ विजन, किटनासक औषधी पसल विक्रेता | १०००.० | १०००.० |
| १३८ | व्यवसायीक मैन बत्ती उद्योग | १०००.० | १०००.० |
| १३९ | सर्फ उद्योग | २००० | २००० |
| १४० | सावुन उद्योग | २००० | २००० |
| १४१ | पानी उद्योग | १५००.० | १५००.० |
| १४२ | फलाम पिटि कृषि तथा घरेलु औजार तयार गरी विक्रि गर्ने पसल | १५००.० | १५००.० |
| १४३ | उद्योग तथा कम्पनिको एजेन्सी (अधिकृत विक्रेता कारोवार गर्ने) | १५००.० | १५००.० |
| १४४ | अटोपार्टर्स तथा मर्मत वर्कसप | | |
| | क. ट्याक्टर र ट्रक | | ६५००.० |
| | ख. लाईट भ्याकल | | ५५००.० |
| | ग. मोटरसाईकल | | ४५००.० |
| १४५ | मील कुटानी, पिसानी, पेलानी | | |
| | क. ५ हर्सपावर सम्म | | १२००.० |
| | ख. ५ हर्सपावर भन्दा बढी प्रति हर्सपावरका दरले थप हुने | | ५०.० |
| १४६ | व्यवसायीक टेलिफाने प्रति टावर वार्षिक | | ३५००.० |
| १४७ | कम्प्यूटर प्रशिक्षण केन्द्र | | ४०००.० |
| १४८ | होष्टेल (शैक्षिक संस्था बाहेक) | | ३३००.० |
| १४९ | विदेशी भाषा (एक भाषा) तालिम केन्द्र | | १५०००.० |

| | | | |
|---|---|---|---|
| १५० | प्रति दोश्रो भाष थप्दै लैजाने | | २५००.० |
| १५१ | ट्यूसन सेण्टर | | ६०००.० |
| १५२ | ट्यूसन सेण्टर (भाष तालिम सहित) | | १५०००.० |
| | | | |
| १५३ | क. ट्रक प्रति दिन | | ३००.० |
| १५४ | ख. पिकअप प्रति दिन | | २००.० |
| १५५ | ग. भ्यान प्रति दिन | | १००.० |
| १५६ | घ. घुमन्ते व्यापारी प्रतिदिन | | ५०.० |
| १५७ | बहान अभिलेखिकरण दस्तुर | | |
| | क. स्थानीय ब्याकहु लोडर व्यवसाय | | ६०००.० |
| | ख. बाह्य ब्याकहु लोडर व्यवसाय | | ७०००.० |
| | ग. स्थानीय स्काईभेटर सेवा व्यवसाय | | ८०००.० |
| | घ. बाह्य स्काईभेटर सेवा व्यवसाय | | ९०००.० |
| | ङ. स्थानीय रोलर | | ५०००.० |
| | च. बाह्य रेलार | | ६०००.० |
| | ज. जिप भ्यान यातायात सेवा | | १०००.० |
| १५८ | यातायात व्यवसाय, ट्याक्टर, पानी ट्याङ्कर | | २५००.० |
| १५९ | यातायात व्यवसाय बस, ट्रक | | ३५००.० |
| | **उद्योगहरूकालागि व्यवसाय कर** | | |
| १६० | लघु उद्योग | | ५००.० |
| १६१ | घरेलु उद्योग | | १०००.० |
| १६२ | साना उद्योग | | ५०००.० |
| १६३ | मझौला उद्योग | | १५०००.० |
| १६४ | ठूला उद्योग | | ५००००.० |

१. व्यवसाय कर सङ्कलन प्रयोजनकालागि माथि उल्लेखित व्यवसायको प्रकृति र दररेट दोहोरो परको रहेछ भने सवै भन्दा बढी दर रेट कायम भएको मानि व्यवसाय कर सङ्कलन गरिनेछ।

२. माथि उल्लेखित कारोवारमा नपरेका शिर्षकहरू छुट्न गएमा नगरपालिकाको बोर्ड बैठकले कारोवार हेरी रु १,०००।० देखि रु १०,०००।० सम्मको रकम असुल उपर गर्न सक्नेछ।

### १.६ मनोरञ्जन कर

| क.सं | विवरण | स्वीकृत दर रु |
|---|---|---|
| १ | प्रवेश शुल्क लाग्ने मनोरञ्जनात्मक व्यवसायीक मिनि मेला, व्यवसायीक मेला तथा खेलकुद लगायतकालागि (प्रति टिकट) | ५.० |
| २ | नगरपालिका बाट स्वीकृत लिई सञ्चालन हुने मनोरञ्जनात्मक व्यवसायीक मिनि मेला, व्यवसायीक मेला तथा खेलकुद लगायतकालागि न्यूनतम ५ दिन सम्मकालागि | ५०००.० |
| | नगरपालिका बाट स्वीकृत लिई सञ्चालन हुने मनोरञ्जनात्मक व्यवसायीक मिनि मेला, व्यवसायीक मेला तथा खेलकुद लगायतकालागि ५ दिन भन्दा बढीकालागि प्रति दिन थप | १५००.० |

### १.७ विज्ञापन कर

| क.सं | विवरण | इकाई | स्वीकृत दर रु |
|---|---|---|---|
| १ | इलेक्ट्रोनिक विज्ञापन सामाग्रि | प्रति बर्ग फुट | ६५.० |
| २ | होडिङ बोर्ड | प्रति बर्ग फुट | ६०.० |
| ३ | डि.पि.एस. बोर्ड | प्रति बर्ग फुट | ५०.० |
| ४ | भित्ते लेखन | प्रति बर्ग फुट | २५.० |
| ५ | व्यानर प्रति गोटा | प्रति हप्ता | २५.० |
| ६ | प्रचार प्रसार गर्ने भेन गाडी | प्रति दिन | २५०.० |
| ७ | गेट राख्न कार्यालय बाट स्वीकृत लिएर | प्रति गोटा | ७००.० |
| ८ | भेन गाडीमा राखेर गरिने माईकिङ व्यवसायीक प्रयोजनकालागि | प्रति दिन | २००.० |

वार्षिक न्यूनतम ठेक्का अङ्क रु ५०,०००।०

१. कार्यालय, औद्योगिक तथा व्यापारिक प्रतिष्ठान र कुनै पनि संघ संस्थाले पहिचानकालागि (विज्ञापन प्रयोजन बाहेक) राखिने ३ फिट चौडाई र ६ फिट लम्बाई नाप भएको बोर्ड, फ्ल्याक्स प्रिण्ट र लिड बोर्ड भए १.५ फिट चौडा र ३ फिट लम्बाई नाप भएका बोर्डहरूको विज्ञापन कर लाग्ने छैन

२. नगरपालिका बाट राखिएका सौर्य सडक बत्तीका पोल (बिजुलिको स्टिल पोल हाईटेन्सन बाहेक) तथा टेलिफोनको पोलहरू प्रयोग गरी गरिने विज्ञापन समावेश गरिएको छैन

३. पोलमा राखिने विज्ञापनको नाप २ x २.५ फिट भन्दा ठूलो राख्न पाईने छैन । प्रति पोलमा बढीमा २ वटा सम्म राख्न पाईनेछ । प्रति विज्ञापनको प्रति गोटा वार्षिक रु १०००।० का दरले लिईनेछ ।

## २ गैरकर तर्फ

### २.१ बहालविटौरी शुल्क

| क.सं. | हाटबजार सेवा शुल्क | आ.व. २०७७/७८ को दर रेट रु | आ.व. २०७८/७९ कालागि स्वीकृत दर रेट रु |
|---|---|---|---|
| १ | खाटमा फिजाई कपडा पसल ठूलो | ३०.० | ३०.० |
| २ | कपडा पसल सानो | १५.० | १५.० |
| ३ | हाटमा रेडिमेड (विदेशि कपडा समेत) बेच्ने | ३०.० | ३०.० |
| ४ | रेडिमेड कपडा (सुती कपडा, गन्जी आदी ) बेच्ने | १५.० | १५.० |
| ५ | किराना पसल चिनी, दाल, जिरा, मटर, चिया रङ्ग, सावुन, सलाई आदी बेच्ने | ३०.० | ३०.० |
| ६ | किराना पसल सानो | २०.० | २०.० |
| ७ | किताव पसल | १५.० | १५.० |
| ८ | चिया र मिठाई, प्याज, ढुंग्रि बेच्ने पसल | १५.० | १५.० |
| ९ | चिया | १५.० | १५.० |
| १० | थोक सब्जि विक्रेता | ३०.० | ३०.० |
| ११ | खुद्रा सब्जि विक्रेता | १५.० | १५.० |
| १२ | पल्ला बाट खाद्यान्न खरिद विकि | २०.० | २०.० |
| १३ | जुत्ता चप्पल विकि गर्ने पसल | २०.० | २०.० |

| | | | |
|---|---|---|---|
| १४ | नरीवल, आँप, लिचि आदी वेच्ने पसल | १५.० | १५.० |
| १५ | माछा काटेर वेच्ने पसल | १५.० | १५.० |
| १६ | सिद्रा वेच्ने पसल | १०.० | १०.० |
| १७ | खसिको मासु वेच्ने पसल | ५०.० | ५०.० |
| १८ | कुखुराको मासु वेच्ने पसल | १५.० | १५.० |
| १९ | राँगा, सुँगुर, बँगुरको मासु वेच्ने पसल | ३०.० | ३०.० |
| २० | हाटबजारमा काँटा राखि खरिद विकि गर्नेलाई | ५०.० | ५०.० |
| २१ | पान चुरोट बिकि गर्ने पसल | १५.० | १५.० |
| २२ | जुत्ता, चप्पल, छाता, लाईटर मर्मत गर्ने पसल | ३०.० | ३०.० |
| २३ | दही वेच्ने पसल | ३०.० | ३०.० |
| २४ | चामल वेच्ने पसल | १५.० | १५.० |
| २५ | लोहाको सामान वेच्ने पसल | २०.० | २०.० |
| २६ | लुगा सिउने पसल | १०.० | १०.० |
| २७ | भाँडाकुडा (स्टिल, सिल्भर र झर्काको सामान) वेच्ने पसल | २०.० | २०.० |
| २८ | विस्कुट, सावन पसल | २०.० | २०.० |
| २९ | चना, चटपटे, छोला पसल | ३०.० | ३०.० |
| ३० | चिउरा, मुरई पसल | २०.० | २०.० |
| ३१ | हाँस कुखुरा वेच्ने (प्रति गोटा) | १०.० | १०.० |
| ३२ | परेवा बेच्ने सँग प्रति जोडी | ३०.० | ३०.० |
| ३३ | डोको, नाम्लो, कुचो पसल | ३०.० | ३०.० |
| ३४ | माटोको भाँडा पसल | १५.० | १५.० |
| ३५ | बाँस विकि प्रति गोटा | १०.० | १०.० |
| ३६ | हाटमा फिजाई श्रृङ्गारका सामान बेच्ने पसल | ३०.० | ३०.० |
| ३७ | चुरा, टिका मात्र बेच्ने साना व्यापारिलाई | १५.० | १५.० |
| ३८ | फाटा कम्पनिको कपडा विकि गर्ने पसल | १५.० | १५.० |
| ३९ | आलुको बिउ विकि गर्ने लाई | ७०.० | ७०.० |
| ४० | बजारमा नियमित फलफूल विकि गर्नेलाई | ३०.० | ३०.० |
| ४१ | हाटको दिन मात्र फलफूल बेच्ने पसल | १५.० | १५.० |
| ४२ | गहुँको विउ १ बोरा भन्दा बढी विकि गर्ने पसल | २०.० | २०.० |
| ४३ | गहुँको विउ १ बोरा भन्दा कम विकि गर्ने पसल | १०.० | १०.० |
| ४४ | कुखुरा खरिद गरी लानेलाई प्रति गोटा | ५.० | ५.० |
| ४५ | चुर, कागज र सूर्ती पसल | १०.० | १०.० |
| ४६ | प्रचार प्रसार गरी दवाई बेच्ने पसल | ७०.० | ७०.० |
| ४७ | प्लाष्टिकको भाँडा बर्तर खेलौना बिकि गर्ने पसल | ३०.० | ३०.० |
| ४८ | जुट बाट निर्मित झल्ला विकि गर्ने पसल | १०.० | १०.० |
| ४९ | घडी रेडियो आदी ईलेक्ट्रोनिक सामान बिकि गर्ने पसल | ३०.० | ३०.० |
| ५० | माछा निकासी प्रति के.जी. | १०.० | १०.० |
| ५१ | लोकल माछा बेच्ने सँग | १०.० | १०.० |

| | | | |
|---|---|---|---|
| ५२ | बजारमा बसी कपाल काट्ने हजाम सँग | १०.० | १०.० |
| ५२ | पशु खरिद शुल्क खरिद कर्ता बाट प्रति सयकडा | ३.० | ३.० |

साप्ताहिक तथा दैनिक हटियामा सञ्चालन हुने कुनै किसिमका पसल सार्वजनिक सडकमा अवरुद्ध हुनेगरी राख्न पाईने छैन

द्रष्टब्य:

क) माथि उल्लेख हुन छुट भएका अन्य सामाग्रिहरूको हकमा व्यापारको प्रकृति हेरी नगरपालिकाको कार्यालयले आवश्यक शुल्क लगाउन सक्नेछ ।

गौरादह नगरपालिका नगर कार्यपालिकाको आन्तरिक आय बन्दोबस्त गर्न आ.व. २०७८/७९ कालागि पशुहाट हाटबजार पोखरी ठेक्काको न्यूनतम ठेक्का अङ्क देहाय बमोजिम कायम गरिनेछ ।

| क.सं. | हाटबजारको नाम | न्यूनतम ठेक्का अङ्क रु |
|---|---|---|
| १ | गौरादह बजार (टहरा सहित) | ७५००००.० |
| २ | स्कुलचवन बजार (टहरा सहित) | २०००००.० |
| ३ | दामुना पशु बजार | १५६००००.० |
| ४ | ग्वालडुवा बजार | १५००००.० |
| ५ | बैगुनधुरा बजार | ५००००.० |
| ६ | दामुना बजार | १०००००.० |
| ७ | गौरादह बजारको टहराहरू प्रति हाट | ७५.० |
| ८ | स्कुलचवन बजार टहराहरू प्रति हाट | ४०.० |

स्कुलचवन बजारमा निर्माण भएको ७ वटा सटरहरू र पुराना सटरहरूको आ.व. २०७८/७९ कालागि प्रति सटर मासिक न्यूनतम भाडादर तपसिल अनुसार कायम गरिनेछ ।

| पूर्व तर्फका सटरको मासिक न्यूनतम भाडा | | पूर्व तर्फका पुरानो सटरको मासिक न्यूनतम भाडा | | पस्चिम तर्फका सटरको मासिक न्यूनतम भाडा | |
|---|---|---|---|---|---|
| सटर नं. | भाडा दर रु | सटर नं. | भाडा दर रु | सटर नं. | भाडा दर रु |
| १ | ३५००.० | १ | २५००.० | १ | २०००.० |
| २ | ३०००.० | २ | २५००.० | २ | १५००.० |
| ३ | ३०००.० | ३ | २५००.० | ३ | १५००.० |
| ४ | ३०००.० | | | ४ | १५००.० |
| ५ | ३०००.० | | | ५ | १५००.० |
| ६ | ३०००.० | | | ६ | १५००.० |
| ७ | ३०००.० | | | ७ | १५००.० |

**स्टलको भाडा दर**

गौरादह बजारमा रहेको भवनको कोठाहरूको न्यूनतम भाडा दर

| | |
|---|---|
| कोठा नं. १ देखि ६ सम्म प्रति कोठा | ३५००.० |
| वडा कार्यालय भवन छेउको टहराहरूको हकमा गत सालको भाडादर कायम गरिनेछ | सम्झौता भएको मिति बाट प्रत्येक २ बर्षमा बर्षमा १० प्रतिसतका दरले भाडा दर बृद्धि गरिनेछ । |

नगरपालिकाको स्वामित्वमा भएको जग्गाको र सरकारी ऐलेनी जग्गाको बहाल बिटौरी कर प्रति बर्ग फिट प्रति महिना

| क.सं. | बजार क्षेत्र | न.पा. को स्वामित्वमा रहेको | सरकारी पर्ती ऐलेनी जग्गा |
|---|---|---|---|
| १ | दामुना ग्वालडुवा बजार क्षेत्र | ५ | २ |
| २ | गौरादह बजार क्षेत्र | ७ | ३ |
| ३ | बैगुनधुरा, स्कुलचवन, चप्रामारी बजार क्षेत्र | ३ | १ |
| ४ | नगरपालिकाका अन्य क्षेत्र | १ | ०.७५ |

## २.२ सेवा शुक्ल दस्तुर प्रति पटककालागि

| क.सं. | शुल्क तथा दस्तुर लाग्ने विषय शिर्षक | आ.व. २०७७/७८ को दर रेट रु | आ.व. २०७८/७९ कालागि स्वीकृत दर रेट रु |
|---|---|---|---|
| | निवेदन सिफारीश नक्कल तथा बोलपत्र फारम विक्रिमा लाग्ने शुल्क | | |
| १ | निवेदन टिकट वापत | १५.० | १५.० |
| २ | नक्कल दस्तुर प्रति पाना | ४.० | ४.० |
| ३ | मूल्याङ्कन दस्तुर (अचल सम्पति) हजारमा | १.५० | १.५० |
| ४ | आय प्रमाणित दस्तुर प्रति हजार | २.० | २.० |
| ५ | गाउँब्लक जग्गाको लगत कायमको सिफारिस | ६००.० | ६००.० |
| ६ | जग्गा नामसारी, अंसबण्डाको सिफारीश (सर्जमिन सहित) | ६००.० | ६००.० |
| ७ | नगरपालिका क्षेत्र भित्रको घरबाटो प्रमाणित सिफारीशमा | ७००.० | ७००.० |
| ८ | जग्गाका चारकिल्ला प्रमाणित प्रति कित्ता | ६००.० | ६००.० |
| ९ | थप कित्ता | | |
| १० | टेलिफोन, खानेपानी, विद्युत सिफारीश | २५०.० | २५०.० |
| ११ | चारित्रीक प्रमाण पत्रको सिफारीश | २५०.० | २५०.० |
| १२ | थ्री फेज लाईनको सिफारीशमा | १५००.० | १५००.० |
| १३ | शिक्षण संस्थाको स्वीकृतिकालागि सिफारीशमा देहाय बमोजिमको दस्तुर लाग्नेछ | | |
| | क. पूर्व प्रा.वि. स्वीकृतिमा | २५००.० | २५००.० |
| | थप कक्षा अनुमती प्रति कक्षा | | |
| | सामुदायीक अध्ययन केन्द्रको सिफारीशमा | १५००.० | १५००.० |
| | प्रा.वि.स्तर सम्मको | ३०००.० | ३०००.० |
| | नि.मा.वि.स्तर सम्मको | ३५००.० | ३५००.० |
| | मा.वि.स्तर सम्मको | ७०००.० | ७०००.० |
| | उच्च मा.वि.स्तर सम्मको | १००००.० | १००००.० |
| १४ | सहुलियत दरमा ढुङ्गा, गिट्टी, बालुवा उपलब्ध गराउने सिफारीशमा | ६००.० | ६००.० |
| १५ | पुरानो घरको काठ दो मल्ला बिकि गरी निकासी वापतको | २५००.० | २५००.० |
| १६ | पुरानो घरको काठ भुंइतले बिकि गरी निकासी वापतको | ६००.० | ६००.० |
| १७ | सहुलियत दरमा सम्बन्धित निकायमा काठ उपलब्ध गराउनकालागि सिफारीश दस्तुर | ६००.० | ६००.० |

| | | | |
|---|---|---|---|
| १८ | नाता प्रमाणित नेपालीमा | ५००.० | ५००.० |
| १९ | नाता प्रमाणित अंग्रेजीमा | ६००.० | ६००.० |
| २० | पेन्सन प्रयोजनको सिफारीश | १२००.० | १२००.० |
| २१ | जन्म, विवाह, अविवाहित र कर चुक्ता प्रमाणित | ५००.० | ५००.० |
| २२ | दर्ता पञ्जिकरण वाहेकका व्यक्तिगत घट्ना प्रमाणिकरण र कन्सुलर प्रमाणिकरण | | ५००.० |
| २३ | शहरी क्षेत्र भित्रको घडेरी जग्गामा मोहि लगत कट्टा सिफारीश | १५००.० | १५००.० |
| २४ | खेतियोग्य जग्गामा मोहि लगत कट्टा सिफारीश | ६००.० | ६००.० |
| २५ | छुट जग्गाको दर्ताको सिफारीश दस्तुर प्रति कट्ठा | ६००.० | ६००.० |
| २६ | नागरीकता प्राप्ति तथा सो को सिफारीश प्रतिलिपि | ३००.० | ३००.० |
| २७ | अन्य सिफारीश गर्दा (मूल्य नखुलेको भएमा) | ३००.० | ३००.० |
| २८ | बिटौरी जग्गा रोक्का गर्दा (नेपाल सरकार तथा अदालत बाहेक) | ६००.० | ६००.० |
| २९ | रिक्सा चालक मजदुर परिचय प्रमाण पत्र दस्तुर | १००.० | १००.० |
| ३० | जग्गा धनी प्रमाण पूर्जामा फोटो टाँसी तीन पुस्ते कायमको सिफारीश | ५००.० | ५००.० |
| ३१ | नाम संशोधनको सिफारीश | ३००.० | ३००.० |
| ३२ | जग्गाको भोगचलनको सिफारीश | ६००.० | ६००.० |
| ३३ | जन्म तथा बसोबासको सिफारीश | ३००.० | ३००.० |
| | **उद्योग धन्दा नामसारीको सिफारीश देहाय बमोजिम दस्तुर लाग्नेछ** | | |
| १ | आधुनिक ठूलो उद्योग | १००००.० | १००००.० |
| | आधुनिक मझौला उद्योग | ५५००.० | ५५००.० |
| | आधुनिक साना उद्योग | ३०००.० | ३०००.० |
| | अन्य साना तथा घरेलु उद्योग | १५००.० | १५००.० |
| २ | उद्योग धन्दाको सर्जमिन मुचुल्का गरी घरेल तथा साना उद्योग कार्यालय तथा अन्यमा पठाउँदा | २०००.० | |
| ३ | व्यापार व्यवसाय नामसारी दस्तुर | १५००.० | १५००.० |
| ४ | ठेक्का पट्टाको इजाजत पत्र सिफारीश दस्तुर | २५००.० | २५००.० |
| ५ | मोवाइल टावर निर्माण इजाजतमा | ३०००.० | ३०००.० |
| ६ | श्रेस्तामा घर कायम गराउदा सिफारीश दस्तुर | ६००.० | ६००.० |
| ७ | आगलागि बाट क्षति पुगेका उद्योग धन्दाकालागि काठको सिफारीश | १५००.० | १५००.० |
| ८ | पेट्रलपम्प स्थापनाको सिफारिस | १५०००.० | १५०००.० |
| ९ | न.पा. बाट उपलब्ध गराईने आवेदन फारम एकको | १५.० | १५.० |
| | **अमिन सेवा शुल्क** | | |
| १ | आवासीय क्षेत्रको लागि घडेरी नापजाँच गर्नु परेमा प्रति धुर | | २००.० |
| २ | घर नक्सा पास तथा घर संरचना अभिलेखिकरण | | १५००.० |
| ३ | कृषि तथा कृषि व्यवसाय प्रयोजनकालागि | | |
| ३.१ | प्रति कत्तिाको १ विगाहा भन्दा घटीको | | ५००.० |
| ३.२ | प्रति कत्तिाको १ विगाहा सम्म | | १०००.० |
| ३.३ | प्रति कत्तिाको २ विगाहा सम्म | | १५००.० |

| | | | |
|---|---|---|---|
| ३.४ | प्रति कत्तिाको ५ विगाहा सम्म | | २०००.० |
| ३.५ | प्रति कत्तिाको १० विगाहा सम्म | | ३०००.० |
| ३.६ | प्रति कत्तिाको १५ विगाहा सम्म | | ५०००.० |
| ३.७ | प्रति कत्तिाको १५ विगाहा भन्दा बढी | | ५००० मा प्रति कट्ठा ५०।० थप शुल्क लाग्नेछ |
| १ | घर जग्ग नामसारी सिफारीश | | |
| | क. १ विगाहा भन्दा घटी | | ३००.० |
| | ख. १ विगाहा सम्म | | ५००.० |
| | ग. २ विगाहा सम्म | | १०००.० |
| | घ. ५ विगाहा सम्म | | १५००.० |
| | ङ. १० विगाहा सम्म | | २०००.० |
| | च. १० भन्दा बढी विगाहा सम्म प्रति कट्ठा थप रु १५।० | | २५००.० |
| | छ. जग्गा नामसारी सर्जमिन मुचुल्का | | ५००.० |
| २ | जग्गा रजिष्ट्रेसन सिफारीशः मालपोतको रजिष्ट्रसन पास प्रयोजनकालागि तोकिएको न्यूनतम दररेट अनुसार घर बाटो सिफारीश | | |
| | क. अंस भरपाई प्रति व्यक्तिको लागि | | |
| ३ | पुरुष | | |
| ४ | महिला | | |
| | ख. राजिनामा पास | | |
| | ग. बकसपत्र/दृष्टिबन्धकी | | |
| | घ. घर मूल्याङ्कन रजिष्ट्रसनमा घरकोलागि मात्र | | |
| ५ | उल्लेखित सिफारीशको न्युनतम सिफारीश दस्तुर ५००।० भन्दा घटी हुने छैन | | |
| ६ | विवाहा दर्ता प्रमाणित | | |
| | क. २०३७ साल भन्दा अगाडिको विवाह वा अविवाहित प्रमाणित | | ५००.० |
| | ख. २०३७ साल पछाडिको | | ३००.० |
| | मृत्यू दर्ता प्रमाणित | | १००.० |
| ७ | चारित्रीक प्रमाण पत्रको सिफारीश | | ३००.० |
| ८ | सम्बन्ध विच्छेद प्रमाणित | | ७००.० |
| ९ | नरबढी तथा छुट जग्गा दर्ता सिफारिस | | ४०००.० |
| १० | निवेदन दर्ता टिकट वापतको दस्तुर | | १५.० |
| ११ | अंसियार प्रमाणित/सिफारीश दस्तुर | | ५००.० |
| १२ | धनीपूर्जामा घर कायम सिफारीश दस्तुर | | ३००.० |
| १३ | बसाई सरी जाँदा सामान लैजाने सिफारीश दस्तुर | | ५००.० |
| १४ | व्यवसाय बन्दको सिफारीश | | ५००.० |
| १५ | विभिन्न प्रयोजनकालागि सर्जमिन मुचुल्का | | ५००.० |
| १६ | व्यक्तिगत घट्ना दर्ता प्रमाण पत्रको प्रतिलिपि | | २००.० |

| | | | |
|---|---|---|---|
| १७ | व्यक्तिगत घट्ना दर्ताको प्रमाण पत्र सम्शोधन | | ५००.० |
| १८ | देवानी कानून सम्बद्ध सवै खालको लिखत बाहेकका अन्य कागजात प्रमाणित दस्तुर | | ५००.० |
| १९ | न्यायीक शुल्क तथा दस्तुर | | |
| क | सवै प्रकारका निवेदन दस्तुर प्रति निवेदन | | १०.० |
| ख | उजुरी वा फिराद दस्तुर वापत | | २००.० |
| ग | प्रतिलिपि दस्तुर प्रति पाना न्यायीक समितिको तर्फ बाट | | १५.० |
| घ | प्रतिलिपि दस्तुर प्रति पाना आफैले सारी लादा | | १०.० |
| ङ | लिफा दस्तुर प्रति पाना | | १०.० |
| च | टिकट दस्तुर वापतको रकम | | १०.० |
| छ | प्रति उत्तर दस्तुर प्रति पाना | | २००.० |
| ज | वकालत दस्तुर प्रति पाना | | |
| झ | फैसला प्रतिलिपि प्रति पाना | | १५.० |
| ञ | मेलमिलाप दस्तुर फिराद र प्रतिवाद दुवै पक्ष बाट छुट्टाछुट्टै | | ५००.० |
| | देवानी मुद्धामा न्यायीक शुल्क लिदा देवानी कार्यविधि संहिता २०७४ अनुसार लिन | | |
| | देहायको कुनै विषय र सो सँग सम्बन्धित मुद्धामा एकमुष्ठ<br>• रसिद र भर्पाइको दावी<br>• घर वा जग्गामा बसेकोलाई उठाई वा उठाउनु नपर्ने दावी<br>• बाँध पैनी कुलो बनाउन वा त्यस बाट पानी ल्याउन दिएन वा रोलक्रम मिची पानी लगाएको दावी<br>• निकास झ्याल ढोका खुल्ला वा बन्द, कौसी राख्ने, थप्ने वा बन्द गर्ने, घर बनाउँदा कानून बमोजिम छोड्नु पर्ने परिणामको जग्गा नछोडी बनाएको माग दावी<br>• सम्बन्ध विच्छेद<br>• आफ्नो घर वा बलेसी बाट अर्काको घर वा जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको विवादमा<br>• कोर्ट फी देवानी संहितामा उल्लेख भएको भन्दा ५० ५ घटी हुनेछ | | ५००।० |
| | लिखित प्रमाणिकरण दस्तुर घरायसी लेनदेनको ( वडा बाट हुने) | | |
| | ५००००।० सम्मको | | ५५०.० |
| | २०००००।० सम्मको | | ६५०.० |
| | २०००००।० भन्दा माथि | | १०००.० |
| | गैर सरकारी संस्था, समूह, सहकारी दर्ता वा नविकरण | | |
| | गैर सरकारी संस्था दर्ता | | १५००.० |
| | नविकरण | | |
| | आ.व. को आस्विन मसान्त सम्म | | १०००.० |
| | कार्तिक महिना देखि सो आ.व. को चैत्र मसान्त सम्म (थप) | | ३००.० |

| | | | |
|---|---|---|---|
| | चैत्र देखि आ.व. को अन्त्य सम्म (थप) | | ५००.० |
| | इजाजत प्रतिलिपि दस्तुर | | ३००.० |
| | गैर सरकारी संस्थाको विधान संशोधन स्वीकृति | | १०००.० |
| | समूह दर्ता सेवा शुल्क | | १०००.० |
| | समूह नविकारण | | |
| | आ.व. को आस्विन मसान्त सम्म | | ५००.० |
| | कार्तिक महिना देखि सो आ.व. को चैत्र मसान्त सम्म (थप) | | २५ % |
| | चैत्र देखि आ.व. को अन्त्य सम्म (थप) | | ५० % |
| | आ.व. समाप्त भएपछी २ बर्ष सम्म प्रत्येक आ.व.को थप शुल्कमा ( जरिवाना लाग्ने) | | १०० % |
| | इजाजत प्रतिलिपि दस्तुर | | २५०.० |
| | व्यवसाय नामसारी दस्तुर | | ५००.० |
| | सहकारी संस्थाको विधान संशोधन स्वीकृति, ठाउसारी दस्तुर | | ५००.० |
| २० | अनुसन्धान शुल्क/दस्तुर (गौरादह नगरपालिकाको राजश्वको अवस्था, सम्भावना र नगर क्षेत्र भित्रको जैविक विविधता तथा वन क्षेत्र भित्रका पतङ्ग सँग सम्बन्धित अनुसन्धानकर्ता/सोधकर्ता | | |
| | स्वदेशी अनुशन्धान कर्ता नगरपालिका भित्रका बासिन्दा | | १०००.० |
| | स्वदेशी अनुशन्धान कर्ता नगरपालिका बाहिरका बासिन्दा | | १५००.० |
| | विदेशी अनुशन्धान कर्ता सार्क मुलुक भित्रका (डलर) | | १००.० |
| | विदेशी अनुशन्धान कर्ता सार्क मुलुक बाहिरका (डलर) | | ३००.० |
| २१ | उद्योग दर्ता प्रयोजनकालागि धरौटी | | |
| | स्थिर पूँजी ५ लाख सम्म | | १०००.० |
| | स्थिर पूँजी १० लाख सम्म | | २०००.० |
| | स्थिर पूँजी २५ लाख सम्म | | ४०००.० |
| | स्थिर पूँजी ५० लाख सम्म | | ७०००.० |
| | स्थिर पूँजी १ करोड सम्म | | १००००.० |
| | स्थिर पूँजी १ करोड भन्दा माथि | | २००००.० |
